# नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA

» बिहीबार साउन ३, २०७५ » Thursday, July 19, 2018 » www.newsofnepal.com » नेसं ११३८ दिल्लाथ्व ७ » वर्ष २४, अंक १९० » पृष्ठ १२ » मूल्य रु १०/–



३ { सुस्मिन मिस मकवानपुर

५ { सर्वोच्चद्वारा ११ जना पदाधिकारी पुनर्बहाली

७ { जनसत्ताको लिखतले समस्या

१२ { अन्तर्राष्ट्रिय करियर समाप्त गर्दै शक्ति


# आज सम्पूर्ण स्वास्थ्य संस्था बन्द

भगवती तिमल्सिना, काठमाडौं

नेपाल चिकित्सक संघले प्राडा गोविन्द केसीको जीवन रक्षाको माग गर्दै आज बिहीबार देशभरका सरकारी तथा निजी स्वास्थ्य संस्थाका आकस्मिकबाहेक सबै सेवा बन्द गर्ने भएको छ।

संघले बुधबार पत्रकार सम्मेलन गरी सो कुराको जानकारी गराएको हो। संघका अनुसार आज सरकारी र निजी शिक्षण अस्पतालसहित नर्सिङहोम, क्लिनिकलगायतका सम्पूर्ण स्वास्थ्य संस्थामा आकस्मिक सेवाबाहेकका सम्पूर्ण स्वास्थ्य सेवा बन्द गरी दिउँसो १२ बजे माइतीघर मण्डलामा भेला गरिनेछ।

यति गर्दा पनि सरकार संवेदनशील नभए आकस्मिकबाहेकका सम्पूर्ण स्वास्थ्य सेवा अनिश्चित्कालसम्म बन्द गरिने संघको दाबी छ। असार १६ गतेदेखि जुम्लामा अनशनरत प्राडा केसीको जीवन रक्षाका निम्ति प्रधानमन्त्री, शिक्षामन्त्री, स्वास्थ्यमन्त्रीसहित दलका शीर्षस्थ नेतासँग अपिल गर्दासमेत सरकारले नटेरेको संघको आरोप छ। संघले सरकारद्वारा गठित वार्ता टोलीलाई पूर्ण अधिकार नदिई डा. केसीलाई जबर्जस्ती काठमाडौं ल्याउने प्रपञ्च मात्र रचिएको आशंका छ।

संविधान प्रदत्त नागरिकको स्वास्थ्य र शिक्षासम्बन्धी मौलिक हकका पक्षमा उठेको नागरिक आवाजलाई दबाउन खोज्ने र राज्यको तर्फबाट अफवाह फैलाउने कार्यप्रति संघले भर्त्सना र निन्दा गरेको छ। संघले प्रेस विज्ञप्तीमार्फत माथेमा आयोगको प्रतिवेदनअनुसारकै विधेयक ल्याउनुपर्ने माग राखी १९ दिनदेखि अनशनरत डा. केसीले जीवन नै त्याग्नुपर्ने परिस्थिति सिर्जना भएमा संघ जस्तोसुकै परिस्थितिको सामना गर्न पछि नहट्ने चेतावनी दिएको छ।

हालको विवादास्पद विधेयक फिर्ता गरी पुरानै अध्यादेशअनुसारको विधेयक ल्याई डा. केसीको जीवन बचाउन संघले माग गरेको छ।

## 'नाम मात्रको वार्ता औचित्यहीन'

डा. केसीले बुधबार विज्ञप्ती जारी गरी सरकार अझै वार्ताका लागि जिम्मेवार र संवेदनशील नभएको र आफ्ना एजेन्डाहरूप्रति उदासीन रहेको आरोप लगाउनुभएको छ।

उहाँले वार्तालाई तार्किक निष्कर्षमा पुऱ्याउन तत्काल चिकित्सा शिक्षा विधेयक फिर्ता गरेर पूर्ण म्यान्डेटसहितको वार्ता टोली बनाउनुपर्छ भन्नुभएको छ।

आवश्यक म्यान्डेट नै नदिई पठाइएको कर्मचारीहरू मात्र सम्मिलित टोलीसँग अर्को चरणको वार्ता गर्नुको कुनै औचित्य नभएको डा. केसीको दाबी छ।

## डा. केसीको मुटु र श्वासप्रश्वासमा समस्या, नशामा संक्रमण

काठमाडौं, (नेस)

प्राडा गोविन्द केसीको उपचारमा संलग्न चिकित्सकहरूले उहाँको मुटु र श्वासप्रश्वासमा समस्या देखिएको बताएका छन्। उनीहरूले उहाँको मुटुमा २४ घण्टामा दुईपटक जटिल समस्या देखिएको जानकारी दिएका हुन्। डा. पुजन रोकाया, डा. सिद्धार्थ थामी र डा. धीरज गुरुङले बुधबार संयुक्त विज्ञप्ती जारी गरी यस्तो जानकारी गराउनुभएको हो।

उपचारमा संलग्न चिकित्सकका अनुसार डा. केसीको मुटुमा बुधबार राति साढे १२ बजे र बिहान ४ बजे गरी दुईपटकमा ९ वटासम्म एक्टोपिक बिट्सहरू देखिएको थियो। पहिलेको तुलनामा यस्ता किसिमका मुटुका गडबडी धेरैपटक र धेरैको संख्यामा देखा पर्न थालेका छन्।

(क्रमशः पृष्ठ ९ मा)

# देउवा-पौडेल विवाद मिल्यो

## आज विधान मस्यौदा समिति बन्ने

रामकृष्ण चापागाईं, काठमाडौं



नेपाली कांग्रेसभित्र सभापति शेरबहादुर देउवा र वरिष्ठ नेता रामचन्द्र पौडेलबीचको आन्तरिक विवाद मिलेको छ। सरकारविरुद्धको गतिविधिमा एकमत भए पनि यी दुई गुटबीच पार्टीको आन्तरिक गतिविधिमा विवाद थियो। देउवा र पौडेल गुटबीचको आन्तरिक विवादकै कारण विधान मस्यौदा समिति बन्न सकेको थिएन।

मस्यौदा समितिमा बस्ने नेताको नाम पौडेल पक्षले आज उपलब्ध गराउने भएसँगै आजै विधान मस्यौदा समिति गठन हुने सम्भावना रहेको छ। विधान संशोधन तथा परिमार्जनका लागि आगामी भदौमा महासमिति बैठक आयोजना गरिने भनिए पनि विधान मस्यौदा समिति गठन हुन सकेको थिएन।

मस्यौदा समिति गठन गर्ने कुरामा पौडेल पक्षसँग सहमति भएपछि विभिन्न केन्द्रीय विभाग गठन गर्ने विषयमा पनि सहमति जुट्ने बताइएको छ। कांग्रेसभित्र सभापति देउवा, वरिष्ठ नेता पौडेल र कृष्णप्रसाद सिटौला गुट छ। साथै प्रभावशाली नेताहरूको छुट्टै उपगुट पनि रहेको छ।

पार्टीको आन्तरिक विषयका साथै सरकारविरुद्ध कांग्रेसले चालेको आन्दोलनको विषयमा छलफल गर्न सभापति देउवाले बुधबार वरिष्ठ नेता रामचन्द्र पौडेलसँग छलफल गर्नुभएको थियो।

देउवा निवास बूढानीलकण्ठमा भएको छलफलमा दुवै पक्षका शीर्ष नेताको पनि सहभागिता रहेको थियो। कांग्रेस प्रवक्ता विश्वप्रकाश शर्माले नेपाल समाचारपत्रलाई जानकारी दिएअनुसार सरकारविरुद्ध सदन र सडकमा प्रभावकारी भूमिका निभाउने विषयमा दुवै नेता पहिले नै सहमत भए पनि विधान मस्यौदा समिति गठन गर्नेलगायत आन्तरिक विषयमा मत भिन्नता थियो।

बुधबारको छलफलपछि वरिष्ठ नेता पौडेलले विधान मस्यौदा समितिका लागि आज बिहीबार नाम उपलब्ध गराउने सहमति भएको भन्दै प्रवक्ता शर्माले आजै विधान मस्यौदा समिति गठन हुने सम्भावना रहेको बताउनुभएको छ।

(क्रमशः पृष्ठ ९ मा)

# जिप दुर्घटनाबाट ७ को मृत्यु

धनवीर दाहाल, रुकुम

रुकुम पूर्वको सिस्ने गाउँपालिका-५, धारापानीमा भएको जिप दुर्घटनामा परी मृत्यु हुनेको संख्या ७ पुगेको छ। सिस्ने गाउँपालिकाको रुकुमकोटबाट धौलापैरा जाँदै गरेको लु१ज २५७३ नम्बरको जिप बुधबार दिउँसो २ बजे धारापानीमा दुर्घटना हुँदा ७ जनाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रुकुम पूर्वले जनाएको छ।

प्रहरीका अनुसार मृत्यु हुनेमा रुकुम पूर्वको पुथाउत्तरगंगा गाउँपालिका-२ का २२ वर्षीय किरण पुन, सोही गाउँपालिका-१ का ३५ वर्षीय कुमार पुन, ३३ वर्षीय बुद्धिराज पुन, पुथाउत्तरगंगा गाउँपालिका-१३ की तिर्सना तुलाचन, पुथाउत्तरगंगा-१४ की सालिनी वर्मा, बाँके कोहलपुर निवासी ललिता परियार र भूमे गाउँपालिका-४ का २८ वर्षीय अर्जुन विक रहेका छन्।

दुर्घटनामा परी ४ जना घाइते भएका छन्। घाइतेहरूमा जिप चालक जयवीर कामी, प्रमिला बुढामगर, धनीराम पुन र सम्झना पुन रहेको प्रहरीले बताएको छ।

घाइतेहरूलाई थप उपचारका लागि हेलिकोप्टरमार्फत काठमाडौं पठाइएको रुकुम पूर्वका प्रहरी प्रमुख प्रवीणलाल श्रेष्ठले जानकारी दिनुभएको छ। गाडी सडकभन्दा झण्डै १ सय मिटर तल खसेको छ। बर्खायाममा सडक चिप्लो भएका कारण गाडी दुर्घटना भएको अनुमान गरिए पनि दुर्घटनाको कारण खुल्न नसकेको प्रहरीले जनाएको छ।

## पहिरोले घर पुर्दा ३ को मृत्यु

गोरखा, (नेस)

जिल्लाको शहीद लखन गाउँपालिका-६ घैरुङस्थित अँधेरीमा पहिरोले घर पुरिँदा ३ जनाको मृत्यु भएको छ। बुधबार बिहान साढे ६ बजे घरपछाडिको कान्ला खस्दा सुतिरहेका ८ महिने बालकसहित ३ जनाको ज्यान गएको हो। पहिरोमा पुरिएर ८ महिने युनिक कुँवर, युनिककी आमा २० वर्षीया सरू कुँवर र १० वर्षीय प्रमिना कुँवरको ज्यान गएको मृतक परिवारका नवराज कुँवरले जानकारी दिए।

'म बिहान उठेर घाँस-पराल गर्न लागें', कुँवरले भने- 'म भैंसीकै भकारोमा थिएँ, एक्कासी डुम्ब गरेको आवाज आयो। के भएछ भनेर हेर्दा त घर पछाडिको कान्लो झरेर भान्जी छोरीहरू सुतेको कोठा पुरेको रहेछ। उनीहरू निदाइरहेका थिए। ढोकामा चुकुल लगाएका रहेछन् बन्चरोले हानेर ढोका फुटाएर हेर्दा भान्जीको दुईवटा खुट्टा मात्रै देखिएको थियो।' -कुँवरले बताए। तीनै जना पुरिएको थाहा पाएका नवराजले भाइ र गाउँलेलाई खबर गरेर उनीहरूलाई निकाले पनि जीवित निकाल्न सकेनन्।

घर पुरेको करिब ५ घण्टापछि नै त्यहाँ सुरक्षाकर्मी, नेपाली सेना, प्रहरी र सशस्त्र प्रहरी पुगेका थिए। 'यहाँ आउने बाटो जताततै पहिरोले बन्द छ', गाउँपालिका प्रमुख रमेश थापा मगरले भन्नुभयो- 'बल्लतल्ल खोला तरेर, पहिरो छलेर वैकल्पिक बाटो प्रयोग गरेर यहाँ सुरक्षाकर्मीको टोली आइपुग्यो। उहाँहरूले यहाँ उद्धारका लागि सहयोग गर्नुभयो।'


हामी नेपालहरूमा जुनसुकै क्षेत्रमा पनि काम गरेर देखाउन सक्ने क्षमता छ र सफल पनि हुन सकिन्छ।
नयाँ प्रविधि र नयाँ क्षेत्रहरूमा हामी जानैपर्छ।
मुख्यतः हामीमा प्रतिबद्धता, लगनशीलता, आँट र साहस चाहिन्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना विभाग


# शिक्षा विभागका महानिर्देशकसहित २ सय कर्मचारी कामविहीन

ईश्वरराज ढकाल, काठमाडौं

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको गम्भीर त्रुटिका कारण शिक्षा विभागका महानिर्देशकसहित ४ सहसचिव कामविहीन भएका छन्। तीन निकायमा कार्यरत करिब २ सय कर्मचारी हिजोदेखि हाजिर गरेर फर्किएका छन्।

नयाँ गठन भएको शिक्षा तथा मानव स्रोत विकास केन्द्रले के काम गर्ने भन्ने विषयमा टुंगो लागेको छैन। गएको जेठ ६ गते मन्त्रिपरिषद्को बैठकले नयाँ निकाय केन्द्र गठन गर्ने निर्णय भएको थियो। निर्णय भएको झण्डै २ महिना पुग्नै लाग्दासम्म सरकारले खारेज हुने निकायको व्यवस्थापन गर्न सकेको थिएन। अस्ति

## मन्त्रालयको कमजोरी

साउन १ गतेदेखि शिक्षा विभाग, शैक्षिक जनशक्ति विकास केन्द्र र अनौपचारिक शिक्षा केन्द्र खारेज भएको हो। खारेज गर्नुअघि नै संगठन संरचनाअनुसार जिम्मेवारी तोक्नुपर्ने मन्त्रालयले हिजो बुधबारसम्म कुनै जिम्मेवारी दिएको छैन। केन्द्रको महानिर्देशक को हुने भन्ने विषयमा समेत निर्णय गर्न सकेको छैन।

'यस्तो अवस्थामा कसरी मन्त्रालय सञ्चालन गर्ने ? तीन निकाय खारेज भइसक्दा पनि मन्त्रालयले नयाँ संरचना सञ्चालन गर्ने विषयमा कुनै निर्णय गरेको छैन, यस्तो अवस्थामा कसरी काम गर्ने भन्ने विषय अन्योलमा परेको छ।' -खारेज भएका निकायका कर्मचारीको आरोप छ।

(क्रमशः पृष्ठ ९ मा)




# महानगर

अहिले मुढेको आलु भनेर परिचित छ। बढी आलु त डडुवामा उत्पादन हुन्छ। अब रामेछाप दोरम्बा गाउँपालिकाको आलु हो भनेर पहिचान दिनुपर्छ।

# युवा विदेसिँदा मन रुन्छ



**चन्द्रबहादुर मगर**
वडाध्यक्ष,
दोरम्बा गाउँपालिका-४ रामेछाप

स्थानीय तहमा जनप्रतिनिधिले जिम्मेवारी सम्हालेको १ वर्ष पूरा भएको छ। जनप्रतिनिधिले जिम्मेवारी सम्हालेपछि सडक, विद्युत्, खानेपानी, कृषि क्षेत्रको आधुनिकरणजस्ता समस्याको समाधान छिट्टै हुन्छ भन्ने स्थानीय बासिन्दाको अपेक्षा थियो र छ। जनप्रतिनिधिले जिम्मेवारी सम्हालेसँगै नागरिकता बनाउने, जग्गा पास गर्नेजस्ता गतिविधि वडा र गाउँपालिकाबाट हुँदै आएका छन्। सीमित स्रोत साधनका कारण जनअपेक्षाअनुसारका काम कारबाही हुन नसकेको स्वयं जनप्रतिनिधिले बताउन थालेका छन्। रामेछापको विकट दोरम्बा गाउँपालिकाको मुहार फेर्न जनप्रतिनिधि क्रियाशील छन् तर जनअपेक्षाअनुसार कार्य सम्पादन हुन सकेको छैन। सो गाउँपालिकाको वडा नं ४ गौश्वाराले सामाजिक विकृतिका रूपमा रहेको जाँडरक्सी र जुवातासमुक्त वडा बनाउने अभियान अघि सारेको छ। त्यहाँका सामाजिक र विविध गतिविधिबारे नेपाल समाचारपत्रका लागि मधुसूदन रायमाझीले सो वडाका वडाध्यक्ष चन्द्रबहादुर मगरसँग गरेको कुराकानी :






**तपाईं जनप्रतिनिधि बनेपछि वडामा के कस्तो परिवर्तन आएको छ ?**

झन्डै २ दशकदेखि स्थानीय तह जनप्रतिनिधिविहीन थियो। हामीले स्थानीय तहमा जिम्मेवारी सम्हालेको १ वर्ष पूरा भएको छ। जनताले पाउने सेवा र सुविधालाई हामीले प्राथमिकता दिएका छौं। घर-घरमा पुगेर नै सिफारिस दिएका छौं। हामी आएपछि जनता खुसी छन्।

**निर्वाचनमा गरेको प्रतिबद्धताअनुसार काम गर्न सक्नुभएको छ कि छैन ?**

मैले निर्वाचनका क्रममा आदरणीय मतदातालाई भनेको थिएँ- 'म नसक्ने वाचा र प्रतिबद्धता गर्दिनँ। मैले निर्वाचनका क्रममा गौश्वारालाई स्वीटजरल्यान्ड बनाउँछु भनेको थिइनँ।'

निर्वाचनमा गरेका वाचाअनुसार स्वास्थ्य, शिक्षामा सुधार र टोल-टोलमा सडक, हरेक घरमा विद्युत् र खानेपानी पुऱ्याउने प्रतिबद्धता व्यक्त गरेको थिएँ। यही प्रतिबद्धताअनुसार वडाको विकासमा अगाडि बढेको छु। तर प्रतिबद्धताअनुसार एम्बुलेन्स वितरण गर्न सकेको छैन। त्यो पनि पूरा गर्नेछु। विगतमा गौश्वारामा नकारात्मक काम भयो होला। तर अब समृद्ध र सभ्य गौश्वारा निर्माणमा लाग्छौं। गौश्वारालाई परिवर्तन गर्ने अभियानमा मन, वचन र कर्मबाट लागेको छु।

**सडक, खानेपानी, विद्युत् र स्वास्थ्य क्षेत्रमा के-कस्ता काम गर्दै हुनुहुन्छ ?**

वडाका सबै क्षेत्रमा सडक पुगेको छ। वर्षाको समयमा सबै ठाउँमा गाडी सञ्चालन हुँदैन। आगामी दिनमा हिउँद-वर्षा नै गाडी सञ्चालन गर्ने गरी स्तरोन्नतिका लागि काम गर्छु। घर-घरमा खानेपानीको व्यवस्था गर्न नसके पनि टोल-टोलमा खानेपानीको धारा पुऱ्याउने योजना अगाडि सारेको छु। गौश्वारामा बर्थिङ सेन्टर सञ्चालनमा ल्याएको छु। विगतमा यो क्षेत्र विकट र दुर्गम भनेर चिनिन्थ्यो। दुर्गमबाट सुगम बनाउन योजनासहित अगाडि बढेको छु। वडाभित्र खानेपानीको स्रोत छ।

तर बजेटका कारण निर्माण गरेका धारा सञ्चालन गर्न सकेको छैन। आगामी वर्षमा गाउँपालिकामा प्रत्येक घर-घरमा खानेपानीको धारा पुऱ्याउने लक्ष्य अघि सारिएको छ। प्रदेश सरकार र केन्द्र सरकारसँग पहल गरेर सहजरूपमा खानेपानीको व्यवस्था हुन्छ। वडाका सबै क्षेत्रमा विद्युतीकरण भएको छ। बिजुलीका पोल काठका भएकाले केही समस्या छ। ५० प्रतिशत काठका पोल छन्। तिनलाई विस्थापित गरेर फलामका पोल हाल्न पहल गरिरहेको छु।



**जाँडरक्सी र जुवातास नियन्त्रणका लागि कस्ता योजना बनाउनु भएको छ ?**

जाँडरक्सी बढी मात्रामा खाने, कुनै बेलामा नकारात्मक काम गर्ने र ३ प्रतिशत शिक्षा हासिल गर्न नसक्ने गौश्वारा भनेर चिनिने गरेको थियो। गाउँघरमा जाँडरक्सी र जुवातास नियन्त्रण गरेर सभ्य समाज निर्माणको अभियान अगाडि बढाइएको छ। मैले गौश्वारालाई समृद्ध बनाउँछु भनेर निर्वाचनमा प्रतिबद्धता




गरेको थिएँ। गौश्वारा भूगोलमा ठूलो छ। एउटा मात्र स्वास्थ्य चौकीले नपुगेपछि अहिले भाङगेटार स्वास्थ्य चौकी स्थापना गरिएको छ। शिक्षाको कमी र छ महिना मात्र खान पुग्ने समस्याले गर्दा युवा विदेसिएका छन्।

**कृषि क्षेत्र सुधारका लागि के पहल गरिरहनुभएको छ ?**

गौश्वारा कृषिको उर्बरभूमि हो। सैलुङसँग जोडिएको वडा पनि हो। उब्जनी हुने ठाउँ हो। आलु, किबी खेती यहाँको मुख्य आम्दानीको स्रोत हो। अहिले अधिकांश युवा रोजगारीको अभावमा विदेश पलायन भएका छन्। विदेसिएका युवालाई स्वदेशमा फर्काउने गरी योजना निर्माण गरिरहेको छौं। कृषि क्षेत्रमा युवालाई आकर्षण गर्नका लागि सहुलियतमा ऋण उपलब्ध गराउने सोच छ।

वडाभित्र बन्दा, काउलीलगायतको तरकारी राम्रो उत्पादन हुन्छ। बाख्रापालनका दृष्टिले पनि राम्रो ठाउँ छ। विगतमा जसरी परम्परागतरूपमा खेतीपाती हुँदै आएको थियो। अब आधुनिक र वैज्ञानिक ढंगबाट कृषि खेतीको शुरुआत गरिन्छ। अब वडाभित्र कुन ठाउँमा के उत्पादन हुन्छ ? भन्ने विषयमा माटो परीक्षण गरेर प्राविधिकको सल्लाहबमोजिम नै खेतीपाती गर्ने अभियान अगाडि बढाउँछौं। अहिले मुढेको आलु भनेर परिचित छ। बढी आलु त डडुवामा उत्पादन हुन्छ। अब रामेछाप दोरम्बा गाउँपालिकाको आलु हो भनेर पहिचान दिनुपर्छ। युवा सक्रिय भएर कृषि क्षेत्रमा लाग्नुपर्छ। कृषि क्षेत्रमा लाग्नका लागि अभियान नै अगाडि बढाउने योजना बनाएको छु। कृषिले मात्र समृद्ध र सुन्दर गौश्वारा बनाउन सहयोग पुऱ्याउँछ।

शिक्षालाई जोड दिने र कृषि क्षेत्रबाट नै सुधार गर्ने मुख्य लक्ष्य राखिएको छ। विदेसिएका आधाभन्दा बढी युवालाई स्वदेश फर्किने र पैसा कमाउन विदेश नै जानु नपर्ने वातावरण सिर्जना गर्ने लक्ष्य राखिएको छ। हो, सबैलाई एकै पटक गर्न नसकिएला तर गर्दै जानुपर्छ। २/४ पैसा कमाउन ज्यान बाजी राखेर युवा विदेसिँदा मन रुन्छ।

त्यसैले गाउँमा नै रोजगारी सिर्जना गर्ने काम वडाले नै गर्नुपर्छ। आलु तथा किबीखेती, बाख्रापालन गर्ने अवस्था आएमा गौश्वाराको मुहार फेर्न सकिन्छ। व्यक्तिको जग्गाले नपुगे सार्वजनिक जग्गा भाडामा लिएर काम गर्ने व्यवस्थापन मिलाउन सकिन्छ। अब हामी विदेश जान रोक्ने अभियान नै चलाउँछौं।



**बोबी फेबर**
निर्देशक प्रदीप भट्टराई प्रदर्शनमा रहेको फिल्म बोबी हेरेपछि त्यस फिल्मका कलाकारका साथ।

PAGE3

**कस्तो छ?**
नायिका वर्षा राउत संजोग कोइरालाको लेन्समा।



# सुस्मिन मिस मकवानपुर



हेटौंडा,(नेस)। हेटौंडामा भएको पहिलो संस्करणको *मिस मकवानपुर*को उपाधि हेटौंडाकी सुस्मिन श्रेष्ठले जितेकी छन्। श्रेष्ठले *मिस पङ्चुअल* र *मिस बेस्ट फिगर*को उपाधिसमेत जितिन्। मुख्य उपाधि जितेबापत उनले स्कुटी, टुर प्याकेज र उपहार प्राप्त गरेकी छन्।

प्रतियोगितामा फस्ट रनर्सअप सेविका लामाले टुर प्याकेज र उपहार जितिन्। उनले *मिस फोटोजेनिक* र *मिस स्माइल* उपाधि पनि पाइन्। *सेकेन्ड रनर्सअप* घोषित रमनी पराजुलीले टुर प्याकेज, *भ्युअर्स च्वाइस* उपाधि, मोबाइल र अन्य उपहार पाइन्। उनी त्रिविद्वारा लिइएको बीबीएम सातौं सेमेस्टरमा नेपाल तेस्रो भएकी विद्यार्थी हुन्। प्रतियोगितामा सेरन श्रेष्ठले *मिस पर्सनालिटी* र *मिस बेस्ट पफर्मेन्स*, नेन्सी भट्टराईले *मिस बेस्ट ड्रेस* र *मिस बेस्ट डान्स*, सनिता बलले *मिस पपुलर* र *मिस इनर्जेटिक*, रोजिना उपाध्यायले *मिस डिसिप्लिन* र प्राप्ति ढोंडारीले *मिस ट्यालेन्टको* उपाधि जितेका छन्। *मिस युनिभर्स नेपाल-२०१६* वर्षा लेखी, चन्द्रपुर जेसिज संस्थापक अध्यक्ष बालकृष्ण श्रेष्ठ र हेटौंडा लेडी जेसिज-२०१२ अध्यक्ष रश्मी बस्नेतको निर्णायक टोलीले विजयीको टुंगो लगाएको हो। प्रतियोगिता द स्पार्किल्सिज प्रालिले आयोजना गरेको हो।

# सोनामलाई साथ



राणा शासनको जग बसाल्ने तत्कालीन जंगबहादुरको मृत्युसम्बन्धी तामाङ समुदायमा प्रचलित मिथमा आधारित नाटक *सोनाम ग्याल्मो*लाई विभिन्न व्यक्तित्वको साथ मिलेको छ। राजधानीको बत्तीसपुतलीस्थित शिल्पी थिएटरमा असार ११ गतेदेखि २८ सम्म मञ्चन भएको नाटकले तामाङ संस्कृति र इतिहासको भिन्न पाटो बाहिर ल्याएको भन्दै युवा संघका केन्द्रीय कोषाध्यक्ष अमित लामा र पूर्वसभासद तीर्थ लामाले जनही २० हजार रुपियाँ सहयोग गरे। त्यस्तै प्राज्ञ निमा ग्याम्जो लामाले १५ हजार, यति फाउन्डेसन यूकेका पूर्वअध्यक्ष निमा लामा योञ्जनले १० हजार, व्यवसायीद्वय श्याम लामा र मीनबहादुर लामाले क्रमशः १० र ५ हजार रुपियाँ सहयोग गरे।

सेलो थिएटरको प्रस्तुति रहेको नाटक पत्रकार फूलमान बलले लखेका हुन् भने सोनाम मोक्तानले निर्देशन गरेका थिए। 'नाटकले इतिहासमा लुकिबसेको रहस्यमय तथ्यलाई उत्खनन गर्ने कोसिस गरेको रहेछ', सहयोग हस्तान्तरण गर्दै अमितले भने- 'कलाकारको मेहनतलाई ऊर्जा थप्न खोजेको हुँ।' बेलायतमा बस्दै आएका निमा लामा योञ्जनले पनि नेपाली रंगमञ्चमा अग्र्यानिक विषयवस्तुसहितको नाटकले तामाङ विवाह परम्पराको सांस्कृतिक पक्षलाई मन छुने तरिकाले उठाएको दाबी गरे। यही नाटकबाट तामाङ फिल्म अभिनेतृ चाँदनी मोक्तान, गायकद्वय फूलकुमार बमजन र सुसन लामा रंगमञ्चमा प्रवेश गरेका छन्। सोनाममा मुख्य पात्रको भूमिकामा निर्देशक स्वयंले खेलेका थिए भने ग्याल्मोको भूमिकामा शान्ति वाइबा थिइन्। यसबाहेक निकिता वाइबा, निशा पाखिन, मातृका घिमिरे, मनोज तामाङ, सन्तोष तामाङ (बोन्बो), सञ्जीव राई, देविन चौधरी, विजय टुबा, सुनिल तामाङ, साजन लामाले अभिनय गरेका थिए।

# गाउँदा गाउँदै लुगा खसेपछि...

अमेरिकन गायिका ब्रिट्नी स्पेयर्स हालै *पिस अफ मी* नामक कन्सर्टका क्रममा वारड्रोब मालफङ्सनको शिकार भएकी छिन्।

जब उनी स्टेजमा आफ्नो टिमका साथ *डु समथिङ* बोलको गीतमा प्रस्तुति दिइरहेकी थिइन्, उनको शरीरको माथिल्लो भागमा लगाएको कपडा केही तल खस्यो र शरीरको केही भाग देखिन पुग्यो। ब्रिट्नी भने त्यसको २ मिनेटसम्म पनि आफ्नो प्रस्तुतिलाई निरन्तरता दिई नै रहेकी थिइन्। किनभने उनलाई आफ्नो कपडा खसेको महसुस नै भएको थिएन। जब थाहा पाइन्, उनले आफ्नो लुगा सही ठाउँमा ल्याएर मिलाइन्।

सेलिब्रेटीले यस्तो पलको सामना गर्नुपरेको यो मात्रै पहिलो घटना भने होइन। यसभन्दा पहिले पनि यस्ता धेरै घटना बाहिर आइसकेका छन्। सन् २०१५ मा लस भेगासमा आयोजित एक कार्यक्रममा पनि ब्रिट्नी मालफङ्सनको शिकार भएकी थिइन्।





# विचार

प्रजातन्त्र जनताको निम्ति
जनताले चुनेको, जनताको
सरकार हो।
– अब्राहम लिंकन

हामी थोत्रो संसार भत्काउन मात्रै
होइन, नयाँ संसार बनाउन पनि
जान्दछौं।
– माओत्सेतुङ

## सम्पादकीय

नेपाल समाचारपत्र

## आलोचित सरकार र प्रधानमन्त्रीको रोइलो

जनतालाई धेरै सपना देखाएर बनेको ओली सरकार पाँच महिना नबित्दै चौतर्फी आलोचनाको सिकार बनेको छ ।चुनावअघि नेकपा एमाले र माओवादी केन्द्र मिलेर बनेको घोषणापत्रलाई विश्वास गरेर झन्डै दुई तिहाइले नेपाल कम्युनिस्ट पार्टीलाई जिताएर देश चलाउने अभिभारा सुम्पेका जनता पनि उल्टो गतिमा सरकार हिंड्न थालेपछि निराश बनेका छन् ।चुनावअघि पार्टीले गरेका कुनै पनि बाचा पूरा हुने छाँट नदेखेपछि जनता निराश बन्नु स्वाभाविक नै हो ।

सरकार बनेलगत्तै के–के न गर्छु जस्तो गरी प्रधानमन्त्री ओलीसहित सरकारका मन्त्रीहरू सडकमा भाषण गर्दै हिंडेका थिए ।तर, अहिलेसम्म आइपुग्दा उनीहरूको बोली र व्यवहारमा आकाश–जमिन फरक देखिएको छ ।काममा सिन्को पनि नभाँच्ने तर बोलीमा लंका–पलंका हाँक्ने प्रधानमन्त्रीदेखि मन्त्रीहरूको रवैयाले दुई तिहाइ बहुमत प्राप्त सरकार यति छिट्टै आलोचित हुनु अस्वाभाविक पनि होइन ।झन् आफ्नो र सरकारको व्यापक आलोचना भइरहेको बेला प्रधानमन्त्री केपी ओलीले सोमबार पार्टी कार्यालय धुम्बाराहीमा कार्यकर्ताहरूलाई गरेको सम्बोधनमा सरकारको बचाउ नगरेको भन्दै कार्यकर्तासँग आक्रोश व्यक्त गरेपछि यो सरकारले भविष्यमा पनि केही गर्नेवाला छैन भन्ने कुरा स्पष्ट भएको छ ।

कामभन्दा कुरालाई प्राथमिकता दिंदै आउनुभएका प्रधानमन्त्री ओलीले आफ्ना विरोधीहरूको मुख थुन्न काम गरेर देखाऊ भन्नुपर्ने ठाउँमा बोलेर र लेखेर जवाफ दिन नसकेको भन्दै आलोचना गरेपछि प्रधानमन्त्रीलाई अझै कामभन्दा कुरा नै प्यारो रहेको पुष्टि हुन्छ ।चिकित्सा शिक्षा सुधारका लागि २० दिनदेखि अनशनरत डा. गोविन्द के.सी.को सवालमा हिजोका दिनसम्म पनि प्रधानमन्त्री संवेदनशील नरहेको कुरा उहाँले दिनुभएका अभिव्यक्तिहरूबाट स्पष्ट हुन्छ ।अघिल्लोपटक प्रधानमन्त्री हुँदा यस विषयमा आफैंले गरेको सम्झौता र प्रतिबद्धतासमेत प्रधानमन्त्रीले बिर्सिसक्नुभएको छ ।काम केही गर्न नसके पनि कमसे कम प्रधानमन्त्रीजस्तो व्यक्ति आफैंले बोलेका कुराहरूमा त अडिग हुन सक्नुपर्ने हो ! सम्भवतः नेपालको राजनीतिक इतिहासमा यति चाँडै विश्वसनीयता गुमाउने सरकार यो नै पहिलो होलाजस्तो लाग्छ ।सरकार गठन भएको पाँच महिनाको अवधिमा त अल्पमतका सरकारहरू पनि यति बदनाम भएका छैनन् ।हिजो छुमन्तर गरेर देशको कायापलट गरिदिन्छु भन्ने प्रधानमन्त्री ओली आज काम गर्न नसक्नुको सबै दोष विगतका सरकारहरूलाई देखाइरहनुभएको छ ।लाजै नमानीकन भर्खर बनेको सरकारलाई पहिल्यै भत्किएका बाटाहरू देखाएर तमासा गरेको भनी विरोधीको आलोचना गर्नुहुन्छ ।अहिले आएर दुई–चार महिनाभित्र देशलाई समृद्धि र विकासको बाटोमा अघि बढाउन सक्तैन भन्नुहुन्छ ।

भनिन्छ, बिहानीले दिन देखाउँछ ।जनताले पनि दुई–चार महिनाभित्रै देशलाई समृद्ध बनाएर देखाऊ भनेका छैनन् ।चुनावअघि अनेकौं सपना देखाएर दुई तिहाइ जनमत प्राप्त गरिसकेपछि जनतालाई अनुभूति हुने गरी दुई–चार वर्षमा देश समृद्धिमा पुग्न सक्ने केही लक्षण र संकेत पनि त देखाउन सक्नुपर्‍यो नि ! विगतमा पटक–पटक सरकारको उपप्रधानमन्त्री बनेर जिम्मेवारी निभाइसक्नुभएका प्रधानमन्त्रीले यति छिटो देश बनाउन सकिंदैन भनेर के चुनावअघि थाहा नपाएकै हुनुहुन्थ्यो होला त ? हत्याको अभियोगमा सर्वोच्च अदालतले आजीवन कैद सुनाएका व्यक्तिलाई असल व्यक्ति भन्दै मन्त्रिपरिषद्बाट निर्णय गराएका प्रधानमन्त्रीले संविधान, नियम, कानुन र विधिअनुसार सरकारले काम गर्छ भन्दा को पत्याउँछ ? चुनावअघि वाईफाई फ्री भन्ने, जनताको जीवनस्तर उठाउने समाजवाद भन्ने अनि संघीयताको नाममा नेताहरूको जीवनस्तर उठाउन जनताको ढाड सेक्ने गरी कर बढाउने, संविधानको भावना विपरीत राजदूत सिफारिस गर्ने अनि विधिअनुसार काम नगरेकोमा प्रतिपक्षी र जनताको विरोधलाई लिएर तल्लो स्तरको गालीगलौजमा उत्रने प्रधानमन्त्रीको रक्षामा पार्टीका कार्यकर्ता उत्रेनन् भनेर रोइलो गर्नुको के अर्थ ?

# प्रजातन्त्र र नागरिक स्वतन्त्रता संकटमा



डा. ज्ञान बस्नेत

अत्यधिक बहुमतले बनेको वामपन्थी सरकारका पछिल्ला हर्कतहरू हेर्दा यसले गम्भीर प्रश्नहरू खडा गरेको छ। प्रतिपक्ष नेपाली कांग्रेसले पहिले नै अनुमान गरेजस्तो के यो देशमा वामपन्थी अधिनायकवाद लादिएकै हो त ? सरकारको पछिल्लो कार्यहरूको अर्थ सर्वसत्तावाद नै लाद्ने चेष्टा हो त ? यो मुलुकमा कानुनको शासनको अन्त्य भएकै हो त ? के सरकारलाई अत्यधिक वहुमतको अहंकारले अन्धो बनाएकै हो त ? यदि सरकारको उद्देश्य यही हो भने राष्ट्रको लागि यो जस्तो ठूलो दुर्भाग्य अरू केही हुँदैन। प्रश्न उठ्छ- नेपाली जनताले न्याय, समानता, स्वतन्त्रता र सुशासनको लागि कहिलेसम्म लडिरहने ? सत्ता र शक्ति सधैं किन अन्धो हुन्छ ? जनता कहिलेसम्म निरीह बन्ने ? यही हो त यो सरकारले बाँडेको समृद्धि र राजनीतिक स्थायित्वका सपनाहरू ?

बोल्न पाउने, आफ्नो मत राख्न पाउने, शान्तिपूर्ण सभा-सम्मेलन गर्न पाउने अधिकार नेपाली जनताको मौलिक अधिकार हो। यी अधिकार हाम्रो संविधान, कानुन र न्यायका अन्य सिद्धान्तले मात्रै हैन, यी अधिकार मानव अधिकारसम्बन्धी विश्वका सबै महासन्धिहरू, अन्तर्राष्ट्रिय कानुनहरू, विश्वव्यापी मानव अधिकारको घोषणापत्रले समेत स्पष्टरूपमा प्रदान गरेका अधिकार हुन्। यही स्वतन्त्रताको लागि विश्वमा, हाम्रै मुलुकमा पनि, ठूला-ठूला क्रान्तिहरू भएका उदाहरण प्रशस्त छन्। यसले के पुष्टि गर्छ भने, स्वतन्त्रता एउटा व्यक्ति वा समाज वा राष्ट्रको मुटु नै हो। साथै जीवन पद्धति हो भने समाज र राज्यको अन्तिम उद्देश्य पनि व्यक्तिगत स्वतन्त्रताको प्रत्याभूति नै हो। एउटा सभ्य समाजको उपमासमेत हो भनिन्छ व्यक्तिगत स्वतन्त्रतालाई। यही राजनीतिक स्वतन्त्रताको उपयोगले नै मानिसलाई अन्य जनावरभन्दा भिन्नरूपमा उभ्याएको छ। यदि राज्यले व्यक्तिको स्वतन्त्रता निषेध गरेमा त्यो व्यक्तिको सबै कुरा सकिन्छ। नैतिकता र समाज नै सकिन्छ भने सरकारको आवश्यकता पनि समाप्त हुन्छ।

> निषेधित क्षेत्र तोक्ने बहानामा नेपाली जनताको बोल्न पाउने, घुम्न पाउने, सभा–सम्मेलन गर्न पाउने र राज्यको कार्यक्रमसँग असहमत राख्न पाउने अधिकारलाई कुण्ठित गरेको छ। यो घोर आपत्तिजनक कार्य त हुँदै हो भने हाम्रो प्रजातान्त्रिक मूल्य र मान्यता, संविधान र कानुनले अनि अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी कानुनहरूको समेत अवमूल्यन हो, बर्खिलाप हो।

यस वामपन्थी सरकारको पछिल्लो हर्कतले विश्वसमुदाय र न्यायप्रेमी नेपाली जनतालाई फेरि एकपटक अचम्ममा पारेको छ। निषेधित क्षेत्र तोक्ने बहानामा नेपाली जनताको बोल्न पाउने, घुम्न पाउने, सभा-सम्मेलन गर्न पाउने र राज्यको कार्यक्रमसँग असहमत राख्न पाउने अधिकारलाई कुण्ठित गरेको छ। यो घोर आपत्तिजनक कार्य त हुँदै हो भने हाम्रो प्रजातान्त्रिक मूल्य र मान्यता, संविधान र कानुनले अनि अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी कानुनहरूको समेत अवमूल्यन हो, बर्खिलाप हो। यस्तो हर्कतको जति निन्दा गरे पनि कम हुन्छ। यस्तो कार्यले समाजलाई पछाडि धकेल्छ भने नयाँ राजनीतिक मुठभेडको अवस्था सृजना गर्छ। प्रश्न उठ्छ- पञ्चायत कालरात्रिमा समेत अनौठो लाग्ने यो हर्कत यो जननिर्वाचीत सरकारले किन गर्दै छ ? के यही हो समृद्धिको सपना ? कानुनको शासनलाई आर्यघाट पुर्‍याएर समृद्धि र सुशासन कसरी सम्भव छ ? वर्तमान सरकारको चुनावी नारा 'राजनीतिक स्थायित्व' को अभिप्राय के यही थियो त ? हैन भने के हो ? स्पष्ट हुनुपर्‍यो। यी सवालहरू मेरो व्यक्तिगत मात्रै हैनन्, तीन करोड नेपाली जनताका साझा सवाल हुन् भने आउँदो पुस्ताको जीवन पद्धति र भविष्यसँग सीधै जोडिएका कुराहरू हुन्।

मुलुकमा अहिले दण्डहीनता झनै मौलाएको छ। युद्ध अपराध र नरसंहारमा कारबाही हुनुपर्ने व्यक्तिहरू राजनीतिक शक्तिको आडमा खुलेआम घुमेका छन्। संविधानवादको खिल्ली उडाइएको छ। सर्वोच्च न्यायालयले दोषी ठकर गरेर जेल सजाय काटिरहेकाहरूलाई आममाफीको नाममा छोडिएको छ। यो हदसम्मको शक्तिको दुरूपयोग शायद पञ्चायती कालमा पनि थिएन कि ? जनयुद्ध कालीन पीडितहरू त्यत्तिकै छन्, उनीहरूको अवमूल्यन गरिएको छ। सत्य निरूपण तथा मेलमिलाप आयोग यो सरकारको प्राथमिकतामा किन पर्दैन ? जनयुद्ध पीडित गंगामायाहरूलाई मर्नको लागि त्यत्तिकै छाडिदिने ? यिनले कहिलेसम्म न्याएको लागि लडिरहने, अनसन बसिरहने ? राज्यले समाधान खोज्नुपर्छ कि पर्दैन ? यो मूलुकमा एउटा व्यक्तिको जीवन किन यति सस्तो बनाइन्छ ? यी प्रश्नहरू गम्भीररूपमा उठाउने समय आइसकेको छ।

बितेका केही हप्ताभित्रमा अति आवश्यकीय वस्तुहरूको मूल्यले आकाश छोएको छ। गरिब-निमुखाको ढाड सेकिएको छ। पेट्रोलियम पदार्थको मूल्य पटक-पटक बढाइएको छ। यता राजधानीको सडक हिँडिसक्नु छैन। वर्षा भएको बेला सडक हो कि खोला, छुट्याउन कठिन हुन्छ। बर्सेनि हजारौंको उठिवास हुन्छ भने सयौं अकालमै ज्यान गुमाउन बाध्य छन् भेलबाढी र पहिरोले। यी कुरा सरकारको प्राथमिकतामा किन पर्दैनन् ? अहिले नै किन चाहियो मोनोरेल, पानीजहाज ? सरकारको प्राथमिकता त जनताको गाँस, बास र कपास अनि स्वास्थ्य र शिक्षामा हुनुपर्छ। यी पूर्वाधार पूरा भएपछि मोनोरेल र पानीजहाजका कुरा पनि आऊलान् पछि।

राजधानीमा बाहिरी चक्रपथको परिकल्पना गरेको २०सौं वर्ष भैसक्यो। मेलम्चीको पानीको सपना बाँडेको दशकौं भयो भने अहिले कछुवा गतिमा निर्माणाधीन चक्रपथको हालत त सबैलाई जगजाहेर नै छ। अझ भनौं भने कलंकी-नागढुंगाको सडक विस्तार त ३५ वर्षभन्दा अघिको परिकल्पना हो। जाजरकोट र कालीकोटका बासिन्दाले दशकौंदेखि खाद्यान्नको अभाव झेलेकै छन् भने एउटा सिटामोल खरिद गर्न नसकेर दूरजिल्लाहरूमा जनता मरेकै छन्। मोनोरेल र पानीजहाजभन्दा सरकारको प्राथमिकता यी कुरामा जानुपर्ने हैन र ? समाजवादको नारा मात्र दिने ? अब नेपाली जनता टाउकोले टेकेर हिँड्ने विकास हैन खुट्टाले नै टेकेर हिँड्ने विकास चाहन्छ। माथिदेखि थोपरिएको विकास हैन तलबाट पलाएको विकास र समृद्धि चाहन्छ। मित्र राष्ट्रहरूबाट मागेर ल्याइएको रकमले निर्माण गरिने रेल, मोनोरेल र पानीजहाजको बोझ नेपाली जनता बोक्न सक्तैनन्। यस्तो हचुवाको भरमा गरिने, ल्याइने कस्मेटिक विकास अवधारणालाई लागू गर्नुअघि हजारपटक सोच्नुपर्छ।

हाम्रो भैराखेका राष्ट्रका संरचनाहरूलाई व्यवस्थित गरे ६० प्रतिशत समस्या आफैं समाधान हुन्छन्। यथास्थितिमा रहेको साधन-स्रोत तथा मानवीय शक्ति राम्रोसँग परिचालन गर्न सके धेरै समस्या आफैं हल हुन्छन्। शिक्षा र स्वास्थ्यमा भैराखेको व्यापारीकरण, लुट र भ्रष्टाचारलाई कम गरे ५० प्रतिशत समस्या आफैं समाधान हुनेछन्। सतहत्तरै जिल्ला र यसभित्रका सबै साना-ठूला बस्ती अनि गाउँ-गाउँमा पक्की सडकले जोड्न सके जनताको सम्बन्ध बढ्छ, आयस्रोत बढ्छ अनि व्यापार बढ्छ। हुम्ला, जुम्लाको उत्पादन पूर्वको भोजपुरमा आयात गर्ने अनि भोजपुरको उत्पादन डोल्पा र मुगुमा सहज ढंगले लैजाने व्यवस्था सडकले नै गर्छ। अनि बाह्य र आन्तरिक पर्यटकहरूको पनि चहलपहल बढ्नेछ। यो तरिकाले देशलाई आत्मनिर्भर र समृद्धिको मार्गमा लैजान्छ। मोनोरेल, रेल र पानीजहाजभन्दा यी कुरामा सरकारले प्राथमिकता दिनुपर्छ। तर खोई ? अब सरकारले लगाएको चश्मा परिवर्तन गरियोस्।

के यो सरकार, धेरैले अनुमान गरेजस्तो, बहुमतको हुंकारमा अधिनायकवादको बाटोमा अघि बढेकै हो त ? वैधानिक सत्ता कब्जाको बाटोमा नै हिँडेको हो त ? के यो सम्भव छ ? सरकारका पछिल्ला कार्यशैलीहरू जस्तै- निश्चित स्थानमा विरोध प्रदर्शनको स्थान तोक्ने कार्य, न्यायालयमा हस्तक्षेप र सार्वजनिक मिडियाहरू अटोमेटिक सेन्सरसिपमा गएको अवस्थालाई विश्लेषण गर्दा सरकारको मनसाय राम्रो देखिँदैन। पेलेरै जे गरे पनि हुन्छ भन्ने नियत देखिन्छ। अझ अर्को महत्वपूर्ण कुरा के छ भने, पछिल्लो अवस्थामा प्रधानमन्त्रीको कार्यालयलाई, राज्यका विभिन्न महत्वपूर्ण विभागहरूलाई प्रधानमन्त्रीको मातहत ल्याई शक्तिशाली बनाउने कदम झनै शंकास्पद रहेको छ। प्रजातान्त्रिक परिपाटीमा त राज्यका अंगहरूलाई आपसमा सन्तुलित गर्दै अझ जनमुखी र उत्तरदायी बनाउँदै लानुपर्ने हैन र ? राज्यका विभिन्न अंग र विभागहरूलाई अझ स्पष्ट, खुल्ला र प्रजातान्त्रिक बनाउँदै लानुपर्ने हैन र ? प्रश्न उठ्छ- राज्यको शक्ति एउटै संस्था र एउटै व्यक्तिको हातमा किन समाहित गरिँदै छ ? उद्देश्य के हो ? किन हामी उल्टो दिशामा चलायमान छौं ? यो स्पष्ट हुनुपर्‍यो।

प्रजातन्त्र र कानुनको शासन वा खुल्ला समाज एउटा राष्ट्र र समाजको जीवन पद्धति हो भन्ने कुरा नेपाली जनताले बुझिसकेका छन्। प्रजातान्त्रिक परिपाटीमा सरकार राजा हैन, नोकर हो, जनताको सेवक मात्रै हो भन्ने कुरा जनताले बुझिसकेका छन्। आफ्नो संवैधानिक र कानुनी अधिकार के हो भन्ने कुरामा त आजका नेपाली जनता झनै सजग छन्। तसर्थ २१ सौं शताब्दीमा यो मुलुकमा कसैले पनि कुनै पनि खालको सर्वसत्तावाद लाद्ने वा तानाशाह बन्ने सपना नदेखे हुन्छ। यो सरकारको राष्ट्रवाद, सुशासन र राजनीतिक स्थायित्वको नक्कली भ्रम त टुटिसक्यो नै अब। म कामना गर्छु- जनताको धैर्यता नटुटोस्। धैर्यताको बाँध टुटेपछि नै नारायणहिटी राजदरबार कब्जा गरेका नेपाली जनताले माइतीघर मण्डलाको त के कुरा, सिंहदरवार र बालुवाटार दरबारहरू पनि सजिलै कब्जा गर्नेछन्। हेक्का रहोस्।

*(लेखक बस्नेत अन्तर्राष्ट्रिय मानव अधिकार कानुनमा बेलायतवाट विद्यावारिधि हुनुहुन्छ।)*

## पाठक पत्र

### अञ्चल अस्पतालको बेथिति

धौलागिरी अञ्चल अस्पतालमा अहिले व्यापक बेथिति मौलाएको छ। अञ्चलकै स्वास्थ्य क्षेत्रको धरोहरको रूपमा रहेको धौलागिरी अञ्चल अस्पताल बेलाबेलामा विवादित पनि हुने गरेको छ। कहिले स्वास्थ्यकर्मीको अभावमा स-सानो स्वास्थ्य समस्या लिएर आउने बिरामीसमेत पोखरा, काठमाडौं पठाउने कामले त कहिले अस्पतालको लापरबाहीका कारण बिरामीको मृत्यु भएका कारणले विवादमा तानिने गरेको छ। रिफर सेन्टर भयो भनेर आलोचना हुने र अस्पतालप्रति विश्वास गर्नेहरूको संख्या घट्दै गैरहेका बेला गत आइतबार बागलुङ नगरपालिका-५ की लक्ष्मी सापकोटाको अस्पतालको लापरबाहीका कारण मृत्यु भएको समाचार न्यूज लफ नेपालमा आयो। अहिलेभन्दा १० महिनापहिला पनि अस्पतालमा अप्रेसन गराएर प्रसूति सेवा लिएकी जिल्लाको जैमिनी नगरपालिकाकी एक महिलाको पाठेघरमा अस्पतालको लापरबाहीका कारण प्याड छोडिएको थियो।

अस्पताल प्रशासनको निगरानी निकै कमजोर र त्यहाँ काम गर्ने स्वास्थ्यकर्मीको चरम लापरबाहीका कारण बेलाबेलामा सर्वसाधारणले दु:ख खेप्दै आइरहेका छन्। अस्पतालमा जे-जस्तो खालका समस्या रहेको भए पनि त्यो आमसर्वसाधारणले जानकारी पाउने गरी बाहिर आउनु अस्पतालको लागि मात्रै हैन आम सर्वसाधारणकै हितभन्दा विपरीतको कुरा हो। मानिस बिरामी हुँदा उपचार गर्न जाने विश्वासको धरोहर अस्पताल हो। एकजना बिरामीले आफ्नो घरदेखि अस्पतालको प्रवेशद्वारसम्म जाँदा भोगेको पीडा अस्पतालको मूलद्वार प्रवेशपछि आधा भुलेको हुन्छ। किनभने उसले त्यहाँबाट आफूले उपचार पाउने आशा सँगालेको हुन्छ। भरोसाकै कारण आफ्नो बिमारको पीडालाई आधा कम गर्ने मानिसले अस्पतालमा रहेका यस्ता खालका बेथिति र लापरबाहीको सामना गर्नुपर्ने हो भने उनीहरूले अस्पताललाई विश्वास किन र कसरी गर्ने ? धौलागिरीका तीन जिल्लाका बिरामीले सधैं चाप रहने अस्पतालमा दरबदीअनुसारका कर्मचारी नभएकै कारण काम गर्न समस्या हुनु स्वाभाविक होला तर उपलब्ध रहेका स्वास्थ्यकर्मीले आफ्नो धर्म नै भुलेर लापरबाही गर्नु कहाँसम्मको न्यायिक कुरा हो ?

अस्पताल विश्वासको धरोहर बन्नुपर्छ। प्राण पाउने आशाले अस्पताल पुगेका नागरिकले अस्पतालकै कारण प्राण त्याग्नुपर्ने परिस्थितिको अन्त्य हुनु जरुरी छ। आज एकजना लक्ष्मीले अस्पतालका कारण ज्यान गुमाइन् भन्ने कुरा ठूलो होइन, भोलि हजारौं लक्ष्मीहरूको ज्यान जोखिममा रहनु ठूलो कुरा हो। धौलागिरी अञ्चल अस्पतालमा रहेको बेथिति र चरम लापरबाहीको अन्त्यका लागि स्थानीय प्रशासन, सरोकारवाला निकायको ध्यान जानु जरुरी छ। लापरबाही भयो भनेर बेलाबेलामा आवाज उठाउँदा दरबन्दीअनुसारका कर्मचारी नभएको र थोरै कर्मचारीले धेरै काम गर्नुपर्दा कमी-कमजोरी भएको भन्ने गरेको अस्पताल प्रशासनको मुखमा बुजो लगाउनका लागि नेपाल सरकारको सम्बन्धित विभागले उक्त अस्पतालको दरबन्दीको समस्या समाधान गर्न जरुरी छ। मान्छेको ज्यान जाने गरी भएका गल्तीहरूमा गल्ती भयो माफ गर्नुस् भनेर उन्मुक्ति माग्ने र दिने परम्पराको समेत अन्त्य हुनु जरुरी छ। चरणबद्ध लापरबाही गर्ने स्वास्थ्यकर्मीलाई कानुनअनुसारको कार्वाही गरियोस्।

*- सुरक्षा कार्की, पर्वत।*

### ओली हठ बन्द होस्

प्रधानमन्त्री केपी शर्मा ओलीको जिद्धी स्वभाव अलि बढेको देखिएको छ। दुई तिहाइ सत्ताको आडम्बर पनि चढेको देखिएको छ। सत्ता र शक्तिमा रहँदा ओली मात्रै हैन सबै शासकहरूले आफूलाई सर्वेसर्वा ठान्ने गर्छन्। लोकतन्त्रमा शासक केवल जनताका सेवक हुन्छन्। तर, प्रधानमन्त्री ओलीले आफूलाई मालिकका रूपमा प्रस्तुत गरिरहेका छन्। निर्वाचनमा आफूहरूलाई जनताले बहुमत दिएर पठाएको रटान लगाउन उनले अझै छाडेका छैनन्। ओलीले भनिराख्नुपर्दैन कि उनी सबैभन्दा ठूलो दल नेकपाका अध्यक्ष हुन् र दुई तिहाइ बहुमतको सरकारका शक्तिशाली प्रधानमन्त्री। एउटा जनताको डाक्टरले जुम्ला पुगेर सत्याग्रहमा होमिदा उनले 'बेमौसममा कराउनेहरू केही दिनमा आफैं चुप लाग्छन्' भनेर ठट्टा गरे।

चिकित्सा शिक्षा सुधार र स्वास्थ्य सेवा जनताको पहुँचमा पुर्‍याउन १५औं पटकसम्म अनशन गर्न बाध्य डा. गोविन्द केसीको शान्तिपूर्ण सत्याग्रहलाई लिएर यसरी ठट्टा गर्ने ओलीको चरित्र देशको कार्यकारी प्रमुखको जस्तो छैन/लाग्दैन। सधैं उखान टुक्का र ठट्टाले जनसमर्थन पाइँदैन/मिल्दैन। ओलीबाट नेपाली जनताले जे अपेक्षा गरेका थिए, सत्तामा पुगेपछि उनले विगतका शासककै प्रवृत्ति दोहोर्‍याएर सनातनी चरित्र प्रदर्शन गरिरहेका छन्। जंगबहादुरपछिको शक्तिशाली मानिएका ओलीको सत्तारोहण स्वतन्त्रताविरोधी देखिनु विडम्बनापूर्ण छ।

प्रधानमन्त्री ओलीको दम्भले बताइरहेको छ कि उनले गरेका हरेक कुरा ठीक हुन्, बाँकी सबै वाहियात। जनताको पक्षमा काम गरेको र जे गरे पनि समृद्धिका लागि भनेर ओली सरकारले भ्रमको खेती गरिरहेको छ। एउटा डाक्टरको शान्तिपूर्ण आन्दोलनले देशभरका स्वास्थ्य सेवा ठप्प हुने अवस्था सिर्जना हुँदा पनि ओलीले 'बेमौसममा कराउनेहरू' भनेर तुच्छ अभिव्यक्ति दिए। सरकारलाई खबरदारी गर्ने जति सबैलाई प्रतिपक्ष नै देख्ने ओलीको दोष हो या ओलीको दृष्टिदोष हो, त्यो छुट्याउन सकिएको छैन।

सरकारको विरोध गर्नासाथ अत्तालिएको भावमा जनताको पक्षमा गरिरहेको कामलाई ओझेलमा पार्ने प्रयास भनेर उनले आफ्नै बचाउ गरिरहेका छन्। सरकारको गुण र दोषका आधारमा प्रतिपक्ष दलले समर्थन या विरोध गरिरहेको हुन्छ। यस्तै, सञ्चारमाध्यमले चौथो अंगका रूपमा सरकारलाई खबरदारी र जनतालाई सुसूचित बनाइरहेको हुन्छ। यसै गरी, नागरिक समाजले नागरिकको स्वतन्त्रताको रक्षाका लागि आवाज उठाइरहेको हुन्छ। नेपालको लोकतान्त्रिक आन्दोलनमा नागरिक समाज र बुद्धिजीवीको भूमिका अहम् रहँदै आएको छ। आगामी दिनमा पनि रहने नै छ।

डा. केसीको सत्याग्रह एक सांकेतिक दृष्टान्त मात्र हो, त्यसको आयाम र आयतन निकै फराकिलो बन्दै गएको छ। यसको हेक्का ओली सरकारले राख्नुपर्छ। लोकतान्त्रिक सरकारले आफ्नो आलोचना सुन्न सदैव तयार हुनुपर्छ। देशमा बलियो सरकार स्थापित भएपछि जनताका आशा र अपेक्षा अपेक्षितरूपमा बढ्ने गर्छन्। ओली सरकारले पूरा गर्नुपर्ने थुप्रै विषय छन्, जुन क्रमशः टुंग्याउँदै जानुपर्नेछ। न्यायका लागि १५ वर्षदेखि अनशनरत गंगामाया अधिकारीको माग पूरा गर्नुपर्नेछ। जनताका जीविकासँग जोडिएका विषयदेखि विकास र समृद्धिको महान् उडान भर्न बाँकी नै छ।

डा. केसीले काठमाडौंमा आवश्यकताभन्दा बढी मेडिकल कलेज खुले, तिनीहरूले स्तरीय सेवा दिन सकेनन्, व्यापारमुखी भए भनेर केही समय सम्बन्धन रोक्नुपर्ने माग राखे। पूर्वाधारविना जथाभावी सम्बन्धन दिने विकृति रोक्न एउटा विश्वविद्यालयले पाँचवटाभन्दा बढी कलेजलाई सम्बन्धन दिन नहुने अडान राखे। सरकारले आफ्ना नेता तथा कार्यकर्ताको प्रभावमा चिकित्सा ऐन ल्याउन डा. केसीको अनशनको उपेक्षा गरिरहेको छ। यसले दूरगामी असर पर्ने स्पष्ट छ। ओली सरकारले बुझ्नुपर्ने कुरा के हो भने, डा. केसीले उठाएका माग व्यक्तिगत होइनन्। देशकै समग्र चिकित्सा शिक्षा र सेवा सुधारका लागि गरिएको आमरण अनशन छिटोभन्दा छिटो टुंग्याउनु जरुरी देखिएको छ।


*- सुरेश कार्की, भक्तपुर।*

## सामाजिक सञ्जाल




निर्वाचनका बेलामा निःशुल्क वाइफाईको सपना देखाएर भोट बटुल्ने, अनि सरकारमा गएपछि इन्टरनेटमा थप कर लगाउने निणर्यले लाखौ युवा मतदाताको चित्त दुखेको छ।

**Kishore Thapa**
**@Kishore_Sajha**



पांच महिना सत्ता सञ्चालनको दौरानमा सरकारको पहिलो देखिने र भनेकै दिनबाट कार्यान्वयनमा आएको काम भनेको करको वृद्धि मात्रै हो।

**Siromani Dhungana**
**@siromanid**



जिन्दगीमा म सबै मान्छेलाई महत्व दिन्छु, किनकि राम्राले साथ दिन्छन् र नरामाले केही अनुभव।

**जमुना पोखेल**
**@Jamunapokhrel2**

काठमाडौं जिल्लाका कीर्तिपुरबाहेक महानगरसहितका सबै नगरपालिका समेटिन्छन्। यसरी समेटिनेमा दक्षिणकाली, चन्द्रागिरि, नागार्जुन, तारकेश्वर, टोखा, बुढानीलकण्ठ, गोकर्णेश्वर, कागेश्वरी, मनोहरा र शंकरापुर नगरपालिका रहेका छन्।

# सर्वोच्चद्वारा ११ जना पदाधिकारी पुनर्बहाली

## 'मिश्रलाई पदमुक्त नगर्नू'

**नेपाल समाचारपत्र**

काठमाडौं

सर्वोच्च अदालतले निक्षेप तथा कर्जा सुरक्षण कोषका प्रमुख कार्यकारी अधिकृत विष्णुबाबु मिश्रलाई सोही पदमा पुनर्बहाली गर्ने आदेश दिएको छ। बुधबार न्यायाधीशद्वय ईश्वरप्रसाद खतिवडा र अनिलकुमार सिन्हाको संयुक्त इजलासले मिश्रको नियुक्ति प्रक्रिया निर्वाचन आयोगको आचारसंहिता अनुकूल रहेको देखिएकाले पदमुक्त गर्न नमिल्ने आदेश दिएको हो।

सर्वोच्चको आदेशमा भनिएको छ- 'निवेदक विष्णुबाबु मिश्रलाई नेपाल सरकार (मन्त्रिपरिषद्)को मिति २०७४/०६/२७ को निर्णयले निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन-२०७३ को दफा ४९ बमोजिम खुला प्रतियोगिताद्वारा ४ वर्षका लागि प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्ति गरेको देखियो।' मन्त्रिपरिषद् बैठकले देउवा सरकारको पालामा २०७४ भदौ १६ पछि गरेका सबै नियुक्ति निर्वाचन आचारसंहिताविपरीत रहेको भन्दै बदर गर्ने निर्णय गरेको थियो। त्यसविरुद्ध अदालत गएका मिश्रको रिटमा सुनुवाई गर्दै सर्वोच्चले असार २० गते मिश्रलाई पदमुक्त नगर्न अन्तरिम आदेश दिँदै दुवै पक्षलाई छलफलमा बोलाएको थियो। दुवै पक्षसँगको छलफलपछि सर्वोच्चले अन्तरिम आदेशलाई निरन्तरता दिएको हो।

अन्तरिम आदेश पाउनेहरूमा चलचित्र विकास बोर्डकी अध्यक्ष निकिता पौडेल, राष्ट्रिय सहकारी बोर्डका सहध्यक्ष दक्ष पौडेल, गोरखापत्र संस्थानका महाप्रबन्धक वसन्तप्रकाश उपाध्याय, एकीकृत बागमती विकास समितिका अध्यक्ष नरेन्द्रराज बस्नेत, घरेलु तथा साना उद्योग विकास समितिका कार्यकारी निर्देशक नवीनकुमार झा, नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष दीगम्बर झा हुनुहुन्छ। नेपाल स्टक एक्सचेन्जका प्रमुख कार्यकारी अधिकृत चन्द्रसिंह साउद, न्यूनतम पारिश्रमिक निर्धारण आयोगका अध्यक्ष गंगाधर पराजुली, राष्ट्रिय सहकारी विकास बोर्ड मध्यमाञ्चल विकास समितिका अध्यक्ष विमलकुमार निरौला र खानेपानी संस्थानका सञ्चालक लीलाराम शर्माले पुनर्बहाली पाउनुभएको हो।

# दुई मिनेट

## आज इन्जिनियर दिवस

ललितपुर, (नेस)

नेपाली इन्जिनियरको छाता संस्थाका रूपमा रहेको नेपाल इन्जिनियर्स एसोसिएसनले आज बिहीबार भव्यताका साथ ५६औं इन्जिनियर दिवस मनाउने भएको छ। एसोसिएसनका अध्यक्ष ई.हरेराम श्रेष्ठले इन्जिनियर दिवस भव्यताका साथ सम्पन्न गर्न सम्पूर्ण तयारी पूरा भएको बताउनुभएको छ। संघको केन्द्रीय कार्यालयले प्रकाशित गरेको सूचनाअनुसार बिहानदेखि नै केन्द्रमा काठमाडौंको राष्ट्रिय सभागृह तथा देशभित्र र विदेशमा रहेका क्षेत्रीय शाखा केन्द्र र शाखामा बिहानैदेखि विविध कार्यक्रम सञ्चालन हुने भएका छन्। केन्द्रीय कार्य समितिको आयोजनामा सभागृहमा बिहान ८:३० बजे रक्तदान कार्यक्रमको आयोजना गरिनेछ।

## एकीकृत फोहोरमैला व्यवस्थापन सम्झौता स्वीकृत

काठमाडौं, (नेस)

काठमाडौं उपत्यकाको एकीकृत फोहोरमैला व्यवस्थापन परियोजनाअन्तर्गत पहिलो प्याकेजको परियोजना विकास सम्झौता स्वीकृत भएको छ। यस प्याकेजको विकासकर्ता नेपवेस्ट कम्पनी प्रालिसँगको वार्तापश्चात् सम्झौता स्वीकृत भएको हो। प्रधानमन्त्री केपी शर्मा ओलीको अध्यक्षतामा बसेको बोर्डको ३१औं बैठकले सम्झौता स्वीकृत गरेको हो। प्याकेजमा काठमाडौं जिल्लाका कीर्तिपुरबाहेक महानगरसहितका सबै नगरपालिका समेटिन्छन्। यसरी समेटिनेमा दक्षिणकाली, चन्द्रागिरि, नागार्जुन, तारकेश्वर, टोखा, बुढानीलकण्ठ, गोकर्णेश्वर, कागेश्वरी मनोहरा र शंकरापुर नगरपालिका रहेका छन्। बैठकमा प्रधानमन्त्री, बोर्डका उपाध्यक्ष तथा अर्थमन्त्री, बोर्डका सदस्य मन्त्रीहरू, प्रदेश नं. ३ का मुख्यमन्त्री, राष्ट्र बैंकका गभर्नरलगायतको उपस्थिति रहेको थियो।

## चोरी गर्ने पक्राउ

भक्तपुर, (नेस)

विगत केही समयदेखि काठमाडौं उपत्यकाभित्र चोरी कार्यमा संलग्न रहेका भक्तपुर चागुनारायण नगरपालिका-७ बस्ने ४० वर्षीय पशुपति रिमाललाई प्रहरीले सोमबार पक्राउ गरेको छ। जेठ १५ गते राति भक्तपुर मध्यपुर ठिमी नगरपालिका-६ कुण्डोल भगवती मार्गस्थित नवीन बुढाथोकीको घरमा दराज फुटाई नगद तथा सुनचाँदीका गरगहनासमेत गरी करिब ७ लाख २५ हजार रुपियाँबराबरको धनमाल चोरी गरेको घटनामा संलग्न रिमाललाई महानगरीय अपराध महाशाखा र महानगरीय प्रहरी वृत्त ठिमीको संयुक्त प्रहरी टोलीले चोरी गरेका विभिन्न धनमालसहित पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ। उता मोरङ विराटनगर महानगरपालिका-१४ घर भई भक्तपुर सूर्यविनायक नगरपालिका-२ बालकोट बस्ने सन्तोष घिमिरेको घरबाट धनमाल चोरी भएको छ। बाथरुमको झ्यालबाट प्रवेश गरी मोबाइल २ थान र १ थान ल्यापटपसमेत गरी करिब १ लाख २५ हजार रुपियाँबराबरको धनमाल चोरी भएको प्रहरीले जनाएको छ।

# विश्वकै पहिलो महिला शंकराचार्यलाई सम्मान

**नेपाल समाचारपत्र**

काठमाडौं

विश्वको पहिलो महिला शंकराचार्य हेमानन्द गिरीलाई बिहीबार काठमाडौंमा सम्मान गरिनेभएको छ।

नेपाल व्यापार संघ केन्द्रीय समितिले बिहीबार एक कार्यक्रमको आयोजना गरी सम्मान तथा स्वागत गर्ने भएको हो। संघकी सचिव रुक्मिणी सेढाइले नेपालमा जन्मेकी चेली शंकराचार्य हुनु सबैका लागि गौरवको विषय भएको बताउनुभयो। गिरीले भारतमा बसेर नेपाल र नेपालीका लागि जुनसुकै क्षेत्रमा पनि योगदान गरेकाले सकारात्मक कामको कदर गर्दै सम्मान गर्न लागिएको सेढाइले बताउनुभयो।



अग्रवाल भवन कमलपोखरीमा आयोजना गरिएको कार्यक्रममा मन्त्री, सांसदका साथै धार्मिक तथा सामाजिक क्षेत्रमा आवद्ध अतिथिलाई आमन्त्रण गरिएको आयोजकले जनाएको छ। वर्ल्ड हिन्दु फेडेरेसनका अन्तर्राष्ट्रिय अध्यक्ष अजय सिंहले बिहीबार शंकराचार्यको प्रमाणपत्र प्रदान गर्नुहुने आयोजक संस्था नेपाल व्यापार संघका अध्यक्ष कुमार कार्कीले जानकारी दिनुभयो। कार्कीले शंकराचार्यको सम्मान पाउनुहुने गिरीको सामाजिक, सांस्कृतिक र धार्मिक क्षेत्रमा पुर्‍याएको योगदान उल्लेखनीय भएको बताउनुभयो। उहाँलाई एक साताअघि शंकाराचार्यको उपाधि दिइएको थियो।

२०३२ साल वैशाख ६ गते मोरङको पथरीमा गिरीको जन्म भएको थियो। गिरीले भारतमा मात्र नभएर नेपालमा पनि समाजसेवाका विभिन्न क्षेत्रमा राम्रो योगदान गर्नुभएको छ। 'पद, पैसा र सम्मान एकछिनका लागि मात्र हुन्छ तर समाजका लागि केही गर्न सकियो भने सदाका लागि अमर भइन्छ भनेर यो अभियानमा लागेकी हुँ', गिरीले भन्नुभयो- 'समाजका लागि यो जीवन अर्पण गरेकी छु, दुःखी, पीडित, असहाय र अनाथको सेवा गर्नु नै मेरो कर्तव्य हो।' महन्त, मण्डलेश्वर, पीठाधीश, महामण्डलेश्वर हुँदै उहाँ शंकराचार्य बन्नुभएको हो।

स्वामी रामदेवबाबाको योग शिविरमा १२ वर्षसम्म काम गरेर विश्वकै ६ जना महिलामध्ये प्रथम स्थान प्राप्त गर्न सफल गिरीले नेपालका विभिन्न ठाउँमा सडक, पानी, विद्यालय, बिजुली, संकटग्रस्त बस्ती, अनाथालय, वृद्धाश्रममा सामाजिक अभियान चलाउनुभएको छ। उहाँले मेडिकल क्याम्प र स्वास्थ्य शिविर पनि सञ्चालन गर्दै आउनुभएको छ।

# प्रतिष्ठानको कार्यकारी निर्देशकमा दाहाल

**नेपाल समाचारपत्र**

काठमाडौं

नेपाली कांग्रेसका उपसभापति एवं केन्द्रीय नीति तथा प्रशिक्षण प्रतिष्ठानका प्रमुख विमलेन्द्र निधिले ओखलढुंगाका पुरुषोत्तम दाहाललाई प्रतिष्ठानको कार्यकारी निर्देशकको पदमा नियुक्त गर्नुभएको छ।

नेपाली कांग्रेसको १२औं महाधिवेशनले पार्टीको नीति निर्माणमा सहयोग पुर्‍याउन र आम कार्यकर्तालाई पार्टीको आदर्श, नीति, सिद्धान्त बोध गराउने तथा देशव्यापी प्रशिक्षणको कार्यलाई नियमित र व्यवस्थित गर्न नयाँ केन्द्रीय विभागभन्दा माथिल्लो संयन्त्रका रूपमा गठित केन्द्रीय नीति तथा प्रशिक्षण प्रतिष्ठान १३औं महाधिवेशनपछि निष्क्रिय भएको छ।

प्रतिष्ठान प्रमुखले एक जना कार्यकारी निर्देशकसमेत नियुक्त गर्ने व्यवस्थाअनुसार उपसभापति निधिले दाहाललाई कार्यकारी निर्देशकमा नियुक्त गर्नुभएको हो। दाहाल विगत ४ दशकदेखि पत्रकारिता क्षेत्रमा अनवरतरूपमा सक्रिय हुनुहुन्छ भने विगत ३४ वर्षदेखि प्राध्यापनमा संलग्न हुनुहुन्छ। २०३१ सालदेखि नेपालका लोकतान्त्रिक आन्दोलनमा संलग्न दाहाल मानवअधिकारकर्मी तथा साहित्यकारसमेत हुनुहुन्छ। दाहालले २०४१ देखि २०५६ सम्म नेपाली कांग्रेसको केन्द्रीय प्रचार विभागको सदस्य भएर कामसमेत गरिसक्नुभएको छ।

नेपाली कांग्रेस केन्द्रीय कार्यालयका मुख्य सचिव कृष्णप्रसाद पौडेलले जानकारी दिएअनुसार प्रतिष्ठानका प्रमुखसमेत रहनुभएका उपसभापति निधिले कांग्रेसको नियमावली-२०६८ को नियम २७ (३) बमोजिम दाहाललाई बुधबार नियुक्त गर्नुभएको हो ।

कांग्रेसको महत्त्वपूर्ण संरचना मानिएको केन्द्रीय नीति तथा प्रशिक्षण प्रतिष्ठानको गठनसम्बन्धी व्यवस्था विधानको धारा ३६ मा उल्लेख गरिएको छ भने यसको संरचना र नियममित कार्य सञ्चालनबारे नियमावलीमा उल्लेख छ। उपसभापतिको प्रमुखत्वमा गठन हुने यो प्रतिष्ठानमा केन्द्रीय सदस्य एवं पार्टीका उपयुक्त व्यक्ति उपप्रमुख रहने व्यवस्था छ। यसको संरचना निर्माण गर्दा प्रतिष्ठानका प्रमुखले सम्बन्धित विषय क्षेत्रका ज्ञाता पार्टीका क्रियाशील सदस्यमध्ये २५ जनालाई सदस्यमा नियुक्त गर्ने व्यवस्था छ।

कांग्रेसभित्र समयमै उपसभापति मनोनित नहुँदा र सभापति शेरबहादुर देउवा स्वयंले समेत अग्रसरता लिएर प्रतिष्ठानको उद्देश्यअनुरूप कार्य अघि बढाउन नसक्दाको कारण पनि हालै सम्पन्न तीनै तहको निर्वाचनमा कांग्रेस पराजित हुन पुगेको भनी नेतृत्वको आलोचना भइरहेको थियो।

प्रतिष्ठानको उद्देश्यअनुरूप प्रभावकारी काम नभएकाले पहिलो संविधानसभामा ठूलो दलको हैसियत कायम राख्न सकेको कांग्रेसले दोस्रो संविधानसभाको निर्वाचनमा लज्जास्पद हार बेहोरेको थियो।

### प्रतिष्ठानका काम

- ❖ विभिन्न विषय क्षेत्रमा कार्यरत सिर्जनशील, बौद्धिक र व्यावसायिक जनशक्तिको सहयोग लिई प्रतिष्ठानले पार्टीको नीति निर्माण र नियमित प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने।
- ❖ नियमितरूपमा विषयगत विचार गोष्ठी, अन्तरसंवाद र परामर्श कार्यक्रम सञ्चालन गर्ने।
- ❖ पार्टी सदस्य तथा विभिन्न तहका पार्टी पदाधिकारीलाई लगी प्रतिष्ठानद्वारा निर्धारित कार्यक्रमअनुसार राजनीतिक, सामाजिक, आर्थिक विषयमा प्रशिक्षण गराउने।
- ❖ प्रतिष्ठानलाई ६/६ महिनामा आफ्नो प्रतिवेदन केन्द्रीय कार्यसमितिमा प्रस्तुत गर्ने।
- ❖ भ्रातृ तथा शुभेच्छुक संस्थाका व्यक्तिलाई संलग्न गराई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने।
- ❖ राजनीतिक, आर्थिक, सामाजिक, शैक्षिक र विकाससम्बन्धी विविध विषयमा पार्टीले अख्तियारी गर्नुपर्ने नीति निर्माण कार्ययोजना तर्जुमा गर्ने।
- ❖ तर्जुमा भएका नीति पार्टीबाट स्वीकृत गराई पार्टीगत तहमा कार्यान्वयन गर्ने, गराउने।
- ❖ पार्टीको नीति तथा कार्यक्रमको निर्माण गर्दा अनुसन्धान तथा मूल्यांकन विभागले निकालेको निष्कर्ष र प्रतिवेदनलाई समेत प्रयोग गर्ने।


## सिनेमा कर्नर










**अग्नि यातायात प्रा. लि.**

दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )


**माउन्ट मकालु यातायात सेवा**

काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३


## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : शत्रु विजय, खेलकुद, परीक्षा, मुद्दामामिला आदिमा सफलता।
**वृष** : धन-सम्पत्ति प्राप्ति, कार्यसिद्धि, सन्तान-सुख, विविध लाभ।
**मिथुन** : दिनचर्या अस्तव्यस्त, अपच, दौडधुप, विवाद, चिन्ता।
**कर्कट** : मान-सम्मान, उन्नति-प्रगति हुने, द्रव्य लाभ हुनेछ।
**सिंह** : प्रसन्नता, सुख-सन्तोष, धनलाभ, उपलब्धिमूलक लगानी हुनेछ।
**कन्या** : कोसेली, पुरस्कार, धन प्राप्ति, कार्य सफल, मिष्ठान्न भोजन।
**तुला** : चोटपटकको सम्भावना, अस्वस्थता, इष्टमित्रसँग विवाद।
**वृश्चिक** : वस्तु वा सेवाको प्राप्ति, मिष्ठान्न भोजन, पैसा हात पर्ने।
**धनु** : कार्यसिद्धि, निरोगिता, सुख-सन्तोष, दिमाग स्वच्छ हुनेछ।
**मकर** : राजनीति एवम् व्यापारमा सफलता, ऐश्वर्य वृद्धि, कार्य सफल।
**कुम्भ** : बिरामी हुने सम्भावना, कार्यमा बाधा, धन हानि, कष्ट।
**मीन** : सम्पत्ति प्राप्ति, समस्या समाधान, पढाइ-लेखाइमा सफलता।



# प्रदेश-३

‘चरा संरक्षण कुनै क्षेत्रविशेषको एकल अभियानले हुन सक्दैन। यिनीहरूको संरक्षणमा जनसहभागिता र जनचासो अपरिहार्य छ।’ –हेटौंडाको फरेस्ट्री क्याम्पस तथा कर्रा र राप्ति खोला क्षेत्रमा लामो समय अनुसन्धान गर्नुभएका प्रकाश जैसीले बताउनुभयो।

# कार्यालय समायोजन अनिश्चित, कर्मचारी अन्योलमा

चिरञ्जीवी मास्के, दोलखा

संघीयता कार्यान्वयनको क्रममा नयाँ आर्थिक वर्षबाट स्थानीय तहमा समायोजन हुने भनिएका विकासे कार्यालयहरू सरकारको स्पष्ट निर्देशन नहुँदा अन्योलमा परेका छन्।

जिल्ला स्वास्थ्य कार्यालय दोलखाका प्रमुख अजयकुमार चौरसिया मन्त्रालयबाट स्पष्ट निर्देशन नहुँदा कसरी काम गर्ने र केके काम गर्ने भन्ने अन्योल भएको बताउँछन्। ‘नयाँ आर्थिक वर्षबाट स्थानीय तहमा समायोजन गर्ने भन्ने थियो तर मन्त्रालयबाट कुनै निर्देशन आएको छैन।’ - प्रमुख चौरसियाले भने। आफूले मन्त्रालयमा सम्पर्क गर्दा अहिले कार्यालयमै हाजिर गरेर बस्नु, पछि पत्र आउँछ भन्ने जवाफ पाएको उनले बताए।

जिल्ला कृषि विकास कार्यालय दोलखाका प्रमुख नारायण श्रेष्ठ पनि नयाँ आर्थिक वर्षबाट कार्यालय नरहने भए पनि मन्त्रालयबाट स्पष्ट निर्देशन नआउँदा काममा अन्योल भएको बताउँछन्। ‘अहिले कार्यालयमै ठाडो हाजिर गरेर बस्नु भन्ने निर्देशन आएको छ’, प्रमुख श्रेष्ठले भने- ‘जसका कारण के काम गर्ने र कता जानुपर्ने हो भन्ने अन्योल छ।’ जिल्ला कृषि विकास कार्यालय दोलखामा कार्यालय प्रमुख एक, प्राविधिक दुई र कार्यालय सहयोगी ११ जना रहेका छन्। सेवा केन्द्रहरूमा रहेका कर्मचारी भने यसअघि नै स्थानीय तहमा गइसकेका छन्। कार्यालयको सामान बुझबुझारथका लागि तयारी गरेको तर स्पष्ट निर्देशन नहुँदा थन्काएर राख्नुपरेको प्रमुख श्रेष्ठको भनाइ छ।



संघीय संरचनाअनुसार दोलखा जिल्लामा रहेका विभिन्न १७ वटा कार्यालय खारेजीमा परेका छन्। ती कार्यालयहरू आर्थिक वर्ष ०७५/०७६ देखि स्थानीय तहमा समायोजन हुने उल्लेख छ। तर सरकारको स्पष्ट निर्देशनको अभावमा स्थानीय तहमा समायोजन हुनुपर्ने कार्यालयका प्रमुख एवं कर्मचारीहरू अन्योलमा परेका छन्। जिल्ला स्वास्थ्य कार्यालय दोलखामा १५ जना कर्मचारीहरू कार्यरत छन्। उनीहरू अहिले के काम गर्ने र कसरी गर्ने भन्ने अन्योलमा रहेको कार्यालय प्रमुख चौरसियाको भनाइ छ।

जिल्ला पशु सेवा कार्यालय दोलखामा झन् समस्या रहेको पशु चिकित्सक डा. रामचन्द्र सापकोटा बताउँछन्। ‘जिल्लामा अहिले पशुमा लाग्ने खोरेतलगायतका रोगको प्रकोप छ, तत्काल स्पष्ट निर्देशन भएन भने काम गर्न निकै समस्या हुन्छ।’ -डा. सापकोटाले भने। जिल्ला स्वास्थ्य, जिल्ला कृषि विकास जसरी नै जिल्ला पशुसेवा कार्यालयको गाउँमा रहेको १४ वटा सेवा केन्द्रसमेत गाउँपालिकामा समायोजन भइनसकेकोले झन् समस्या भएको डा. सापकोटा बताउँछन्। जिल्ला पशुसेवा कार्यालयमा अहिले १६ जना अस्थायी करार र ४७ जना स्थायी गरी ६३ जना कर्मचारी रहेका छन्। सम्बन्धित मन्त्रालयबाट स्थायी कर्मचारीलाई ठाडो हाजिर गराउने र अस्थायीलाई हाजिर नगराउने निर्देशन आएको पनि डा. सापकोटाले बताए।

दोलखा सदरमुकाम चरिकोटमा रहेको डिभिजन सहकारी कार्यालय भने असार ३२ गते विधिवत् रूपमा स्थानीय तहमा समायोजन भएको छ। डिभिजन सहकारीले कार्यालयमा रहेको जिन्सी सामान जिल्ला समन्वय समितिमा बुझाएको समन्वय प्रमुख डबल पाण्डेले बताए। कार्यालयमा रहेका कर्मचारीहरूमा कार्यालय प्रमुख विभागमा गएको, एक जना कर्मचारी जिल्ला समन्वय समितिमा हाजिर भएको र करारमा रहेका तीन जना कर्मचारी बिदा भएको जिल्ला समन्वय समितिको प्रमुख पाण्डेले बताए। तर अन्य कार्यालयले भने अहिलेसम्म बुझबुझारथ नगरेको पाण्डेको भनाइ छ।

चालू आर्थिक वर्षको अन्त्य भएकाले सोमबार मन्त्रिपरिषद् बैठकले कार्यालयहरू समायोजन गर्ने विषयमा कुनै ठोस निर्णय गर्छ भन्ने अपेक्षा गरिएकोमा त्यसो हुन नसकेको र जिल्लामा समायोजन हुनुपर्ने कार्यालयको कर्मचारीहरू अन्योलमा परेको समन्वय प्रमुख पाण्डेको भनाइ छ।

# द्वन्द्वपीडितलाई आएको साढे २ करोड मात्रै वितरण

नेपाल समाचारपत्र

नुवाकोट

देशमा चलेको दशवर्षे सशस्त्र युद्धमा भएका पीडितका लागि नुवाकोट आएको ५ करोड रुपियाँमध्ये साढे २ करोड मात्रै वितरण भएको छ।

जिल्ला प्रशासन कार्यालय नुवाकोटका अनुसार आएको ५ करोडमध्ये आधा रकम मात्र वितरण भएको हो। जिल्ला प्रशासन कार्यालय नुवाकोटले सशस्त्र युद्धमा प्रभावितलाई सूचना प्रकाशन गरी राहत रकम लिन आह्वान गरेको थियो। तर समयमा द्वन्द्वपीडितले विवरण नदिंदा आधा रकम फ्रिज भएको हो।

अघिल्लो आर्थिक वर्षमा नुवाकोट प्रशासनले द्वन्द्वप्रभावितका लागि रकम बाँड्ने बताएको थियो। प्रभावित नागरिकहरूलाई राहत रकम उपलब्ध गराएको पनि थियो। तर, त्यस अवधिमा छुटेका द्वन्द्व प्रभावित नागरिकलाई गत वर्ष रकम उपलब्ध गराइएको हो। द्वन्द्वपीडितलाई पाँच वर्गमा विभाजित गरी १ हजार ५१ व्यक्ति तथा परिवारका लागि २ करोड ८८ लाख ७५ हजार रुपियाँ बैंकमार्फत वितरण गरेको प्रशासकीय अधिकृत नन्दलाल शर्माले बताए।

शान्ति तथा पुनर्निर्माण मन्त्रालय द्वन्द्वप्रभावित व्यक्ति, परिवार तथा संरचनाको लगत संकलन कार्यदलले तयार गरेको प्रतिवेदनको आधारमा निवेदन संकलन गरी पहिचान भएकालाई क्षतिपूर्ति तथा आर्थिक सहायतास्वरूपमा रकम उपलब्ध गराइएको प्रशासकीय अधिकृत नन्दलाल शर्माले बताए। आर्थिक वर्ष २०७३/७४ मा निर्माण भएको कार्यदलको प्रतिवेदनअनुसार सशस्त्र द्वन्द्वमा सर्वसाधारण मृतक १३ जनालाई १ लाख ५० हजार रुपियाँ उपलब्ध गराइएको हो। यसअघि मृतकको परिवारलाई उपलब्ध गराइएको रकममा अन्तिम किस्ताको १ लाख ५० हजार थप गरी १० लाख पुऱ्याइएको छ।

यस्तै, बेपत्ता भएका १७१ जनाको परिवारका लागि यसअघि उपलब्ध गराइएको रकममा थप २५ हजार उपलब्ध गराइएको छ। द्वन्द्वको समयमा राज्य तथा तत्कालीन विद्रोही पक्षबाट अपहरणमा परेको भनी पहिचान भएका ५८ जना र विस्थापित जीवन बिताउन बाध्य ९ सय ७९ जनाका लागि २५/२५ हजार राहत रकम बैंकमार्फत वितरण गरिएको हो। कार्यदलको प्रतिवेदनअनुसार द्वन्द्वपीडित वितरण गर्ने ४ करोड ५० लाख रुपियाँ बजेट प्राप्त भए पनि निवेदनमा पर्याप्त प्रमाण नपुगेको तथा बैंक खाता नभएका व्यक्तिलाई रकम उपलब्ध गराउन नमिल्ने भएकाले सबै पीडित समेट्न नसकेको प्रजिअ उद्धवबहादुर थापाले बताए। द्वन्द्वपीडितको पहिचान नहुँदा वितरणका लागि आएको १ करोड ६१ लाख २५ हजार रुपियाँ फिर्ता भएको छ।

## चरा संरक्षणमा निस्क्रियता

# ९१ प्रजातिका चरा हेटौंडा आसपास

नेपाल समाचारपत्र

हेटौंडा

नेपालमा पाइनेमध्ये करिब ९१ प्रजातिका चरा हेटौंडा आसपास रहेको पाइएको छ। यति धेरै प्रजातिका चरा पाइने भए पनि यस क्षेत्रमा चरा संरक्षणसम्बन्धी खासै कदम चालिएको पाइँदैन।

यस क्षेत्रमा पाइने चरा संरक्षण गर्न न सरकारी निकायबाट कुनै पहल भएको पाइन्छ, न त स्थानीयस्तरबाट। चरासम्बन्धी खोज तथा अनुसन्धान गर्ने सरकारी तथा गैरसरकारी संस्थाको पनि यस क्षेत्रमा नजर गएको पाइँदैन।

बासस्थान तथा चरनक्षेत्र विनास, बढ्दो चोरी/शिकार, उडान मार्गमा हुने अवरोध र बदलिँदो तापमान तथा मौसम परिवर्तनजस्ता कारण यस क्षेत्रमा पाइने चरा हराउन थालेको वनविज्ञान अध्ययन संस्थान हेटौंडाको बीएस्सी चौथो वर्षका अनुसन्धानकर्ता विद्यार्थी प्रकाश जैसीले बताउनुभयो। करिब ६ महिना लगाएर गरिएको स्थलगत अनुसन्धानबाट हेटौंडा क्षेत्रमा किंगफिसर, बर्बेप र पोण्ड हिरेनलगायत चरा पाइएको उहाँले बताउनुभयो।

‘चरा संरक्षण कुनै क्षेत्रविशेषको एकल अभियानले हुन सक्दैन। यिनीहरूको संरक्षणमा जनसहभागिता र जनचासो अपरिहार्य छ।’ -हेटौंडाको फरेस्ट्री क्याम्पस तथा कर्रा र राप्ति खोला क्षेत्रमा लामो समय अनुसन्धान गर्नुभएका उहाँले दीर्घकालीन संरक्षणका लागि स्थानीय समुदाय, स्थानीय सरकार र सरोकारवाला निकायको समन्वय आवश्यक रहेको बताउनुभयो।

तर, यस्तो समन्वय र पहल भएको पाइँदैन। करिब ९१ प्रजातिका चरा पाइने ठाउँलाई बेवास्ता गरेर अगाडि बढिएन र अब पनि यस क्षेत्रमा नजर लगाइएन भने चरा संरक्षण अभियानले पूर्णता नपाउने निश्चितजस्तै रहेको उहाँको दाबी छ। हेटौंडा क्षेत्र चराको स्थायी बासस्थानमात्र नभएर यो चराका लागि भूपरिधि पनि हो। चराले यस क्षेत्रलाई बसाइँ सराइका लागि पनि प्रयोग गरेको पाइन्छ।

‘चरा संरक्षण अभियानलाई सफल बनाउन यस क्षेत्रको पनि संरक्षण र प्रवर्द्धन गर्नु आवश्यक देखिन्छ,’ उहाँले भन्नुभयो- ‘स्थानीयस्तरमा यसलाई सहभागितामूलक जैविक विविधता संरक्षण तथा दिगो व्यवस्थापन एवं पर्यटन उद्योग र विकाससँग लैजानु आवश्यक छ।’

यदि यसो गर्न सकिए यस क्षेत्रको जैविक विविधता संरक्षण, पर्यटन क्षेत्र विकास गर्न सकिने उहाँको विचार छ। उहाँले राष्ट्रिय चरा संरक्षण अभियानलाई पनि सफल बनाउन सकिने भन्दै यस क्षेत्रका सरोकारवाला निकायले चासो दिनु आवश्यक रहेको सुझाउनुभयो।

संसारभर ११ हजार ३३ प्रजातिका चरा पाइन्छन्। यो सन् २०१० को आँकडा हो। नेपालमा ८ सय ७० प्रजातिका चरा पाइन्छन्, जुन संसारको ९ प्रतिशत हुन्छ। छिमेकी चितवनमा ६ सय ३४ प्रजातिका चरा पाइन्छन्। र, यो विश्वको ५ प्रतिशत हो।

चरा जोगाउन मकवानपुरमा पछिल्लो समय स्थानीयस्तर केही सक्रिय देखिन्छ। माघे संक्रान्तिका दिन खाने तरुल खोज्न मानिसहरू जंगल जाने गर्दथे र त्यही मौका छोप्दै उनीहरू चरा मार्थे। परम्पराका रूपमा विकसित भएकाले बालबालिकादेखि पाकासम्म चरा लखेट्न कस्सिन्थे।

## वर्गीकृत डिस्प्ले



बोरिङ्ग इनारको रातो पहेलो पानीलाई शुद्ध र सफा गरिन्छ।

जलपाईवी वाटर सोलुसन
फोन नं:- ९८५१०६९६९२, ९८५१०२१०३८

वर्गीकृत डिस्प्ले

आइतबार, मंगलबार, बिहीबार र शुक्रबार
रू. १००० ।-
मूअकबाहेक
विस्तृत जानकारीका लागि
कामना न्यूज पब्लिकेशन प्रा.लि.
तीनकुने
फोन : ४२१९९८४, ४२१९०२६ ४२१९६२२, ४२१९४४५

# बोलेरो दुर्घटनामा चालकको मृत्यु

दोलखा, (नेस)

दोलखा भीमेश्वर नगरपालिका वडा नम्बर ४ जिलुमा हिजो बुधबार बोलेरो दुर्घटना हुँदा चालकको मृत्यु भएको छ।

सदरमुकाम चरिकोटतर्फ आउने क्रममा बा१६च २९५८ नम्बरको बोलेरोको ब्रेकफेल भई दुर्घटना हुँदा चालक स्थानीय ५५ वर्षीय चेतप्रसाद सापकोटा गम्भीर घाइते भएको र उनको उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय दोलखाले जनाएको छ।

दुर्घटनामा गम्भीर घाइते भएका चेतप्रसादको सदरमुकाम चरिकोटस्थित सामुदायिक अस्पतालमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ। उनको पेटमा चोट लागेको जनाइएको छ। बोलेरोमा सवार अन्य ५ जना भने सकुशल रहेको प्रहरीले जनाएको छ।

## वर्गीकृत विज्ञापन

**डिप्रेशन र माईग्रेनको सफल उपचार !!!**

- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङटा लाग्ने, कान कराउने ड्म्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प तात्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहींबाट नभएकाहरूलाई पनि निको पारिने।**

**उपचारमा नयाँ आविस्कार सम्बन्धी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।**

**युनिक मेडिटेशन सेन्टर**
नारायणी पेट्रोल पम्प
रिङरोड, बाफल
४२७९५९५, ९८४९२२८०५९, ९८१३१२५५५८

**मर्मत**

अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्कारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरु धमाधम बिक्री भइरहेको छ । डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला ।

**उपलब्धी सुविधाहरु**

(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

**चाहियो**

**मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।**
खान बस्नको सुविधासहित।
If you are satisfied,
tell others
If not tell us.
**राजु मो-बाइक कन्सर्न**
न्यूप्लाजा, पुतलीसडक,
काठमाडौं
फोन नं. ४४३१२८६, ५०१०५५०

# नुवाकोटमा रहेका सरकारी कार्यालयहरू अन्योलमा

नुवाकोट, (नेस)

नुवाकोटमा रहेका सरकारी कार्यालयहरू जिल्ला कृषि विकास कार्यलय, पशु विकास कार्यालय, जिल्ला वन कायर्यलय, शिक्षा विकास तथा समन्वय एकाइ र खानेपानी डिभिजन कार्यालय आर्थिक २०७४/७५ सकिएसँगै जिल्लामा कार्यालय रहने कि नरहने भन्ने पक्षमा अन्योल रहेको छ।

नयाँ संविधानमा स्थानीय, प्रदेश र केन्द्रीय सरकार गठन भएपछि अधिकांश जिल्लास्तरीय सरकारी कार्यालयहरू खारेज हुने व्यवस्था भएसँगै केन्द्र सरकार र प्रदेश सरकारले ठोस निर्णय नलिँदा कार्यालय प्रमुख तथा कर्मचारीहरू कार्यालय रहने कि नरहने विषयमा अन्योलमा परेका छन्। भोलिबाट के काम गर्ने, के नगर्ने कार्यालयमा हाजिरसमेत गर्ने कि नगर्ने भन्ने पक्षमा अन्योलता बढेको कर्मचारीले बताएका छन्।

जिल्लास्थित विषयगत सरकारी कार्यालयको स्थिति के हुने भन्ने विषयमा सरकारी कार्यालयका प्रमुख र कर्मचारीहरू अन्योलग्रस्त बनेका छन्। सरकार आफैले ऐन कार्यान्वयन गर्न नसक्दा एकातिर कर्मचारीहरू अन्योलमा छन् भने अर्कोतिर सेवाग्राहीहरू अब के हुने भन्ने विषयमा अज्ञात रहेका छन्। सरकारी निर्णयको ढिलाइका कारण संविधान र ऐनले स्थानीय तहलाई दिएको अधिकारसमेत खोसिँदै गएको छ।

नयाँ संविधानअनुसार गत असोज २९ गते जारी भएको स्थानीय सरकार सञ्चालन ऐन, ०७४ अनुसार जिल्लास्थित अधिकांश विषयगत कार्यालयहरूको जिम्मेवारी स्थानीय तहमा सरेपछि उब्जिएको विषयगत कार्यालयसम्बन्धी प्रश्नको अझै हल भने निस्केको छैन। सिंहदरबारको अधिकार गाउँगाउँमा भनिए पनि कतिपय सरकारी कार्यालयहरू अहिलेसम्म व्यवहारत: स्थानीय तहमा भने नसरेको अवस्था रहेको छ।

## नेपाल समाचारपत्र को वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरू

**काठमाडौं**

गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोन: ३७०७०५, फ्याक्स: ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योञ्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८१९ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७१९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोन: ३५३९४१, फ्याक्स: ३५३९९६ ● ध्रुवको पसल डिल्लीबजार, फोन: ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोन: ४८६५१३, ४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्र्याक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिव्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोन: ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोन: २८२४५१, २८०६७३, फ्याक्स: २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोन: २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोन: ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोन: ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३९५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९१९, ४२४६१३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट्र) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोन: ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P .O . Box : 24829 l Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658 ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्यूनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२, फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२१९१७३ फोन : ४२७४६३३, ४२८९२६०

**ललितपुर**

हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१८६० ● ज्ञान स्टेनसरी, पाटनढोका, फोन: ५४५५९२ ● ललित म्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोन: ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोन: ९८४१७६९५९२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

**भक्तपुर**

सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मल: स्टेसनरी गठाघर, फोन: ६३०७५७ ● बेबिस आर्ट इटाछें : ६१२७२४

२०७५, साउन
बिहीबार
३

गाउँपालिकामा बालविवाहको मुद्दा आएपछि बालक तथा बालिका र दुवै पक्षका अभिभावकलाई डकुमेन्ट्री देखाएर सचेत गराउने गरिएको उपाध्यक्ष शेरचनले बताउनुभयो।




# जनसत्ताका लिखतले समस्या

**दीपेन्द्र शर्मा, सुर्खेत**

कर्णाली प्रदेशका जिल्लामा जनसत्ताका लिखतले नागरिकलाई समस्यै समस्या भएको छ।

तत्कालीन विद्रोही नेकपा माओवादीले सञ्चालन गरेको जनयुद्धमा निर्माण गरिएको जनसत्ताबाट पास गरिएका जग्गाहरूले मान्यता नपाएपछि कर्णालीका जिल्लाहरूमा समस्या भएको हो।

कर्णाली प्रदेशका रुकुम, सल्यान, जाजरकोटलगायतका जिल्लामा विगतमा जनसत्ताबाट पास गरेका जग्गाहरूले मान्यता पाउन सकेका छैनन्। पहिला जनसत्ताको कार्यालयमा गएर पास गरेका जग्गाहरू अहिले सम्बन्धित जग्गाधनीले बढी मूल्यमा अन्यत्र बिक्री गरेपछि विगतमा जग्गा किनेका जग्गाधनीलाई समस्या भएको छ। अहिले जग्गाधनीहरूले जग्गा प्राप्तिका लागि स्थानीय र प्रदेश सरकारलाई गुहारेका छन्।

२०६१ सालमा सानीभेरी गाउँपालिका-४ रुकुम पश्चिमका धनबहादुर विकले स्थानीय रने कामीबाट १ लाख ७३ हजार रुपियाँमा २ रोपनी जग्गा किने। शान्ति प्रक्रियासँगै जग्गाको किचलो शुरू हुँदा २०६६ सालमा रनेले त्यही जग्गा १० लाखमा गाउँकै टाउके कामीलाई बिक्री गरेपछि आफू अन्यायमा परेको धनबहादुरले बताए। बिगतमा जनसत्ताबाट लिखत पास गरेको जग्गा अन्तै बिक्री गरे पनि आफूले नछोडेपछि समस्या अदालतसम्म पुगेको धनबहादुरको भनाइ छ। आफूले जग्गा नछोडेपछि टाउकेले जिल्ला अदालतमा मुद्दा दायर गरेको उनले बताए।

अदालतले जनसत्ताको लिखतलाई मान्यता नदिएपछि आफूले जग्गा नपाएर टाउकेको भएको विकले बताए। जिल्ला अदालतबाट मुद्दा हारेपछि धनबहादुरले तत्कालीन पुनरावेदन अदालत तुल्सीपुर दाङमा पुनरावेदन गरे। त्यहाँ पनि उनले मुद्दा हार्नुपर्‍यो। धनबहादुरसँग अहिले जनसत्ताले रजिस्ट्रेसन गरिदिएको पुर्जा मात्रै छ। 'न पैसा पाइयो, न जग्गा रह्यो।' -उनले भने। विगतमा जनसत्तामा जग्गा पास गरेर अहिले समस्या भएका धेरै भएको भन्दै सरकारले यो समस्यालाई समधान गर्न पहल गर्नुपर्ने विकको भनाइ छ।

त्यस्तै बारेकोट गाउँपालिका-५ जाजरकोटका दलबहादुर बोहराले पनि २०६१ सालमा छिमेकीबाट १ लाख ६५ हजारमा जग्गा खरिद गरे। शान्ति प्रक्रियालगत्तै मूल धनीले सोही जग्गा अर्का छिमेकीलाई बिक्री गरेपछि विवाद शुरू भयो। सशस्त्र द्वन्द्वका बेला जनसत्ताबाट लिखत पास गरेको जमिन दलबहादुरले छोड्न नमान्दा शान्ति प्रक्रियापछिका खरिदकर्ताले अदालतमा मुद्दा दायर गरे। अदालतले मालपोत कार्यालयमा भएको रजिस्ट्रेसनलाई मान्यता दिएपछि ५ वर्षदेखि भोगचलन गरिरहेको जमिन छोड्न बाध्य भएको दलबहादुर बोहराले बताए। विगतमा सहमतिमै पैसा तिरेर किनेकाले जनसत्ताले दिएको लिखतलाई मान्यता दिनुपर्ने बोहराको भनाइ छ। आफूहरूले कसैको जग्गा नहडपेको र दुई पक्षको सहमतिमै जग्गा किनबेच भएकाले राज्यबाट आफूहरूले न्याय पाउनुपर्ने बोहराको तर्क छ।

- 'कानुन बनाएर जनसत्ताका लिखतलाई मान्यता दिन्छौं'
- राज्यबाट न्याय पाउनुपर्ने पीडितको माग
- ११ जनाविरुद्ध अदालतमा मुद्दा

तत्कालीन जनसत्ताले रुकुममा मात्रै ३ हजार ५ सय ७३ जग्गा रजिस्ट्रेसन गरेको थियो। एउटै जग्गालाई दुईतर्फ बिक्री गरेपछि विवाद हुँदा ११ जनाविरुद्ध अदालतमा मुद्दा पर्‍यो। जनसत्ताको लिखतलाई अदालतले मान्यता नदिएपछि सबैले मुद्दा हारेका थिए। रुकुम, सल्यान, जाजरकोटलगायतका जिल्लामा सशस्त्र द्वन्द्वका बेला सदरमुकामसम्म पुगेर जग्गा किनबेच गर्न सक्ने अवस्था थिएन। विद्रोही माओवादीले सञ्चालन गरेको जनसत्तामै जग्गाको किनबेच हुन्थ्यो।

कर्णाली प्रदेश सरकारका प्रवक्ता एवं भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री विमला केसीले राजनीतिक सहमतिका आधारमा कानुन र आयोग बनाएर जनसत्ताका लिखतलाई वैधता दिइने बताइन्।

प्रदेश सरकारले कानुन र आयोग बनाएर समस्याको समाधान गर्ने तयारी गरिरहेको मन्त्री केसीले बताइन्। उनका अनुसार गाउँमा जनयुद्धका बेला सबै राजनीतिक दलसँग आस्था राख्नेले जनसत्तामै गएर जग्गा किनबेच गर्ने गरेका थिए।

जग्गा किनबेच गर्ने माओवादीका कार्यकर्ता मात्रै नभएकाले यो समस्या साझा समस्या भएको उनले बताइन। सबैको साझा मुद्दा भएकाले जनसत्ताका लिखतलाई मान्यता दिनका लागि सबै राजनीतिक दलहरू सकारात्मक हुनुपर्ने केसीको भनाइ छ। रुकुम, सल्यान र जाजरकोटमा यो समस्या अधिक रहेको भन्दै अहिले प्रारम्भिक डाटा संकलनको काम भइराखेको मन्त्री केसीले जानकारी दिइन्।

## कृषि बागवानीका अधिकृतलाई कालोमोसो

डोटी, (नेस)

नेत्रविक्रम चन्द 'विप्लव'ले नेतृत्व गरेको नेपाल कम्युनिस्ट पार्टी नेकपाले डोटीको शिखर नगरपालिकाको कृषि एकाइ कार्यालयमा कार्यरत बागवानी विकास अधिकृत कृष्णदत्त पाण्डेलाई कालोमोसो दलेका छन्। सो पार्टीको जिल्ला जनपरिषद् डोटीले बागवानी विकास अधिकृत पाण्डेले विभिन्न ७ वटा योजनामा भ्रष्टाचार गरेकोले आफूहरूले कारबाही गरेको विज्ञप्तिमार्फत जानकारी दिएको छ।

जिल्ला जनपरिषद् डोटीद्वारा प्रकाशित गरिएको विज्ञप्तिमा बागवानी विकास अधिकृत पाण्डेले मिक्स बिउ तरकारी ७५ हजारको खरिद गरेको तर बिल भर्पाइ ३ लाखको बनाएको, भटमास र युरिया १ लाख बराबरको ल्याएको तर कृषकहरूलाई वितरण नगरेको, कृषि सामग्री वितरण गर्दा कृषकलाई नाममा हस्ताक्षर गराएको तर पाउनुपर्ने रकम कति भनी जानकारी नगराएको विज्ञप्तिमा उल्लेख छ।

त्यसै गरी किसानलाई अनुदानमा दिनुपर्ने बिउबिजन पनि आधा मूल्यमा वितरण गरेको, वितरण प्रक्रियामा एकलौटी तरिकाले निजीकरणजस्तो गर्ने गरी काम गरेको, १ करोड २० लाख रकम कार्यालयमा आएको तर त्यो बराबरको काम नगरी जम्मा ३०/३५ लाखको मात्र काम गरी अन्य रकम हिनामिना गरेको तथा विभिन्न प्रयोजनामा आर्थिक भ्रष्टाचार गरेकाले कारबाही गरिएको विज्ञप्तिमा उल्लेख गरिएको छ।

# तीन महिनामा ८ बालविवाह बदर

**सिर्जना पन्त, बागलुङ**

बागलुङको तमानखोला गाउँपालिकाले पछिल्लो ३ महिनामा ८ वटा बालविवाह बदर गरेको छ। २०७५ वैशाख महिनाबाट बालविवाह रोक्न अभियान नै सञ्चालन गरेको गाउँपालिकाले ३ महिनामा ८ वटा बालविवाह बदर गर्न सफल भएको हो।

गाउँपालिकाले घरघरमा बालविवाहविरुद्ध अभियान थालेसँगै स्थानीयमा चेतना बढ्न थालेको गाउँपालिका प्रमुख जोकलाल बुढाले बताउनुभयो। 'पहिले पहिले विवाह गरेपछि छुटाउन सक्ने अवस्था थिएन, पछिल्लो समय परिवार र बालबालिकालाई सँगै राखेर परामर्श गर्दा भइसकेको बालविवाह पनि बदर गर्न सफल भएका छौं'। -गाउँपालिका प्रमुख बुढाले भन्नुभयो। उहाँका अनुसार तमानखोला गाउँपालिकाको खुङखानी, बोङखानी, हिले, खोलेसवाङ र पहिरालगायतका गाउँमा भएका बालविवाह रद्द गरिएको छ। गाउँपालिकाले १६ देखि १९ वर्ष समूहका बालबालिकाबीचमा भएको बालविवाह रद्द गरेको बुढाले बताउनुभयो।

यस क्षेत्रमा अभिभावकको मञ्जुरीबिना विद्यालय जाने उमेरका बालबालिकाले भागेर विवाह गर्ने बालबालिकाहरू अधिकांश रहेको भन्दैं न्यायिक समितिकी संयोजक तथा गाउँपालिका उपाध्यक्ष मानसरी शेरचनले पछिल्लो समय सूचना पाएसम्म आफूहरूले बालविवाह हुन नदिन र भएको अवस्थामा पनि रद्द गर्न परामर्श गर्ने गरेको बताउनुभयो।

बालविवाह न्यूनीकरणका लागि गाउँपालिकाले डकुमेन्ट्री पनि निर्माण गरेको छ। डकुमेन्ट्रीमा बालविवाह गरेर समस्या झेलिरहेका पुराना पुस्ता, बालविवाहको बारेमा सचेत बनेका विद्यार्थी तथा शिक्षक र यसबाट किशोरीहरूको स्वास्थ्यमा पर्ने नकारात्मक असरको बारेमा स्वास्थ्यकर्मीहरूको परामर्श समेटिएको छ। गाउँपालिकामा बालविवाहको मुद्दा आएपछि बालक तथा बालिका र दुवै पक्षका अभिभावकलाई डकुमेन्ट्री देखाएर सचेत गराउने गरिएको उपाध्यक्ष शेरचनले बताउनुभयो। छुट्टिन नमान्ने दुवै पक्षलाई डकुमेन्ट्री देखाइसकेपछि स्वास्थ्यकर्मीहरूबाट पनि परामर्श गराउने गरिएको उहाँको भनाइ छ।

बालविवाह रोक्न गाउँपालिकाले विद्यालय र गाउँटोलमा नाटक तयार पारी प्रदर्शन गर्ने गरेको छ। किशोर तथा किशोरीहरूबाट प्रस्तुत गरिएको यस्ता नाटकले अत्यन्तै सकारात्मक प्रभाव पारेको स्थानीयको भनाइ छ। गाउँपालिकाले बालविवाहको अवस्थालाई शून्यमा पुर्‍याउन आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिने जनाएको छ। छिमेकी पालिकाहरूले पनि यो अभियानलाई शुरू गरेको खण्डमा बालविवाह न्यूनीकरणमा थप सहज हुने अध्यक्ष बुढामगरले बताउनुहुन्छ। कानुनले २० वर्षभन्दा तलको विवाहलाई बालविवाह भनेको छ। बालविवाह गर्ने दुई पक्षमध्ये केटा वा केटी २० वर्षभन्दा माथि भए ६ महिना जेल सजाय हुने कानुनी व्यवस्था छ।

# सुन चोरी आरोपमा युवक समातिए

**नेपाल समाचारपत्र**

दैलेख

भारतको मुम्बईबाट सुन चोरी गरेको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ। दैलेखको चामुण्डाविन्द्रासैनी नगरपालिका-७ का १७ वर्षीय खगेन्द्र आचार्यलाई इलाका प्रहरी कार्यालय दुल्लुले पक्राउ गरेको हो।

प्रहरीका अनुसार आचार्यबाट १९ ग्राम ४ सय ६० मिलिग्राम सुन बरामद गरिएको छ। इलाका प्रहरी कार्यालय दुल्लुका प्रहरी निरीक्षक बजिरसिंह विष्टका अनुसार सुन चोरीमा संलग्न रहेको आरोपमा आचार्यका साथि चामुण्डाविन्द्रासैनी-५ का अनिल रेग्मीलाई मुम्बई प्रहरीले यसअघि नै पक्राउ गरिसकेको छ।

'खगेन्द्र आचार्यका कारण छोरालाई भारतीय प्रहरीले पक्राउ गरेको भन्दै अनिल रेग्मीका बुबाले आचार्यलाई प्रहरीमा बुझाएका थिए', उनले भने- 'सुन चोरी गरेको स्वीकार गरे पनि कति चोरी भएको हो भन्नेबारेमा अनुसन्धान हुन बाँकी छ।' आचार्यलाई थप अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय दैलेखमा पठाइएको प्रहरी निरीक्षक बजिरसिंह विष्टले जानकारी दिए।

प्रहरी निरीक्षक विष्टका अनुसार प्रारम्भिक अनुसन्धानका क्रममा आचार्यले सुन चोरी पछि १०/१० तोला भाग गरिएको बयान दिएका छन्। 'चोरी भएको सुन भाग लगाउँदा रेग्मीले नै बढी लिएको बयान छ' प्रहरी निरीक्षक विष्टले भने- 'सुन नेपाल ल्याउन खोज्दा भारत प्रहरीले केही सुन नियन्त्रणमा लिइसकको खुल्न आएको छ।'

नोकरीका लागि मुम्बई पुगेका आचार्य घरमा राखिएको गरगहनासहित सुन चोरी गरेपछि दैलेख आएका थिए। उनी तीन महिनापछि पक्राउ परेको प्रहरीले जानकारी दिएको छ।

# पहिरोमा पुरिएर एकको मृत्यु

पर्वत, (नेस)

मंगलबार रातिदेखि परेको अबिरल वर्षाको कारण पर्वतको जलजला गाउँपालिका-८ लस्ती बेरनेटामा घरमाथिबाट आएको पहिरोले पुरिँदा एक किशोरको मृत्यु भएको छ।

मृत्यु हुनेमा स्थानीय १६ वर्षीय विकास परियार रहेका छन्। घरभित्र सुतेका उनको पहिरोले पुरिएका कारण मृत्यु भएको हो।

राति एक बजेको समयमा माथिबाट आएको पहिरोले घर बगाएको हो। अविरल वर्षाकै कारण उक्त गाउँका १५ घरसमेत जोखिममा पुगेका छन्। अहिले उनीहरूलाई बस्तीनजिकै रहेको शिव मावि फर्सेमा स्थानान्तरण गरिएको छ। पीडित परिवारलाई तत्काल खान र बस्नका लागि जिल्ला प्रशासन कार्यालय पर्वतले राहत वितरण गरेको छ।

त्यस्तै मृतक परियारको परिवारलाई तत्काल राहत स्वरुप १ लाख रुपियाँ मृतकका बाबु बमबहादुर परियारलाई प्रमुख जिल्ला अधिकारी गुरुदत्त ढकालले हस्तान्तरण गर्नुभयो।

वर्षाकै कारण जलजला गाउँपालिका वडा न ७ धाइरिङ बास्कोट बस्ने भीमलाल आचार्यको घर पहिरोले पुरिँदा ३ जना गम्भीर घाइते भएका छन्। घाइते हुनेमा घरमूली भीमलाल आचार्य, तुलसीदेवी आचार्य र नारायणी आचार्य रहेका छन्।

# नगदसहित सात जुवाडे पक्राउ

म्याग्दी, (नेस)

म्याग्दीको बेनी नगरपालिका-८, सदरमुकामस्थित बेनीबजारबाट मंगलबार नगदसहित ७ जना जुवाडे पक्राउ परेका छन्। बेनीको कालीपुलस्थित पदमबहादुर पुन मगरको घरमा तास खेल्दै गरेको अवस्थामा घरधनी मगरसहित ७ जनालाई जुवा खालबाटै पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय म्याग्दीले जनाएको छ।

कार्यालयबाट प्रहरी निरीक्षक दीपक थापाको नेतृत्वमा खटिएको प्रहरीको टोलीले जुवा खेल्ने प्रयोजनार्थ प्रयोग गरिएको नगद २४ हजार ६० रुपियाँसहित उनीहरूलाई पक्राउ गरिएको सूचना अधिकारी एवं प्रहरी निरीक्षक लोकबहादुर गुरुङले बताउनुभयो। पक्राउ परेकामाथि अनुसन्धान भइरहेको उहाँले जानकारी दिनुभयो।

जुवातासविरुद्ध आक्रामक देखिएको प्रहरीले सादा पोसाकमा प्रहरीहरू परिचालन गरी शंकास्पद ठाउँमा छापा हान्दा पछिल्लो समय धमाधम जुवाडेहरू पक्राउ पर्न थालेका छन्। प्रहरी नायब उपरीक्षक वीरबहादुर बुढामगर जिल्लामा आएलगत्तै प्रहरीले जुवातास नियन्त्रण कार्यलाई जोड दिइएको छ। व्यावसायिक जुवाडेहरूको खोजीमा प्रहरीले सादा पोसाकमा टोली नै खटाएको जनाएको छ।

बेनीबजारका विभिन्न पुराना अखडामा चोर बाटो प्रयोग गरी जुवाडे जाने गरेको प्रहरीको भनाइ छ। बेनीबजारमा जुवातास खेलाएरसमेत आम्दानी गर्ने अखडालाई ध्वस्त बनाउने भन्दै प्रहरीले नियमित गस्तीका साथै सुराकी पाएलगत्तै ठाउँमै पुग्ने गरेको छ। प्रनाउ बुढा मगरले गैरकानुनी क्रियाकलापलाई पूर्णरूपमा नियन्त्रण गर्ने बताउनुभएको छ। प्रहरीले जुवातास, लागूऔषध बेचबिखन, अवैध घरेलु मदिरा नियन्त्रण एवं न्यूनीकरण कार्यक्रमलाई अगाडि सारेको छ।

# स्काभेटरले खनेको बाटो पहिरोको उच्च जोखिममा

**दयाराम पण्डित, बाजुरा**

बाजुराका अधिकांश ग्रामीण सडक खण्ड निर्माणमा वातावरणीय प्रभाव मूल्यांकन नै नगरी सडक निर्माण भइरहेका छन्। वतावरणीय असर प्रभावको कुनै प्रवाह नगरी पछिल्लो समयमा स्काभेटर प्रयोग गर्नाले सडक तथा गाउँबस्ती जोखिममा परेका छन्। अन्धाधुन्ध डोजर प्रयोग गरी निर्माण गरिएका सडक बर्खायाम शुरू भएसँगै भत्किन थालेका छन्।



जिल्लाका नौवटै स्थानीयतहले सडक सञ्जालमा जोडिनका लागि डोजर तथा स्काभेटरहरूको प्रयोग गरी बाटो निर्माण गरिरहेका छन्। विनाअध्ययन निर्माण गरिएका यस्ता बाटोहरू भत्किन थालेपछि पहिरोको समेत जोखिम बढेको छ। गत आर्थिक वर्ष २०७४/७५ मा कर्णाली रोजगार कार्यक्रमद्वारा बनाइएको सडक ठाउँठाउँमा भत्किएको स्वामीकार्तिक गाउँपालिका-३का वडाध्यक्ष वीरजित कट्टेलले बताउनुभयो।

बाजुराको जिल्ला सदरमुकामदेखि ४३ किलोमिटर कोल्टीसम्मको कच्चीबाटोमा समेत गाडी चल्दैनन्। हिउँदका केही महिना गाडी चल्छन्। बाटो स्तरोन्नति गर्नुको साटो नयाँ ठाउँमा ट्र्याक खोल्नका लागि बजेट छुट्याउने र डोजरको प्रयोग गर्ने गरिएको छ।

बाजुरामा कर्णाली करिडोरले समेत छोएकाले बाजुराका स्थानीयतहले ठूलो बजेट सडक निर्माणमा लगाएको बताउँदै आएका छन् तर गाडी भने चलिसकेका छैनन्। सडक सञ्जालमा जोडिन हतार गरेर सडकमा पैसा खर्च गरिरहेका स्थानीयतहले करोडौं रुपियाँ सडकमा लगाएर बजेटको सदुपयोग नभएको स्थानीयको गुनासो छ। तर, स्थानीयतहले सडक बनाइसकेका छन्, जहाँ गाडी भने चल्ने सम्भावना एकदमै न्यून छ।

स्थानीय व्यक्तिको प्रयोग गरेर पनि उक्त सडक बनाउन सकिन्थ्यो। उनीहरूको रोजीरोटीमा समेत सहज हुन्थ्यो तर जिल्लाका स्थानीय तहले डोजरको प्रयोग गरी निर्माण गरिरहेकाले यसबाट मजदुरहरू मारमा परेको समेत बताइँदै आएको छ।

भावपूर्ण श्रद्धाञ्जली



जन्मः २०१४।०६।१८

स्वर्गारोहणः २०७५/०३/२३

स्व. ओमदास मुल्मी


यस नेपाः बचत तथा ऋण सहकारी संस्था लि. का संस्थापक सदस्य, लेखा समितिका सदस्य एवं वरिष्ठ सुपरभाइजर **श्री ओमदास मुल्मी**को असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारप्रति धैर्यधारण गर्ने शक्ति प्रदान गरुन् भनि परमेश्वरसंग प्रार्थना गर्दै हार्दिक श्रद्धान्जली व्यक्त गर्दछौं।

**नेपाः बचत तथा ऋण सहकारी संस्था लि.**
पूर्णचण्डी, गाबहाल, ललितपुर

भावपूर्ण श्रद्धाञ्जली



स्व. नानी छोरी मुल्मी
जन्मः १९९२।१०।१० | स्वर्गारोहणः २०७५/०३/२३



स्व. ओमदास मुल्मी
जन्मः २०१४।०६।१८ | स्वर्गारोहणः २०७५/०३/२३

यस गुठिका गुठियारहरु श्री विकास मुल्मी, श्री प्रकाश मुल्मी र श्री प्रविन मुल्मीका ममतामयी माता **श्रीमती नानी छोरी मुल्मी** तथा यस गुठीका गुठियार **श्री ओमदास मुल्मी**को असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारहरुप्रति धैर्यधारण गर्ने शक्ति प्रदान गरुन् भनि परमेश्वरसंग प्रार्थना गर्दै हार्दिक श्रद्धान्जली व्यक्त गर्दछौं।

**मुल्मी सना गुठी**
पूर्णचण्डी, गाबहाल, ललितपुर

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
**सुनसरी मोरङ्ग पुल निर्माण आयोजना**
इटहरी ,सुनसरी

**सूची दर्ता गराउने सम्बन्धी सूचना**

सूचना प्रकाशित मिति : २०७५।०४।०३

यस आयोजनाका लागि आ.व. २०७५/०७६ मा आवश्यक पर्ने तपशिल बमोजिमका सामान तथा सेवाहरु आपूर्ति गराउन इच्छुक इजाजत प्राप्त व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुबाट सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ बमोजिम मौजुदा सूची (स्टाण्डिङ्ग लिष्ट) दर्ता गर्नका लागि यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस आयोजना कार्यालयको खरिद इकाईमा अधिकार प्राप्त व्यक्तिले रु.१० को टिकट टाँसी छुट्टाछुट्टै सेवा तथा कार्यको लागि रितुर्वकको आवेदन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

**(क) मसलन्द तथा कार्यालय सामान खरिद**
१. स्टेशनरी सामानहरु (मसलन्द तथा विविध) २. छपाई सम्बन्धी ३. पत्रपत्रिका तथा पुस्तकहरु

**(ख) उपकरण आपूर्ति तथा मर्मत कार्य**
१. निर्माण सामग्री आपूर्ति २. फर्निचर तथा फिक्चर्स सम्बन्धी
३. कम्प्युटर, प्रिन्टर तथा टेलिफोन अन्य इलेक्ट्रोनिक उपकरण तथा तिनको मर्मत सम्बन्धी
४. विद्युतीय उपकरण तथा तिनको मर्मत सम्बन्धी
५. सवारी साधन मर्मत तथा तिनका पार्टपुर्जा ६. सर्भे सम्बन्धी उपकरणहरु आपूर्ति तथा मर्मत

**(ग) सार्वजनिक निर्माण कार्य**
१. सार्वजनिक निर्माण कार्य सम्बन्धी

**(घ) सेवा सम्बन्धी**
१. सफ्टवेयर निर्माण २. तालिम, गोष्ठी तथा सेमिनार सञ्चालन
३. सर्भेक्षण तथा डिजाइन सम्बन्धी परामर्श सेवा ४. डकुमेन्ट्री, फिल्म आदि निर्माण सम्बन्धी

**(ङ) सञ्चार सम्बन्धी**
१. सूचना प्रकाशन तथा प्रशारण सम्बन्धी

**दरखास्तसाथ पेश गर्नुपर्ने कागजातहरु**
१. नविकरण सहितको फर्म दर्ता तथा इजाजत प्रमाणपत्रको छाया कपी
२. स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि
३. आ.व. २०७३/०७४ को कर चुक्ता प्रमाणपत्रको छाँयाकपी
४. परामर्श सेवाको हकमा उल्लेखित कागजातहरुको अलावा कार्य अनुभव र योग्यता पनि हुनुपर्नेछ।

माथि उल्लेखित सामान, सेवा, मर्मत आदिमा प्रत्येक विषयगत छुट्टाछुट्टै दरखास्त दर्ता गराउनु पर्नेछ, रित नपुगी र म्याद नाघी आएको दरखास्तलाई मान्यता दिइने छैन। प्राप्त दरखास्तहरु स्वीकृत गर्ने नगर्ने अधिकार यस आयोजनामा सुरक्षित रहनेछ।

**आयोजना प्रमुख**

2018, JUL Thursday 19

# विश्व

**विचलित**

टाउकामा कलश बोक्दै गरेका कम्युनिस्ट पार्टी अफ इन्डिया (मार्क्सवादी) का महासचिव सीताराम यचुरी (बीचमा)। हैदराबादमा आयोजित एक कार्यक्रममा खिचिएको उक्त तस्वीर भाइरल बनेको छ।



**उडान कला**

लन्डनस्थित बकिंगम प्यालेसबाहिर र द मलमा रोयल एयर फोर्सको सताब्दी पूरा भएको अवसरमा आयोजित समारोहमा उडान भरिरहेका लडाकु विमान हेर्दै।



## विश्व २ मिनेट

### भारत

**दुई घर भत्किए**

नयाँ दिल्ली, (एजेन्सी)

भारतको राजधानी दिल्लीसँग जोडिएको उत्तर प्रदेशको ग्रेटर नोयडामा दुईवटा भवन भत्किँदा कैयौं पुरिएको आशंका गरिएको छ। अहिलेसम्म ३ शव निकालिसकेको अधिकारीले पुष्टि गरेका छन्। शाहबेरी गाउँमा मंगलबार राति साढे आठ बजे उक्त दुर्घटना भएको हो। भत्किएका भवनमध्ये एक निर्माणाधीन भएको र अर्को दुई वर्षअगाडि नै तयार भइसकेको बताइएको छ। भग्नावशेषमा कतिजना पुरिएको संख्या यकिन नभएपछि ४०-५० पुग्ने प्रत्यक्षदर्शीले बताए। तर घटनास्थलमा पुगेका अधिकारीले भवनमा फसेकाको संख्या १० भन्दा कम हुने बताएका छन्।

### अमेरिका

**थप १२ चन्द्रमा**

लस एन्जलस, (एजेन्सी)

वैज्ञानिकहरूले हाम्रो सौर्य प्रणालीको भीमकाय ग्रह बृहस्पतीको थप १२ वटा चन्द्रमा पत्ता लगाएको घोषणा गरेका छन्। यसले बृहस्पती ग्रहका चन्द्रमाको संख्या ७९ पुगेको छ। सौर्यमण्डलमा भएका कुनै पनि ग्रहका चन्द्रमाको संख्याको तुलनामा यो सबैभन्दा धेरै हो। ती चन्द्रमाहरू यमभन्दा टाढा रहेको विश्वास गरिएको विशाल ग्रह प्लानेट एक्सको खोजिका क्रममा फेला परेका हुन्। ती आवाशीय पिण्ड बृहस्पतीकै वरपर परिक्रममा गरिरहेको हो भन्ने निश्चित् गर्न करिब १ वर्ष लागेको थियो। तीमध्ये एउटा १ किलोमिटर मात्रै फराकिलो भएको र यो बृहस्पतीको सबैभन्दा सानो चन्द्रमा भएको वैज्ञानिकहरूले बताए।

### अमेरिका

**ट्रम्पद्वारा आलोचना**

वासिङ्टन, (एजेन्सी)

अमेरिकामा आफ्नो प्रस्तुतिको व्यापक आलोचना भइरहेका बेला अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्ना रुसी समकक्षी भ्लादिमिर पुटिनसँग फिनल्यान्डको राजधानी हेलेसिन्कीमा भएको शिखरवार्ताको प्रतिवाद गरेका छन्। ट्विटरमा ट्रम्पले आफू पुटिनसँग मिलेको देख्न नचाहनेको आलोचना गरेका छन्। ट्रम्पलाई सन् २०१६ को अमेरिकी राष्ट्रपतीय चुनावमा रसियाले हस्तक्षेप गरेको भन्ने विषयमा आफ्नै देशका गुप्तचर निकायलाई साथ दिन छोडेर उल्टै रसियाको पक्षमा लागेको आरोप लागेको छ। पुटिनले सो निर्वाचनमा रसियाले हस्तक्षेप गनुपर्ने कुनै कारण आफूले नदेखेको बताएका थिए।

### चीन

**अनुमतिपत्र रद्द**

बेइजिङ, (एजेन्सी)

चीन सरकारले ककपिटभित्रै इ-सिगरेट पिउनुको कारण गतसाता विमानलाई एक्कासी आपतकालीन अवतरण गर्नुपरेको घटनालाई लिएर बुधबार एयर चाइनाका दुईजना पाइलटको उडान अनुमतिपत्र रद्द गरेको छ। अचानक क्याबिनको वायुको चाप घटेपछि हङकङबाट दालियना शहरतर्फ उडिरहेको सो यात्रुवाहक विमान ६ हजार ५ सय मिटरभन्दा बढी तल झरेको थियो। अनुसन्धानकर्ताले एकजना पाइलटले इ-सिगरेट पिएकै कारण उक्त दुर्घटना भएको बताएका छन्। नागरिक उड्डयन निकायले कारबाहीस्वरूप एयर चाइनाको उडान १० प्रतिशतले कटौती गरेको छ।

# उद्दार गरिएका थाइ किशोरले अनुभव सुनाए



बैंकक, (एजेन्सी)

थाइल्यान्डको लुआँग थाम गुफामा फसेका १२ जना किशोरले पहिलोपटक बुधबार सार्वजनिकरूपमा आफ्ना अनुभव सुनाएका छन्।

उक्त समूहमा अंग्रेजी बोल्न जान्ने एकमात्र किशोर १४ वर्षीय अदुल साम-अनले पहिलोचोटि आफूलाई भेटाउन पुगेका दुईजना बेलायती गोताखोरलाई आफूले हेल्लो भन्न सकेको बताएका छन्।

तिनीहरू आफ्ना फुटबल प्रशिक्षकसँग गुफाभित्र दुई साताभन्दा लामो समयसम्म थुनिएका थिए। सफल उद्दार गरिएयता हिजोमात्र अस्पतालबाट डिस्चार्ज भएका तिनीहरू घर गएका छन्।

वाइल्ड बोर्सको जुनियर फुटबल टोलिका सदस्यहरू हिजो चियांग राइमा आयोजित पत्रकार सम्मेलनमा उपस्थित भएका थिए। तिनीहरूसँगै तिनीहरूलाई सफल उद्दार गर्न ज्यानको बाजी थाप्ने थाइ नौ सैनिकहरू पनि त्यहाँ उपस्थित भएका थिए।

तीमध्ये एकजना किशोरले आफूहरूसँग खानेकुरा केही नभएको केवल पानी खाएर बसेको र पानी भने निकै सफा भएको जानकारी दिएका छन्। केहीले यस घटनाको कारण आफूहरूले जीवनमा थप बलियो र धैर्यवान् हुनुपर्ने पाठ सिकेको बताएका छन्। तिनीहरूसँगै उद्दार गरिएका प्रशिक्षक एकापोल चान्तावोंगले उक्त उद्दार अभियानका क्रममा मृत्यु भएका पूर्व नौ सैनिक सामान कुनानप्रति श्रद्धान्जली व्यक्त गरेका छन्। गुफाभित्र अक्सिजन पुर्‍याएर फर्कने क्रममा आफ्नो अक्सिजन सकिएको कारण उनको मृत्यु भएको थियो।

# २० वर्षपछि इथियोपिया र इरिट्रियाबीच पहिलो उडान

## यात्रुलाई स्याम्पेन र गुलाफ उपहार

अदिस अवावा, (एजेन्सी)

२० वर्षमा पहिलोपटक इथियोपिया र इरिट्रियाबीच बुधबार भएको व्यावसायिक उडानको दौरान यात्रुलाई स्याम्पेन र गुलाफको फूल वितरण गरिएको इथोपियन एयरलायन्सले जनाएको छ।

सो एयरलायन्सले दुई देशबीचको युद्धको समाप्तिपछि 'शान्तिको परेवा' इरिट्रियातर्फ उडेको जनाएको छ। फ्लाइट क्याप्टेन योसेफ हाइलुले आफूलाई विमान उडाउँदा निकै रमाइलो र गौरव महसुस भइरहेको बताएका छन्। सन् १९९८ देखि २००० सम्म भएको सीमा क्षेत्रको युद्धयता दुई राष्ट्रबीचको हवाई र स्थल यातायात ठप्प भएयता शुरू गरेको यस उडानका कारण थुप्रै आफन्त र साथीभाइबीच भेटघाट हुने अनुमान गरिएको छ। इथियोपियाका प्रधानमन्त्री एवि अहमदले गत अप्रिलमा सत्ता सम्हालेयता इरिट्रियासँगको शान्ति प्रक्रिया द्रूत गतिले अघि बढाएका हुन्। उनले युद्धको स्थितिको औपचारिकरूपमै अन्त्य भएको घोषणा गर्दै गत ९ जुलाइमा इरिट्रियाका राष्ट्रपति इसाइयास आफ्वेर्कीसँग 'शान्ति र मित्रता' को सम्झौतामा हस्ताक्षर गरेका थिए।



२० वर्षपछि पहिलोपटक इथियोपियनका राष्ट्राध्यक्षले इरिट्रियाको राजधानी आस्माराको भ्रमण क्रममा अहमदले सो सम्झौतामा हस्ताक्षर गरेका थिए। त्यसको प्रत्युत्तरमा करिब एक साताअघि इसाइयासले पनि इथियोपियको भ्रमण गरेका थिए। यी दुई नेताबीच कुटनीतिक सम्बन्ध पुनःस्थापना गर्ने तथा हवाइ र स्थलमार्ग पुनः शुरू गर्ने सहमति भएको थियो। हिजोको ऐतिहासिक उडानका यात्रुमा इथियोपियाका पूर्वप्रधानमन्त्री हेलेमारियाम देसालेगान पनि रहेका छन्।

उनले बीबीसीका पत्रकार इमान्युयल इगुन्जालाई यो भ्रमण गर्न पाउँदा आफू निकै भावुक बन्न पुगेको बताएका छन्। उनले यो दुवै देशका जनताका लागि स्वर्णिम क्षण भएको टिप्पणी पनि गरेका छन्। यसैबीच क्याप्टेन योसेफले बीबीसीलाई भनेका छन्- 'म इरिट्रियामा आफ्ना साथीहरू भेट्ने आशामा छु। म आफू हुर्केको स्थानमा फेरि जाँदैछु, त्यसलै निकै खुसी लागिरहेको छ।' इथियोपिया एयरलायन्सले विमान उड्नुअघि नै ककपिटमा बसिरहेका पाइलटहरूको एउटा तस्वीर ट्विट गरेको थियो। इथियोपियाको निजी न्युज साइट एडिस स्ट्यान्डर्डले सो विमानमा ४ सय ५० जनाभन्दा बढी यात्रु सवार रहेको जनाएको छ।

यात्रुहरूको बढ्दो मागका कारण १५ मिनेटपछि नै अर्को विमान इरिट्रियातर्फ उडेको एएफपी समाचार निकायले जनाएको छ। सीमाक्षेत्रको सो युद्धको दौरान करिब ८० हजार मानिसको ज्यान गएको थियो। सन् २००२ मा संयुक्त राष्ट्रसंघ समर्थित सीमा आयोगले इथियोपियाले बाडेमे शहर इरिट्रियालाई दिनुपर्ने आदेश दिएको थियो।

# युरोपेली अन्तरिक्ष यात्री चीनमा तालिम लिँदै

बेइजिङ, (एजेन्सी)

२१औं सताब्दी अन्तरिक्ष प्रविधिमा वर्चश्व हासिल गर्ने होडका रूपमा लिइएको छ। पहिले यस क्षेत्रमा पश्चिमी देशको दबदबा रहँदै आएको थियो। तर अब भारत र चीन अन्तरिक्ष दौडका नयाँ ठूला खेलाडीका रूपमा उदय भइरहेका छन्।

चीनले त अन्तरिक्ष होडमा लामो छलांग लगाइसकेको र विभिन्न क्षेत्रमा उसले आफ्नो क्षमता पनि देखाइसकेको छ। अहिले युरोपियन स्पेस एजेन्सी अर्थात् ईएसएका अन्तरिक्ष यात्री पनि चीनमा बसेर अन्तरिक्ष यात्रीसँग अवतरणका क्रममा सागरमा बच्ने तालिम लिइरहेका छन्।

हालै चीनको शहर यानताईको समुद्र तटीय इलाकामा यस प्रकारको तालिम सेन्टर बनाइएको छ। जर्मनीका अन्तरिक्ष यात्री म्याथियास मरर र ईएसएका दुई अन्य अन्तरिक्ष यात्रीले त्यहाँ तालिम लिएका थिए। उनीहरूले चीनका अन्तरिक्ष यात्रीसँग केही समयसम्म काम गरेका थिए।

चिनियाँ अन्तरिक्ष यात्रीसँग काम गर्ने तौरतरिका अन्त्यन्त रोचक रहेको उनीहरूको अनुभव छ। उनीहरूलाई आफ्नो देशबाट टाढा फरक संस्कृति र भाषाका व्यक्तिहरूसँग सहकार्य गरेकोजस्तो कहिल्यै अनुभव भएन। उनीहरू सबै सँगै बसेर खान्थे, एकअर्कासँग कुरा गर्थे र परिवारजस्तै बसेका थिए।

विश्वका अन्य अन्तरिक्ष तालिम निकायहरूले तालिम लिने सबैबीच राम्रो सम्बन्ध स्थापित गराउन विशेष कार्यक्रम आयोजना हुने गरेको अन्तरिक्ष यात्री म्याथियासले बताए। तर चीनका नागरिक स्वभावैले मिलनसार छन्। उनीहरूलाई यस्तो कुनै कोर्स वा प्रोग्रामको आवश्यक छैन।

**चीन र रुसका अन्तरिक्षयान**

सन् २००३ मा चीनको सिन्भाउ अन्तरिक्ष यानले पहिलो अन्तरिक्ष यात्री बोकेर कक्षमा पुगेका थिए। यो अन्तरिक्षयानसँग ३ जनालाई लिएर जाने क्षमता थियो। यो रुसको सोयुज रकेटमा आधारित थियो।

यसको डिजाइन पनि करिब उस्तै थियो। तर सोयुज विगत ५० वर्षदेखि अन्तरिक्ष यात्री पुर्‍याउने र ल्याउने काम गरिरहेको छ। यसको डिजाइन अन्तरिक्षमा जाने शुरूका रकेटजस्तै छ। तर सेन्झाउ रकेट अत्याधुनिक प्रविधियुक्त एक्काइसौं शताब्दीको अन्तरिक्ष यान हो।

सेन्झाउ अन्तरिक्षयानको चौडाइ देखेर आफू अचम्भित भएको अन्तरिक्षयात्री म्याथियास बताउँछन्। चीनले रुसबाट प्रविधि सिकेको भए पनि उनीहरूले सोयुजको तुलनामा अत्यन्त राम्रो डिजाइन गरेको उनले बताए।

यदि यो अन्तरिक्ष यान कुनै कारणवश समुद्रमाथि दुर्घटनाको शिकार भएमा पानीमा खस्नेबित्तिकै अन्तरिक्षयात्री स्पेस स्विमसुटमा आउनेछ र सजिलै बाहिर निस्कन सक्नेछ।

योबाहेक सेन्झाउ अन्तरिक्षयानमा हावा भरिएको रबरको डुंगा राख्नका लागि पर्याप्त स्थान छ। यो सुविधा रुसको रकेट सोयुजमा छैन। पानीमा जीवित रहन रुसमा हुने यस प्रकारको तालिममा चिसो समुद्रमा हाम फाल्न भनिएको हुन्छ, जुन आफैंमा अत्यन्त कठिन काम हो। त्यहाँ हावा भरिएको डुंगा पनि दिइँदैन।





**मन्डारिन सिक्न जरुरी**

म्याथियास हालै अन्तरिक्षयात्री बनेका हुन्। एक वर्षपछि प्रविधि र सहुलियत बुझ्नका लागि उनी बेइजिङ ट्रेनिङ सेन्टर आएका हुन्। सन् २०१६ मा चीनको अन्तरिक्ष यात्रीहरूसँग ईएसएको नियमित केविंग एक्सपिडिसनमा भाग लिएका थिए। आफूसँग कैयौं देशका अन्तरिक्षयात्री काम गरिरहेको उनले बताए। सबैसँग अंग्रेजीमा कुरा लिने गरेका थिए तर चिनियाँ अन्तरिक्षयात्री आफ्नो मातृभाषा अर्थात् मन्डारिनमा नै धेरै कुरा गर्थे। त्यसैले उनले मन्डारिन भाषा सिक्न थाले।

अन्तरिक्ष र अन्तर्राष्ट्रिय अन्तरिक्ष केन्द्रको मामिलामा अमेरिकाले कहिले पनि चीनसँग सहकार्य नगर्ने नीति लिएको छ। तर युरोपेली स्पेस एजेन्सीले चीनसँग काम गर्ने सबै विकल्प खुला राखेको छ।

ईएसए सन् २०२३ सम्ममा चीनसँग मिलेर आफ्नो पहिलो पूर्ण आकारको अन्तरिक्ष केन्द्र प्रक्षेपण गर्ने योजनामा छ। युरोप र चीन मिलेर यसै वर्ष चन्द्रमामा रोबोटिक मिसन शुरू गर्ने भएका छन्।

चीनले हालै मात्र अन्तर्राष्ट्रिय स्तरमा अनुसन्धानका लागि नयाँ अन्तरिक्ष केन्द्र खोल्न युनाइटेड नेसन्स अफिस फर आउटर स्पेस अफेयर्ससँग अनुबन्ध गरेको छ। यो स्टेसनबाट सन् १९७० र ८० को दशकमा सोभियत इन्टरकास्मस प्रोग्रामका रूपमा ती देशहरूका अन्तरिक्षयात्री पनि अन्तरिक्षमा जानेछन्। यसमा मंगोलिया, क्युबा, अफगानिस्तान र सिरियाजस्ता देश पर्छन्।

विश्वका कुनै पनि देश जसले अन्तरिक्षमा आफ्नो यात्री पठाउन चाहन्छ, उसले संयुक्त राष्ट्रसंघमार्फत् चिनियाँ अन्तरिक्ष केन्द्रसँग सम्पर्क गर्न सक्ने म्याथियासले अपेक्षा गरेका छन्।

**चीनको अन्तरिक्ष केन्द्र**

अन्तर्राष्ट्रिय अन्तरिक्ष केन्द्रका लागि चीनले आफ्नो पहिलो उडान सन् २०२० सम्ममा भरिसक्ने म्याथियासले अनुमान गरेको छ। सन् २०२३ सम्ममा उनी चिनियाँ अन्तरिक्ष केन्द्रमा पुग्ने पहिलो विदेशी अन्तरिक्षयात्री हुने उनको अपेक्षा छ।

अन्तरिक्ष अनुसन्धानका लागि मोटो रकम र अत्याधुनिक प्रविधिको आवश्यक हुन्छ। यसका लागि धेरै देशको सहयोग खाँचो हुन्छ।

कुटनीतिक तथा सुरक्षा कारणले अमेरिकी स्पेस एजेन्सी नासा र चीन कुनै पनि प्रोजेक्टका लागि सहयोगी नबन्ला तर भविष्यमा ती दुई देश मिलेर चन्द्रमा र मंगलग्रहमा जीवनको सम्भावना खोजिरहेको हुने म्याथियासले बताए।

{ आरोपित भनिएका प्रहरी निरीक्षक बोहरालाई अनुसन्धानका लागि क्षेत्रीय प्रहरी कार्यालय दिपायल झिकाएका छौं, गलत गरेको प्रमाणित भए विभागीए कारबाही हुन्छ।

# प्रहरी निरीक्षक नै मुछिए काठ चोरीमा

विमल विष्ट, डोटी

डोटीको बिपिनगरमा रहेको ईलाका प्रहरी कार्यालयका प्रमुख प्रहरी निरीक्षक नृपबहादुर बोहरालाई काठ चोरीको आरोप लागेको छ। प्रहरी प्रमुख नै काठ चोरीमा संलग्न भएको भन्दै स्थानीयबासीले बिपिनगरस्थित प्रहरी कार्यालय घेराउ गरेका छन्। प्रहरी निरीक्षक बोहराको संलग्नतामा चोरी भएको भन्दै सिसौको काठसहितको ट्रायाक्टर स्थानीयले नियन्त्रणमा लिएका छन्।

प्रहरी निरीक्षक बोहराले ५३.९ क्यू फिट सिसौको काठ तस्करी गरेर ट्याक्टरमा लोड गरेको सूचना पाएपछि स्थानीय यूवाहरूले काठ नियन्त्रणमा लिएको बडिकेदार गाउँपालिका-१ बिपिनगरका स्थानीय तथा काठ पक्राउ गर्नेमध्येका एकजना युवा लोकेन्द्र बोहराले जानकारी दिनुभयो।

उहाँका अनुसार काठ चोरी गर्नमा प्रयोग गरिएको सेपप ५१८९ नम्बरको ट्रायाक्टरसमेत स्थानीयले नियन्त्रणमा लिएका छन्। प्रहरी निरीक्षक बोहराले काठ लोड गर्नका लागि आफू मातहतका प्रहरी कर्मचारी प्रयोग गरेका थिए। काठमाडौंमा घर बनाउँदै गरेका प्रहरी निरीक्षक बोहराले सिसौका गोलिया घनगढीका मिलमा लगेर चिरान गरी काठमाडौं लैजाने योजनाअनुसार चोरी गरेको स्थानीयको आरोप छ।



स्थानीयले नियन्त्रणमा लिएको काठ र ट्याक्टरलाई इलाका वन कार्यालय बिपिनगरले नियन्त्रणमा लिएको छ। चोरीमा संलग्न प्रहरी निरीक्षक बोहरालाई कारबाहीको माग राख्दै स्थानीयले इलाका प्रहरी कार्यालय बिपिनगरमा धर्नासमेत दिएका छन्।

त्यसै गरी इलाका वन कार्यालय बिपिनगरले प्रहरी निरीक्षक बोहराविरुद्ध काठ चोरीको मुद्दा दर्तासमेत गराएका छन्। सेक्टर वन कार्यालय बुडर डोटीका सहायक वन अधिकृत सुरेशचन्द्र डिसीले प्रहरी निरीक्षक बोहराले काठ चोरेको भन्दै निवेदन दर्ता गराएको बताउनुभयो। 'काठ चोरेको भन्ने स्थानीयको उजुरी आएको छ, छानबिनका लागि टोली खटाउँदै छौं, सत्य तत्थ्य के हो टोलीको रिपोर्टपछि थाहा हुन्छ। प्रमाणित भएमा प्रहरी निरीक्षक बोहरालाई अवैधरूपमा काठ ओसारपसारसम्बन्धी कसुरमा कारबाही हुन्छ', सहायक वन अधिकृत डिसीले थप भन्नुभयो- 'काठ चोरेको प्रमाणित भए बिगो जफत गरी दोब्बर जरिवाना हुन्छ।'

उता जिल्ला प्रहरी कार्यालय डोटीका प्रहरी प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक लालबहादुर धामीले घटनाको बारेमा विस्तृत अध्ययन तथा अनुसन्धान भइरहेको बताउनुभयो। 'काठ चोरेको हो भन्ने स्थानीयको आरोप छ, छानबिनका लागि प्रहरी निरीक्षक ध्रुवबहादुर विष्टको संयोजकत्वमा टोली खटाएका छौं', उहाँले भन्नुभयो- 'आरोपित भनिएका प्रहरी निरीक्षक बोहरालाई अनुसन्धानका लागि क्षेत्रीय प्रहरी कार्यालय दिपायल झिकाएका छौं, गलत गरेको प्रमाणित भए विभागीए कार बाही हुन्छ।' काठचोरीमा संलग्न भनिएका प्रहरी निरीक्षक नृपबहादुर बोहरासँग यस विषयमा थप बुझ्न खोज्दा सम्पर्क हुन सकेन।

# आत्महत्या गर्नेको संख्या डरलाग्दो

यमलाल भुसाल, बुटवल

प्रदेश नम्बर ५ को राजधानी बुटवल र त्यसको आसपासमा झुन्डिएर आत्महत्या गर्नेको संख्या हरेक वर्ष वृद्धि हुँदै गएको छ।

एकातर्फ झुण्डिएर आत्महत्या गर्नेको संख्या हरेक वर्ष वृद्धि हुँदै गएको छ भने विष सेवनबाट मृत्यु हुनेको संख्यामा पनि खासै कमी आउन सकेको छैन।

यस क्षेत्रको तथ्यांकलाई मध्यनजर गर्दा आर्थिक वर्ष २०७४/०७५ मा झुन्डिएर र विष सेवनबाट ९२ जनाले आत्महत्या गरेका छन्।

ईलाका प्रहरी कार्यालय बुटवलले मंगलबार पत्रकार सम्मेलन गरी जानकारी गराएकामा आत्महत्या गर्नेको संख्या वृद्धि हुनुमा गरिबी, जनचेतनाको कमी र बढ्दो शहरीकरण प्रमुख रहेको प्रहरी नायब उपरीक्षक डिलबहादुर मल्लले बताउनुभयो। प्रहरीको तथ्यांकअनुसार आर्थिक वर्ष २०७२/०७३ मा झुन्डिएर ४५, विष सेवनबाट ३७ जनाले आत्महत्या गरेका छन्। त्यसै गरी आर्थिक वर्ष २०७३/०७४मा झुन्डिएर ५९ जना र विष सेवनबाट २६ जनाले आत्महत्या गरेको प्रहरीले जनाएको छ। रूपन्देही जिल्ला लागूऔषधका लागि पनि अग्रणी जिल्लाका रूपमा परिचित भएको छ। खुला सीमाको यस जिल्लासँगै पोखरा, काठमाडौं, चितवनलगायतका स्थानका युवा युवतीले राम्रैसँग उपयोग गरेको प्रहरीले सार्वजनिक गरेको तथ्यांकले प्रष्ट पारेको छ। इलाका प्रहरी कार्यालय बुटवलले आर्थिक वर्ष २०७२/०७३ मा लागूऔषधमा ४४, ०७३/०७४ मा ७४ र आर्थिक वर्ष ०७४/०७५ मा ८४ वटा मुद्दा दर्ता गरेको जनाएको छ।

यो तथ्यांकलाई हेर्दा हरेक वर्ष बढ्दै गएकाले लागूऔषध नियन्त्रणका लागि प्रहरीको एकल प्रयासले मात्र सम्भव नभई नागरिक समाज र अभिभावकको सहयोग अपरिहार्य रहेको प्रहरीको निर्ष्कष छ। बुटवल र वरपरको क्षेत्रमा जबरजस्ती करणी र जबरजस्ती करणी उद्योगका घटना पनि हरेक वर्ष वृद्धि हुँदै गएका छन्।

आर्थिक वर्ष २०७२/०७३ मा जबरजस्ती करणीमा ११ जबरजस्ती करणी उद्योगमा ७ जनालाई मुद्दा चलाइएकामा आर्थिक वर्ष २०७३/०७४ मा जबरजस्ती करणीमा १५ जबरजस्ती करणी उद्योगमा १७ जनालाई मुद्दा चलाइएको प्रहरीले जनाएको छ। त्यसै गरी आर्थिक वर्ष ०७४/०७५ मा जबरजस्ती करणीमा १५ र जबरजस्ती करणी उद्योगमा १३ जनालाई मुद्दा चलाइएको प्रनाउ मल्लले बताउनुभयो।

इलाका प्रहरी कार्यालयमा आर्थिक वर्ष ०७४/०७५ मा कुल ६ सय ३० वटा विभिन्न प्रकारका मुद्दा दर्ता भएकामा ३ सय ८६ वटाको फैसला भइसकेको र २ सय ४४ वटा प्रक्रियामा रहेको प्रहरीले जनाएको छ।

# नौ वर्षमा ३ सय ९१ वटा सवारी दुर्घटना

इलाम, (नेस)

इलाममा सवारी दुर्घटनाको अवस्था निकै कहालीलाग्दो रहेको पाइएको छ। जिल्ला ट्राफिक प्रहरी कार्यालयको ९ आर्थिक वर्षको तथ्यांकलाई हेर्दा जिल्लामा सवारी दुर्घटनाको अवस्था निकै डरलाग्दो रहेको पाइएको हो।

आर्थिक वर्ष २०६६/०६७ देखि आर्थिक वर्ष २०७४/०७५ अर्थात् ९ आर्थिक वर्षमा जिल्लामा ३ सय ९१ वटा सवारी दुर्घटना भएका छन्। त्यसमा सबैभन्दा बढी २०६९/०७० मा ९६ वटा र सबैभन्दा कम आर्थिक वर्ष २०७४/०७५ मा २२ वटा सवारी दुर्घटना भएका छन्। ९ आर्थिक वर्षमा भएका सवारी दुर्घटनामा परी जम्मा १ सय ३८ जनाको अकालमै ज्यान गएको छ। ९ वर्षको अवधिमा ७ सय ५४ जना सामान्य घाइते र ३ सय २८ जना गम्भीर घाइते भएको ट्राफिक प्रहरीको तथ्यांकले देखाएको छ। आर्थिक वर्ष २०६९/०७० मा सबैभन्दा बढी ४० जनाको सवारी दुर्घटनामा परी मृत्यु भएको थियो।

जिल्ला ट्राफिक प्रहरीको तथ्यांकलाई हेर्दा आर्थिक वर्ष २०६६/०६७ देखि आव २०७०/०७१ सम्म सवारी दुर्घटनाको दर बढ्दो मात्रामा रहेको थियो। तर आव २०७१/०७२ देखि सवारी दुर्घटना दर घट्दै गएको छ। अघिल्लो आर्थिक वर्ष २०७३/०७४ मा ३८ वटा सवारी दुर्घटना हुँदा ८ जनाको ज्यान गएको थियो भने गत आव २०७४/०७५ मा २२ वटा सवारी दुर्घटना हुँदा ७ जनाको ज्यान गएको छ। जिल्लामा सबैभन्दा बढी मोटरसाइकल, ट्याक्टर र ट्याक्सी दुर्घटना भएको छ। जिल्लामा सवारी दुर्घटनाको दर वर्षेनी घट्दो क्रममा रहे पनि सवारी कारबाहीको दर भने बढ्दो क्रममा रहेको छ। ट्राफिक नियम उल्लंघन गर्ने, मापसे गरेर सवारी चलाउनेको संख्या बढी हुँदा सवारी साधन बढी मात्रामा कारबाहीका भागिदार भएको ट्राफिक प्रहरीले जनाएका छन्।

ट्राफिक प्रहरीको तथ्यांकअनुसार आर्थिक वर्ष २०६६/०६७ देखि गत आर्थिक वर्ष २०७४/०७५ अर्थात् ९ वर्षको अवधिमा जम्मा ८५ हजार ७ सय ३२ वटा सवारी साधन कारबाहीमा परेका छन्। त्यसमा सबैभन्दा बढी ३१ हजार ७ सय ८१ वटा मोटरसाइकल रहेको छ। यस्तै जिप/कार, भेन ३१ हजार २ सय १६, ट्रक ११ हजार ७ सय ३०, ट्याक्टर ७ हजार २ सय १३ र बस ३ हजार ७ सय ९२ वटालाई कारबाही गरिएको तथ्यांकमा उल्लेख छ।

विगतमा सवारी दुर्घटना बढ्ने क्रम भएपछि र चेकजाँचलाई कडाइ गर्न थालेपछि दुर्घटना घट्ने क्रममा रहेको र ट्राफिक नियम पालना नगर्ने, मापसे गरेर सवारी चलाउनेको संख्या बढ्दा सवारी साधन बढी कारबाहीमा परेको जिल्ला ट्राफिक इन्चार्ज पदमबहादुर राईले बताए। सवारी साधन कारबाही गर्दा ९ आर्थिक वर्षमा २ करोड ८० लाख ३९ हजार ६ सय रूपियाँ राजस्व संकलन भएको छ। गत आर्थिक वर्ष २०७४/०७५ मा मात्र १४ हजार ९ सय ८६ वटा सवारी साधनलाई कारबाही गर्दा ८१ लाख ९२ हजार रूपियाँ राजश्व संकलन भएको छ।

## जनप्रतिनिधिविरुद्ध खनिए स्थानीय

वीरगन्ज, (नेस)

पर्साको कालिकामाई गाउँपालिकाको कार्यालयमा स्थानीयबासीले तालाबन्दी गरेका छन्।

वडा नम्बर १ मुड्ली, टिनडोबिया र रबिदासका स्थानीयबासीले विभिन्न माग राख्दै बुधबार गाउँपालिकाको कार्यालयमा तालाबन्दी गरेका हुन्। सयौंको संख्यामा रहेका आक्रोसित स्थानीयबासीले दलितको रकम छुट्याउनुपर्ने, शिक्षा, स्वास्थ्य, कृषिमा लगानी गर्नुपर्ने, हिसाब किताब पारदर्शी हुनुपर्ने माग गर्दै तालाबन्दी गरिएको साविक मुडली गाविसका पूर्वउपाध्यक्ष प्रमा पटेलले जानकारी दिए।

गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतले लाखौं रूपियाँ भ्रष्टाचार गरेको आरोप स्थानीयबासीले लगाएका छन्। गाउँपालिकाका अध्यक्ष नथुनी कुश्वाहा, उपाध्यक्ष राजेश चौरसिया र प्रमुख प्रशासकीय अधिकृत देवनाथ साहले प्रत्येक उपभोक्ता र ठेकेदारबाट ३५ प्रतिशत रकम कमिसन लिएकाले काम गुणस्तरीय नभएको आरोप स्थानीयबासीले लगाएका छन्। समाजिक विकासका रकम तथा लक्षित वर्गका रकममा अनियमितता गरेको स्थानीयको आरोप छ।

सामाजिक विकास तथा लक्षित वर्गका लागि २ करोड रकम छुट्याएकामा जम्मा १५ प्रतिशत रकम पनि खर्च नभएको र सम्पूर्ण रकम हिनामिना गरेको स्थानीय प्रमा पटेलले आरोप लगाएका छन्।

# अपाङ्गता परिचयपत्र वितरणमा चुनौती

## ८ हजारमा साढे ४ हजारलाई मात्र वितरण

इलाम, (नेस)

२०६८ सालमा भएको जनगणनाअनुसार इलाममा करिब ८ हजारको संख्यामा अपाङ्गता भएका व्यक्तिहरू रहेका छन्। तर जिल्लामा हालसम्म ४ हजार ९ सय ३५ जनाले मात्र अपाङ्गता परिचयपत्र प्राप्त गरेका छन्।

महिला तथा बालबालिका कार्यालयले हालसम्म पुरुष २ हजार १ सय १३ जना र महिला २ हजार २ सय २३ जनालाई अपाङ्गता परिचयपत्र वितरण गरेको छ। पूर्ण अशक्त भएका ८ सय १ जना, अति अशक्त भएका १ हजार ६ सय ८ जना, मध्यम अशक्त भएका १ हजार ४ सय ५८ जना र सामान्य अशक्त भएका १ हजार ७० जनालाई अपाङ्गता परिचयपत्र वितरण गरेको कार्यालयकी प्रमुख राजकुमारी राईले बताइन्।

अपाङ्गताको क्षेत्रमा जिल्लामा काम गर्दै आएका करुणा फाउन्डेसनको सहकार्यमा अपाङ्गता परिचयपत्र बढी मात्रामा बाँड्न सफल भएको उनले बताइन्। 'यो परिचयपत्र वितरणमा अत्यन्त चुनौती छ', प्रमुख राईले भनिन्- 'मध्यम र सामान्य अशक्त भएकाले राज्यले भत्ता नदिने हुँदा त्यस्ता प्रकृतिका मानिसले अपाङ्गता परिचयपत्र बढी मात्रामा बनाएका छैनन्। अपाङ्गताको कार्डलाई पहिचानभन्दा पनि सेवा सुविधासँग जोडिएकाले यसको परिचयपत्र वितरणमा धेरै ठूलो चुनौती रहेको छ।'

यस्तै जिल्लामा जेष्ठ नागरिकको परिचयपत्र वितरण पनि कार्यालयले गर्दै आएको छ। आर्थिक वर्ष ०७२/०७३ देखि चालू आवको कात्तिक महिनासम्म १ हजार २ सय ३६ जनालाई जेष्ठ नागरिक परिचयपत्र वितरण गरेको छ। कार्यालयले ६ सय ९८ जना पुरुष र ५ सय ३८ जना महिलालाई जेष्ठ नागरिक परिचयपत्र वितरण गरेको हो। जिल्लामा जेष्ठ नागरिक परिचयपत्र वितरण गर्दै आए पनि उनीहरूले पाउने कुनै पनि किसिमको सेवा भने पाउन सकेका छैनन्। स्वास्थ्य सेवादेखि यातायात सेवामा पाउने छुटलगायतका सेवाबाट जेष्ठ नागरिक बञ्चित भइरहेका छन्।

जेष्ठ नागरिकका लागि पर्याप्त कार्यक्रम सञ्चालानार्थ बजेटको अभाव, दिवा सेवा केन्द्रलगायतको अभाव रहेको महिला तथा बालबालिका कार्यालयले जनाएको छ। उनीहरूको स्वास्थ्य उपचारका लागि कार्यालयमा चालू आवमा २ लाख ११ हजार बजेट विनियोजन भए पनि एक रूपियाँ पनि खर्च नभई फिर्ता गएको छ। जेष्ठ नागरिकको उपचार खर्चका लागि कहीं कतैबाट सिफारिस नआएकाले यो रकम खर्च हुन नसकेको बताइएको छ। यता जिल्लामा समग्र रूपमा हिंसा पीडित महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिकलाई अल्पकालीन र दीर्घकालीन पुन:स्थापना केन्द्रको अभाव रहेको छ।

## १६ हजारले नागरिकता लिए

बाँके, (नेस)

बाँकेबाट एक वर्षमा १६ हजारले नागरिकता लिएका छन्।

जिल्ला प्रशासन कार्यालय, बाँकेले बुधबार वार्षिक प्रगति विवरण सार्वजनिक गर्दै आर्थिक वर्ष २०७४/७५ मा ८ सय वैवाहिकसहित १६ हजार ४ सय ५१ जनाले नागरिकता लिएको जनाएको छ। बाँकेमा जिल्ला प्रशासन कार्यालय, नेपालगन्ज, इलाका प्रशासन कार्यालय, कोहलपुर र नरैनापुरबाट नागरिकता वितरण गरिन्छ।

प्रमुख जिल्ला अधिकारी रमेश केसीका अनुसार जिल्ला प्रशासन कार्यालयबाट ९ हजार ३ सय ८१, इलाका प्रशासन कार्यालय, कोहलपुरबाट ५ हजार ४ सय ७० र इलाका प्रशासन कार्यालय, नरैनापुरबाट १ हजार ६ सय जनाले नागरिकता लिएका छन्।

यो वर्ष ६ हजार १ सय ९३ जनाले नागरिकताको प्रतिलिपि लिएका छन्। प्रतिलिपि लिनेमा नेपालगन्जबाट ४ हजार ७ सय ९४ र कोहलपुरबाट १ हजार ३ सय ९९ जना छन्।

बाँकेबाट ६ हजार १ सय ३३ जनाले राहदानी लिएका छन्। नेपालगन्जबाट ४ हजार ८ सय ७७ र कोहलपुरबाट १ हजार २ सय ५६ जनाले राहदानी बुझेका छन्। द्रूत सेवामा जिल्ला प्रशासन कार्यालय, नेपालगन्जबाट १ हजार ४ सय ३४ र इलाका प्रशासन कार्यालयबाट ८ सय ३१ जनालाई सिफारिस गरिएको छ। जिल्ला प्रशासन कार्यालयले यो वर्ष राहदानी बनाउनेको संख्या घटेको जनाएको छ।

पत्रकार सम्मेलन गरेर जानकारी दिए अनुसार बाँकेमा यो वर्ष ५३ वटा संस्था दर्ता र २ सय ६८ वटा नवीकरण भएका छन्। हातहतियार नामसारी १६, हातहतियार इजाजत नवीकरण ८२ थान भएका छन्।

जिल्ला प्रशासन कार्यालयमा ९ वटा विवाह दर्ता भएका छन्। विवाह दर्ता ऐन २०२८ अनुसार प्रशासनले विशेष अवस्थामा विहे दर्ता गर्ने गर्दछ। जिल्ला प्रशासनले ७१ पटक बजार अनुगमन गरेको छ। उसले ३ पटक कार्यालयमा छड्के अनुगमन गरेको छ। प्रमुख जिल्ला अधिकारीमार्फत सरकारलाई बाँकेमा एक वर्षमा २८ वटा ज्ञापनपत्र बुझाइएको छ।

जिल्ला प्रशासन कार्यालयले मुद्दाको पनि फछ्र्यौट गर्ने गर्दछ। यो वर्ष विभिन्न प्रकारका ४ सय ७५ वटा मुद्दा रहेकामा २ सय ७१ अर्थात् ६३.६७ प्रतिशत फछ्र्यौट भएको सूचना अधिकारी खगेन्द्र पौडेलले जानकारी दिनुभयो।

गतवर्षको १ सय १७ सहित ४ सय १९ वटा सार्वजनिक अपराधका मुद्दा रहेकामा २ सय ३६ वटा फछ्र्यौट भएको छ। हातहतियार खरखजानामा गतवर्षको ३ सहित २१ वटा मुद्दा रहेकामा १३ वटामात्रै फछ्र्यौट भएको छ। सवारी ज्यानको क्षर्तिपूर्तिको गतवर्षको २१ सहित ५७ वटा मुद्दा रहेकामा कुनै पनि फछ्र्यौट भएको छैन।

# भदौ १ देखि नयाँ मुलुकी ऐन लागू हुने

कञ्चनपुर, (नेस)

उच्च अदालत दिपायल महेन्द्रनगर इजलासले आर्थिक वर्ष २०७४/७५ मा १ हजार ४ सय २६ मुद्दा फैसला भएको उच्च अदालतका दिपायल महेन्द्रनगरका मुख्य न्यायाधीस डिल्लिराज आचार्यले जानकारी दिनुभएको छ। उच्च आदालतको महेन्द्रनगर इजलासमा आज पत्रकारसँग भएको एक अन्तरक्रिया कार्यक्रममा सो जानकारी गराइएको हो।

आर्थिक वर्ष २०७४/७५ मा परेका १ हजार ७ सय ७६ मुद्दामध्ये १ हजार ४ सय २६ मुद्दाको फैसला भएको र ३ सय ५० मुद्दा बाँकी रहेका छन् भने १ वर्ष अवधि नाघेका २ वटा र २ वर्षभन्दा अवधि भएको एउटा मुद्दा बाँकी रहेको उच्च आदालतले जानकारी गराएको छ। मुलुकी देव्यानी (संहिता) ऐन २०७४ र फौजदारी संहिता २०७४ आएकाले आउने भाद्र १ गतेदेखि मुलुकी ऐन २०२० खारेज भई नयाँ मुलुकी ऐन लागू हुने न्यायाधीस आचार्यले जानकारी गराउनुभयो। उच्च अदालतले गरिब र असहायलाई नि:शुल्क कानुनी सेवा उपलब्ध गराउने गरेको समेत जानकारी गराएको छ।

### डा. केसी...

पहिलेको तुलनामा श्वासप्रश्वासमा झन् कठिनाइ देखिएकाले चौबिसै घन्टा अक्सिजनको सहायतामा राखिएको र छाती दुख्ने, वाकवाकी, रिंगटा लाग्ने, मांसपेशी बाउँडिने समस्यामा कुनै सुधार हुन नसकेको चिकित्सकले बताएका छन्।

यस्तै परिस्थिति रहेमा डा. केसीलाई कुनैबेला सीसीयुमा राख्नुपर्ने र यस्तो सुविधा कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा नभएको चिकित्सकद्वारा बुधबार जारी प्रेस विज्ञप्तिमा जनाइएको छ।

विज्ञप्तिअनुसार यस्तै स्लाइन पानी दिन खोलिएको हातको नशामा संक्रमण देखिएको, दुवै हातका नशा संक्रमित भएका, निरन्तर घटिरहेको सेतो रक्तकोशिका र बढ्दो संक्रमणका कारण सेप्सिसको जोखिम झन् बढेको, रगतमा पोटासियम, म्याग्नेजियम र क्याल्सियमको मात्रा निकै नै कम भएको छ।

इलेक्ट्रोलाइट्स घट्दा आउन सक्ने सम्पूर्ण जोखिमबारे डा. केसीलाई बताइए पनि उहाँले ती तत्त्वहरू लिन अस्वीकार गर्नुभएको र नशाबाट निरन्तर स्लाइन दिइँदा पनि डिहाइड्रेसन (जलवियोजन) का लक्षण देखिएको जनाइएको छ।

### देउवा-पौडेल...

डा. गोविन्द केसीको माग पूरा गर्नुपर्नेलगायत अन्य आन्दोलनका विषयमा दुई नेताबीच विमति नरहेको भन्दै सहमहामन्त्री डा. प्रकाशशरण महतले पनि पार्टीको आन्तरिक विषयमा विधान मस्यौदा समिति गठनका लागि पौडेल पक्षले नाम उपलब्ध गराउने सहमति भएको जानकारी दिनुभएको छ। अब केन्द्रीय विभागहरू पनि छिटै गठन हुने भन्दै उहाँले पार्टी प्रभावकारी र सशक्त ढंगले अघि बढ्ने बताउनुभएको छ।

विधान मस्यौदा समिति ९ देखि ११ जनाको बन्ने भन्दै प्रवक्ता शर्माले पौडेल पक्षको कति जना नेता समावेश गरिने भन्ने बारेमा आफूलाई थाहा नभएको बताउनुभएको छ। कांग्रेस शीर्ष नेताहरूको बैठकले पार्टीको भ्रातृ संगठन नेपाल विद्यार्थी संघको विवादलाई पनि मिलाउन सहमति जनाएका छन्। कांग्रेसको प्रभावशाली भ्रातृ संगठनभित्र पनि गुटगत विवाद रहेको छ।

कांग्रेसका शीर्ष नेताहरूले आज बिहीबारदेखि शुरू हुने सडक आन्दोलनमा पार्टीका सबै कार्यकर्तालाई सहभागिता जनाउन निर्देशन दिने पनि बताएका छन्। कांग्रेसले डा. गोविन्द केसीको माग सम्बोधन नभए संसद् चल्न नदिने यसअधिको निर्णयलाई निरन्तरता दिने भएको छ।

### शिक्षा...

मन्त्रालयले साउन १ गते खारेज भएका विभाग, अनौपचारिक शिक्षा केन्द्र र शैक्षिक जनशक्ति विकास केन्द्रलाई आपसी समन्वय गरेर आवश्यक व्यवस्थापन गर्न निर्देशनसहितको पत्र पठाएको थियो।

हचुवाको भरमा पत्र पठाएपछि खारेज भएका कर्मचारी आश्यर्चचकित भएका थिए। 'मन्त्रालयले व्यवस्थापन गर्नुपर्ने विषय खारेज भएका निकायलाई जिम्मा दिएर कसरी समस्या समाधान हुन्छ?' -एक कर्मचारीले भने। ३ वटा निकाय खारेज भएको पत्र पाएपछि हिजो ३ वटै निकायका प्रमुखको बैठकले कर्मचारी व्यवस्थापन, नयाँ संस्थाको लोगो, कुन भवनमा कुन कार्यालय स्थापना गर्ने, कार्यालय प्रमुखको व्यवस्थापन कसरी गर्नेलगायतका विषयमा निर्णय गरेको थियो।

सो निर्णय मन्त्रालयमा पठाउने तयारी भएको छ। मन्त्रालयले निर्णय कार्यान्वयन गरेपछि मात्रै नयाँ निकायले काम शुरू गर्नेछ। बैठकमा विभागका महानिर्देशक बाबुराम पौडेल, अनौपचारिक शिक्षा केन्द्रका कार्यकारी निर्देशक चूडामणि शर्मा र शैक्षिक जनशक्ति विकास केन्द्रका कार्यकारी निर्देशक टेकनारायण पाण्डे उपस्थित हुनुहुन्थ्यो।

३ वटै निकाय खारेज भएपछि त्यहाँका कर्मचारीलाई कसरी व्यवस्थापन गर्ने भन्ने विषयमा समस्या पर्ने देखिन्छ। ३ वटा निकायमा ५ सहसचिवसहित १ सय ९३ कर्मचारी कार्यरत छन्। नयाँ गठन भएको केन्द्रमा ३ जना सहसचिव रहने व्यवस्था छ। हिजोबाट तीनै वटा निकाय खारेज भएपछि दैनिक कार्य सञ्चालन ठप्प भएको छ।

हिजो बुधबार ३ वटै कार्यालयका प्रमुख कामविहीन भएका थिए। विशेष काम लिएर कार्यालय आएका सेवाग्राही खालि हात फर्किएका थिए। 'चिया खानेसमेत रकम छैन, कार्यालय सञ्चालन गर्ने विषय त फरक कुरा हो' -एक कर्मचारीले भने। सबै कर्मचारी फुर्सदिला भएका थिए। शिक्षा मन्त्रालयका प्रवक्ता वैकुण्ठ अर्यालले खारेज भएका ३ वटा निकायबीच समन्वय गरी नयाँ गठन भएको शिक्षा तथा मानवस्रोत विकास केन्द्रले काम गर्नुपर्ने बताउनुभयो। उहाँले भन्नुभयो- 'केही दिन समस्या होला कर्मचारी व्यवस्थापन भएपछि समस्या समाधान हुनेछ।'

# अर्थ

साथै योजनामा परीक्षार्थीले प्राप्त गर्ने सिमले उनीहरुको सञ्चार आवश्यकतालाई सम्बोधन गर्दै आफ्ना साथीभाई तथा परिवारजनसँग सहज सम्पर्कमा रहन मद्दत गर्ने कम्पनीको विश्वास लिएको जनाएको छ।

## एनसेलद्वारा २ सय ५८ विद्यार्थीलाई आंशिक छात्रवृत्ति प्रदान

नेपाल समाचारपत्र

काठमाडौं

एनसेल प्राइभेट लिमिटेलले आफ्नो 'पहिलो सिम' योजनाअन्तर्गत २०७४ सालको माध्यामिक शिक्षा परीक्षा (एसईई) मा सहभागी भई उच्च शिक्षाको तयारीका लागि विभिन्न ६९ वटा इन्स्टिच्युटमा ब्रिज कोर्ष गरिरहेका २ सय ५८ विद्यार्थीलाई आंशिक छात्रवृत्ति प्रदान गरेको छ। एनसेलले गत वर्षको चैत्र महिनामा 'पहिलो सिम' योजना ल्याएको थियो। योजनाअन्तर्गत ब्रिज कोर्स कक्षा सञ्चालन गरिरहेका विभिन्न ६९ इन्स्टिच्युटमा अध्ययनरत ३ देखि ७ उत्कृष्ट विद्यार्थी गरी जम्मा २ सय ५८ उत्कृष्ट विद्यार्थीलाई ५ हजार रुपियाँ राशीको आंशिक छात्रवृत्ति प्रदान गरेको हो। इन्स्टिच्युटले विभिन्न समयमा लिएको आन्तरिक परीक्षामा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीले आंशिक छात्रवृत्ति प्राप्त गरेका हुन्।

२०७४ सालका एसईई परीक्षार्थीलाई लक्षित गर्दै ल्याइएको 'पहिलो सिम' योजनामा छात्रवृत्तका लागि उत्कृष्ट विद्यार्थी छनौट तथा छात्रवृत्ति प्रदान गर्नका लागि एनसेलले ब्रिज कोर्स सञ्चालन गर्दै आएका विभिन्न इन्स्टिच्युटहरूसँग सहकार्य गरेको थियो। एनसेलले एसईई दिएका विद्यार्थीलाई ब्रिज कार्स अध्ययनका लागि आंशिक छात्रवृत्ति प्रदान गरेको यो दोस्रो वर्ष हो।

माध्यामिक शिक्षा पछिको उच्च शिक्षा अध्ययनका लागि तयारी कक्षामा मिहिनेत गरिरहेका विद्यार्थीको मिहेनत तथा उत्कृष्ट नतिजालाई सम्मान गर्ने उद्देश्य लिई पहिलो सिम योजनामा छात्रवृत्ति प्रदान गरिएको एनसेलले जनाएको छ।

हिमाल स्टील आजको भाउ

ज्योति

(तालिकाका मूल्यहरू स्पष्ट पढ्न सकिँदैन)

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| काठमाडौं | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |
| वीरगंज | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |
| विराटनगर | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |

RHINO 500D

बिक्री मूल्य रु. प्रति किलोग्राम

| स्थानहरु | राईनो स्टील ८ एम.एम | १०-२० एम.एम | २५ एम.एम | २८-३२ एम.एम |
|---|---|---|---|---|
| काठमाडौं, भक्तपुर, ललितपुर, बनेपा | ९४।५० | ९१।५० | ९४।५० | ९४।५० |
| सिमरा, वीरगञ्ज, कलैया, हेटौंडा | ९२।०० | ८९।०० | ९२।०० | ९२।०० |
| मलंगवा, जनकपुर, नारायणघाट | ९३।५० | ९०।५० | ९३।५० | ९३।५० |
| लाहान, विराटनगर, धरान, इटहरी, बुटवल, भैरहवा, कृष्णनगर | ९३।५० | ९०।५० | ९३।५० | ९३।५० |
| विर्तामोड, दमक, नेपालगञ्ज, धनगढी | ९४।५० | ९१।५० | ९४।५० | ९४।५० |
| पोखरा, स्याङ्जा | ९४।५० | ९१।५० | ९४।५० | ९४।५० |

नोट: उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के. जी. अन्तःशुल्क र १३% मु.अ.कर थप लाग्नेछ।

नेपालमा पहिलो पटक, नेपालकै लागि

## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

२०७५ साउन ३, जुलाई १९, २०१८

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको


| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रूपियाँ १०० को रू. | १६०।०० | १६०।०० |
| अमेरिकी डलर १ का रू. | १०९।५० | ११०।१० |
| युरो १ को रू. | १२७।२१ | १२७।९० |
| पाउन्ड स्टर्लिङ १ को रू. | १४२।६६ | १४३।४४ |
| स्विस फ्रन्क १ को रू. | १०९।४८ | ११०।०८ |
| अस्ट्रेलियन डलर १ को रू. | ८०।५५ | ८०।९९ |
| क्यानाडियन डलर १ को रू. | ८२।६९ | ८३।१४ |
| सिङ्गापुर डलर १ को रू. | ८०।०३ | ८०।४७ |
| जापानी यन १० को रू. | ९।६९ | ९।७४ |
| चिनियाँ युआन १ को रू. | १६।२९ | १६।३८ |
| साउदी अरब रियाल १ को रू. | २९।२० | २९।३६ |
| कतारी रियाल १ को रू. | ३०।०७ | ३०।२४ |

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| थाई भाट १ को रू. | ३।२८ | ३।३० |
| सं. अरब इमिरट दिराम १ को रू. | २९।८१ | २९।९७ |
| मलसियन रिङ्गिट १ को रू. | २६।९८ | २७।१२ |
| दक्षिण कारियन वन १०० को रू. | ९।६६ | ९।७१ |

**खरिद दर**

| | खरिद दर |
|---|---|
| स्विडिस क्रोनर १ का रू. | १२।३५ |
| डेनिस क्रानर १ का रू. | १७।०६ |
| हङकङ डलर १ का रू. | १३।९५ |

**नोट** : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।




## उपत्यकाका एकीकृत फोहोरमैला व्यवस्थापन परियोजना स्वीकृत

नेपाल समाचारपत्र

काठमाडौं

लगानी बोर्डको ३१औं बोर्ड बैठकबाट उपत्यकाका एकीकृत फोहरमैला व्यवस्थापन परियोजनाअन्तर्गत पहिलो प्याकेजको कार्यान्वयनका लागि विकासकर्ता कम्पनी नेपवेस्ट कम्पनी प्राइभेट लिमिटेडसँग वार्ता सम्पन्न भई तयार भएको परियोजना विकास सम्झौतालाई स्वीकृत गरेको छ। यस प्याकेजअन्तर्गत काठमाडौं महानगरपालिकालगायत दक्षिणकाली, चन्द्रागिरी, नागार्जुन, तारकेश्वर, टोखा, बुढानीलकण्ठ, गोकर्णेश्वर, कागेश्वरी मनोहरा तथा शंकरापुर गरी १० वटा नगरपालिका समेटिएका छन्। साथै पश्चिम सेती आयोजनाको सिघ्र कार्यान्वयनका लागि लगानी बोर्डको कार्यालयलाई अर्थ मन्त्रालय र उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयसँग समन्वय गरी परियोजनाका सम्बन्धमा विकासकर्ता चाइना थ्री गोर्जेज इन्टरनेसनल कर्पोरेसन (सीटीजीआई) सँग छलफल गरी दुई महिनाभित्र निष्कर्षमा पुग्न निर्देशन गरेको छ।

बैठकले नेपालमा सौर्य उर्जा उत्पादन तथा व्यवस्थापन परियोजनाका लागि डोल्मा फन्ड मेनेजमेन्टलाई २० करोड अमेरिकी डलरबराबरको वैदेशिक लगानी स्वीकृत गर्ने निर्णय गरेको छ। साथै लगानी बोर्ड ऐन, २०६८ लाई समयसापेक्ष बनाउन लगानी बोर्डको कार्यालयले तयार पारेको संशोधन प्रस्तावलाई परिमार्जन गरी प्रक्रिया अगाडि बढाउन प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालयका सचिवको संयोजकत्वमा सम्बन्धित निकायका प्रतिनिधिहरू रहने गरी कार्यदल गठन गर्ने निर्णयसमेत गरेको छ।

बैंठकमा लगानी बोर्डका अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओली, बोर्डका उपाध्यक्ष तथा अर्थमन्त्री डा. युवराज खतिवडा, बोर्डका प्रमुख कार्यकारी अधिकृत महाप्रसाद अधिकारी, सदश्य, प्रदेश नंम्बर ३ का मुख्यमन्त्री डोरमणि पौडेल, नेपाल राष्ट्र बैंकका गभर्नर डा. चिरञ्जीवी नेपाल, बोर्डमा प्रतिनिधित्व गर्ने सदश्यहरूका साथै सम्बन्धित मन्त्रालयका सचिवहरूको उपस्थिति रहेको थियो।

## आइक्यानद्वारा सिटिजन्स पुरस्कृत

नेपाल समाचारपत्र

काडमाडौं




सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडलाई द इन्स्टिच्युट अफर चार्टड अकाउन्टेन्टस् अफ् नेपाल (आईक्यान) द्वारा आयोजित कार्यक्रममा 'वेस्ट प्रिजेन्टेड एनुअल रिपोर्ट अवार्ड (बीपीए) २०१७' बाट पुरस्कृत गरिएको छ।

यो पुरस्कार आइक्यानद्वारा आफ्नो वार्षिकोत्सवको उपलक्ष्यमा हरेक वर्ष सहभागी बैंकका वार्षिक लेखा प्रतिवेदनलाई संस्थागत सुशासन, बैंकको उद्देश्य, जोखिम व्यवस्थापन, गन्तव्यको लेखा विवरण तथा लेखासम्बन्धी टिप्पणी तथा अन्य सूचकका आधारमा मूल्यांकन गरी उत्कृष्ट वार्षिक लेखा प्रतिवेदनलाई दिइने पुरस्कार हो। यस अगावै पनि बैंकको वार्षिक प्रतिवेदनलाई 'बेस्ट प्रिजेन्टेड एनुअल रिपोर्ट २०१५', साउथ एसियन फेडेरेसन अफ् अकाउन्टेन्टस् (साफा) द्वारा बंगलादेशमा आयोजित 'साफा बेस्ट प्रिजेन्टेड एनुअल रिपोर्ट अवार्ड २०१५' समारोहमा बैंकले 'सार्क एनिभर्सरी अवार्ड फर कर्पोरेट गभर्नेन्स', र 'प्राइभेट सेक्टर बैंक (सहकारीसहित) 'सर्टिफिकेट अफ् मेरिट' प्राप्त गरेको थियो। बैंकले आगामी दिनमा पनि उत्कृष्ट वार्षिक प्रतिवेदन प्रकाशन गर्ने तथा संस्थागत सुशासनलाई थप पारदर्शी र प्रभावकारी बनाउने प्रतिवद्धता व्यक्त गरेको छ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले आफ्ना ७८ वटा शाखा, ७० वटा एटीएम. र ९९ वटा शाखारहित बैंकिङ एकाइहरूबाट बैंकिङ सेवाहरू प्रदान गर्दै आएको छ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड
को

**ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरिएको ३५ (पैतीस) दिने सूचना**

प्रकाशित मिति: २०७५/०४/०३

तपसिलमा उल्लेखित ऋणीहरुले यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडबाट सिटिजन्स क्रेडिट कार्ड कर्जा लिई उपभोग गरेको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा वापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले यथाशिघ्र बैंकमा सम्पर्क गरी आफुले उपभोग गरेको ऋणकर्जा सुविधा वापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।
यो सूचना प्रकाशित भएको मितिले ३५(पैतीस) दिन भित्रमा पनि ऋणकर्जा सुविधा वापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ अन्तर्गत ऋण असुली कारवाही गरिने र प्रचलित नियम बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ।
साथै तपसिलमा उल्लेखित जमानीकर्ताले स्वयम् बैंकमा उपस्थित भई जमानीको कागज गरिदिनु भएको हुँदा यहाँ जमानीकर्ताले पनि उपरोक्त व्यवहोरा अवगत गरी सूचनाको म्याद भित्र बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन अनुरोध गरिन्छ। अन्यथा बैंकको लेना रकम असुल उपर गर्नुका साथै तहाँलाई समेत कर्जा सूचना केन्द्र लिमिटेडमा नियमानुसार कालोसूचीमा समावेश गरिने व्यवहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**तपसिल**

१. कर्जा शिर्षक : सिटिजन्स क्रेडिट कार्ड कर्जा
ऋणीको नाम : सुनिल कुमार प्रसाद सिन्हा
बाबु : लक्ष्मी नारायण महतो
बाजे : राम बिकास महतो
ठेगाना : रौतहट जिल्ला मठिया-८
ना.प्र.नं. : १२२ (रौतहट)



२. कर्जा शिर्षक : सिटिजन्स क्रेडिट कार्ड कर्जा
ऋणीको नाम : युकेश देवकोटा
बाबु : देवराज देवकोटा
बाजे : योगहरी देवकोटा
ठेगाना : छतीवन-८, मकवानपुर
ना.प्र.नं. : ३११००५/८४४९७ (मकवानपुर)



३. कर्जा शिर्षक : सिटिजन्स क्रेडिट कार्ड कर्जा
ऋणीको नाम : पवन न्यौपाने
बाबु : देवमणि न्यौपाने
बाजे : नरेन्द्र प्रसाद न्यौपाने
ठेगाना : उर्लाबारी-७, मोरङ
ना.प्र.नं. : ११४९९/३०२५ (मोरङ)



जमानीकर्ताको नाम र ठेगाना
नाम : सरिता न्यौपाने
बाबु : तिलक बहादुर बस्नेत
पति : पवन न्यौपाने
ठेगाना : उर्लाबारी-७, मोरङ
ना.प्र.नं. : ०५२००६/२८६४५ (मोरङ)



Citizens Bank International Ltd.
सिटिजन्स बैंक इन्टरनेसनल लि.
YOUR PARTNER FOR PROGRESS
मुख्य कार्यालय:
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल, फोन: ९७७ १ ४४२७८४२/४३/२४, फ्याक्स: ९७७ १ ४४२७०४४
इमेल: info@ctznbank.com, SWIFT: CTZNNPKA

## बुधबार पनि नेप्से ओरालो

काठमाडौं, (नेस)

नेपाल स्टक एक्सचेञ्ज नेप्से परिसूचक निरन्तर ओरालो लाग्ने क्रममा छ। बुधबार ५ दशमलव ५४ अंकले घटेर शेयर बजार १ हजार १ सय ९८ दशलमव ७७ अंकमा कायम भएको छ। बुधबार दिनभरिमा १ सय ३९ वटा कम्पनीको ४ लाख ७७ हजार ६ सय ८७ कित्ता शेयर २ हजार ३ सय ५ पटक खरिदबिक्री हुँदा १७ करोड ५३ लाख ७७ हजार ६ सय ८७ रुपियाँबराबरको मात्रै कारोबार भएको छ।

बुधबार वित्त समूहबाहेक अन्य सबै समूहको उपसूचक घटेको छ। वित्त समूहको परिसूचक शुन्य दशमलव ७६ अंकले बढेको छ। सबैभन्दा धेरै जीवन बीमा कम्पनीको उपसूचक ६७ दशमलव ६५ अंकले घटेको छ।

त्यसै गरी, निर्जीवन बीमा कम्पनीको उपसूचक ६१ दशमलव ६१ अंकले घटेको छ। बैंकिङ समूहको उपसूचक २ दशमलव ४७ अंकले, व्यापार समूहको उपसूचक २ दशमलव ४७ अंकले, विकास बैंक समूहको उपसूचक ९ दशमलव ७२ अंकले, जलविद्युत् समूहको उपसूचक १४ दशमलव ४१ अंकले, उत्पादनमूलक समूहको उपसूचक २ दशमलव शुन्य ४ अंकले, अन्य समूहको उपसूचक १ दशमलव ३८ अंकले, र लघुवित्त समूहको उपसूचक १५ दशमलव ९२ अंकले घटेको छ।

बुधबार सबैभन्दा धेरै नबिल बैंकको २ करोड ५६ लाख ८४ हजार रुपियाँबराबरको शेयर कारोबार भएको छ। जम्मा २८ वटा कम्पनीका शेयरधनीले कमाउँदा सबैभन्दा धेरै नेसनल हाइड्रोपावर कम्पनीका लगानीकर्ताले प्रतिकित्ता ४ दशमलव ७१ प्रतिशतका दरले कमाएका छन्। सबैभन्दा धेरै गुमाउनेमा भने नयाँ नेपाल लघुवित्तका शेयरधनीले प्रतिकित्ता ६ दशमलव ६६ प्रतिशतका दरले गुमाएका छन्।

२०७५, साउन
बिहीबार
३

अर्थ

## ६४ प्रतिशत रोपाइं सकियो

असारसम्ममा मुलुकभर ६४ दशमलव शुन्य ८ प्रतिशत मात्र रोपाई सम्पन्न भएको छ। कृषि प्रसार निर्देशनालयका अनुसार उच्च पहाडी जिल्लाहरूमा ६३ दशलमव ०५ प्रतिशत, मध्य पहाडी जिल्लामा ६६ दशमलव ०० प्रतिशत र तराईका जिल्लामा ६३ दशमलव शुन्य २ प्रतिशत रोपाई सम्पन्न भएको छ। निर्देशनालयका अनुसार मुलुकभर करिब १५ लाख ५२ हजार ५ सय हेक्टर क्षेत्रफल जमिनमा वर्षे धान रोपाईं हुने गरेको छ। गत वर्ष यस अवधिसम्ममा करिब आधा जमिनमा मात्र रोपाईं सम्पन्न भएको थियो।







# अगस्टमा नेपालले ऐतिहासिक वान डे खेल्ने

काठमाडौं, (नेस)

गत जिम्बावेमा भएको आईसीसी विश्वकप क्रिकेट छनोट प्रतियोगितामा पपुवा न्युगिनीलाई हराएर नेपालले अन्तर्राष्ट्रिय वान डे मान्यता पाएको थियो। नेपालसँगै नेदरल्यान्डस्ले सोही प्रतियोगितामा वान डे मान्यता प्राप्त गरेको छ। बिहीबार लन्डनतिर प्रस्थान गर्ने नेपाली राष्ट्रिय क्रिकेट टोलीलाई हिजो बिदाई गरिएको थियो। नेपालले आगामी अगस्ट १ र ३ मा नेदरल्यान्डससँग ऐतिहासिक वान डे अन्तर्राष्ट्रिय सिरिज खेल्नेछ।

यसअघि नेपालले लर्डस्मा एमसीसी र नेदरल्यान्डस्सँग ट्राइ सिरिज टी २० क्रिकेट खेल्नेछ। त्यस्तै नेपाल र नेदरल्यान्डस्ले टी २० अन्तर्राष्ट्रिय मान्यता प्राप्त खेल खेल्नेछन्। ऐतिहासिक वान डे अन्तर्राष्ट्रिय खेल्ने नेपाली भाग्यमानी क्रिकेट टोली यसप्रकारको छः

पारस खड्का (कप्तान), ज्ञानेन्द्र मल्ल (उपकप्तान), अनिलकुमार साह, वसन्त रेग्मी, दीपेन्द्रसिंह ऐरी, करण केसी, ललित भण्डारी, आरिफ शेख, ललित नारायण राजवंशी, रोहितकुमार पौडेल, सन्दीप लामिछाने, शक्ति गौचन, सरद भेषवाकर, सोमपाल कामी, सुवास खकुरेल (विकेटकिपर)।

तस्वीरहरुः अनिल आङ्देम्बे, काठमाडौं

# शक्तिले अन्तर्राष्ट्रिय करियर समाप्त गर्दै

नेपाल समाचारपत्र

काठमाडौं



लामो समयदेखि नेपाली क्रिकेटलाई योगदान दिँदै आएका नेपालका उत्कृष्ट बलर शक्ति गौचनले अन्तर्राष्ट्रिय करियर समाप्त गर्ने घोषणा गरेका छन्।

बुधबार नेपाली राष्ट्रिय क्रिकेट टोलीको लन्डन यात्राको बिदाई कार्यक्रममा शक्तिले सो यात्रा अन्तिम हुने बताएका हुन्। इंग्ल्यान्ड र नेदरल्यान्ड्सको भ्रमणमा नेपाली टोलीले पहिलोपटक अन्तर्राष्ट्रिय वान डे खेल्न लाएको छ। जसको हिस्सा स्पिनर शक्ति पनि हुनेछन्। नेपाली टोली आज बिहान लन्डनतिर जाने कार्यक्रम रहेको छ।

यो अन्तर्राष्ट्रिय भ्रमण अन्तिम हुने तर घरेलु मैदानमा एक प्रतियोगितामा खेलेर सन्यास लिने चाहना शक्तिले बताएका छन्। घरेलु मैदानमा घरेलु दर्शकको साथमा उनको बिदाई सानदार होस् भन्ने पनि उनको चाहना छ।

उनले बताए- 'यो घोषणाले म खुसी र दुखीसँगै भएको छु। पहिलो एकदिवसीय अन्तर्राष्ट्रिय खेल खेलेर विदा हुँदै छु। यो समय सही पनि हो। जब कि यो भ्रमण मेरो करियरको अन्तिम हुनेछ। तर नेपाली समर्थककै अघि खेलेर सन्यास लिनु कुनै पनि खेलाडीका लागि त्यो क्षण स्मरणीय हुनेमा मेरो विश्वास छ। मैले सबैको सल्लाहमै सन्यासको घोषणा गरेको हुँ।'

करिब डेढ दशक क्रिकेटमा लागेर कयौं उतारचढाव देखेका शक्तिले अन्तर्राष्ट्रिय वान डे खेल्ने चाहना पुरा हुन लागेकोमा खुसी समेत व्यक्त गरे। उनले भने-

'मलाई नेपालको जर्सी लगाएर वान डे खेल्ने रहर थियो। जुन पुरा हुँदै छ। यसमा म ज्यादै खुसी छु।'

३५ वर्षीय शक्तिले सन् २००२ मा नेपाली राष्ट्रिय टोलीबाट डेब्यु गरेका हुन्। उनले पहिलो खेल एसीसी ट्रफीमा ओमानविरुद्ध खेलेका थिए। उनले लिस्ट ए मा २३ खेल खेलेर १८ विकेट लिएका छन्। टी २० मा ३० खेलबाट ३१ विकेट हात पारेका शक्तिले बैशाखमा भएको धनगढी प्रिमियर लिगमा रूपन्देही टोलीका कप्तान भएका थिए।

राष्ट्रिय टोलीमा डेब्यु गर्नुअघि गौचनले यू-१७ टोलीको कप्तानी र यू-१९ टोलीबाट खेलेका थिए। गौचन नेपाली टिमबाट १ हजार रन पुरा गर्ने पहिलो नेपाली खेलाडी हुन्। उनी अन्तर्राष्ट्रिय क्रिकेटमा ह्याट्रिक लिने पहिलो र अन्तर्राष्ट्रिय खेलमा शतक प्रहार गर्ने दोस्रो नेपाली खेलाडी हुन्।



## नेपालको खेल तालिका

**अभ्यास खेलहरु**

जुलाई २१
नेपाल विरुद्ध हग (५० ओभर)

जुलाई २३
नेपाल विरुद्ध सेन्ट क्रस (टी२०)

जुलाई २५
नेपाल विरुद्ध इस्ट लन्डन इलेभेन (५० ओभर)

जुलाई २६
नेपाल विरुद्ध इस्ट लन्डन सार्कस्. (टी २०)

**एमसीसी त्रिकोणीय सिरिज**

जुलाई २९
नेपाल, एमसीसी र नेदरल्यान्डस् लर्डस मैदानमा खेल्ने

**पहिलो अन्तर्राष्ट्रिय वान डे**

अगस्ट १ मा नेपाल विरुद्ध नेदरल्यान्डस् (एमस्टीलभीन मैदान)

**दोस्रो अन्तर्राष्ट्रिय वान डे**

अगस्ट ३ मा नेपाल विरुद्ध नेदरल्यान्डस्




## धरहरा

### चर्चा र शंका



डेढ दुई महिनाभन्दा बढी समय विश्व फुटबलमय बन्यो, महाकुम्भका कारण जताततै खेलाडी र जर्सीको चर्चा छायो। त्यो मामिलामा नेपाल निकै अब्बल देखियो, शहर बजारमा जर्सीको व्यापार उच्च भयो। फुटबल समापन भएसँगै जर्सीको चर्चा सेलाएको छ।

तर शहरमा चर्चा मार्सीको छ, केसीको छ, इन्टरनेटमा अन्त:शुल्कको चर्चा झनै बेसी छ। मार्सी अर्थात् मार्सी चामल। यो चामलको विजनेस ह्वात्तै बढ्या छ, कम्रेड ओली र प्रचण्डले मार्सी चामलको विज्ञापनमा मोडलिङ गरेपछि मार्केट नबढ्ने कुरै भएन। मार्सी चिकित्सा क्षेत्रको घुस हो, त्यसमा मोडलिङ गर्ने पात्रहरू उपयुक्त भएनन् भन्दै खुलेर विरोध गर्ने डा. केसी झनै चर्चामा छन्। मार्सीको उद्गम थलो (जुम्ला)मा उनी आमरण अनसनमा छन्।

अनि चर्चाको अर्को विषय हो, सरकारले बढाएको इन्टरनेट अन्तशुल्क। सरकार 'मुखमा रामराम बगलीमा छुरा' शैलीमा प्रस्तुत भएसी चर्चा नहुने कुरै भएन। गत चुनावताका 'फ्री वाईफाई', 'फ्री इन्टरनेट'को नारा अघि सार्‍या तत्कालीन वामगठबन्धन अहिले सरकारमा छ। तर विगतको प्रतिवद्धता चटक्कै बिर्सिएर इन्टरनेट शुल्क बढाइएको छ।

त्यसैले कम्रेड ओलीको बोली, प्रचण्डसँगको उनको दोस्ती निकै शंकास्पद बन्न थाल्या छ। स्वयं नेकपाका कार्यकर्ता दुवै कम्रेड अनि अन्य शीर्ष नेताहरूसँग सम्बन्ध खै के खै के भन्न थाल्या देख्दा धरहरा निकै छक्क पर्‍या छ।

# साग भव्यताका साथ सम्पन्न गर्न छलफल

काठमाडौं, (नेस)

राष्ट्रिय खेलकुद परिषद् (राखेप) ले नेपालले आयोजनाको जिम्मेवारी पाएको १३ औं दक्षिण एसियाली खेलकुद (साग) भव्य र सफलतापूर्वक सम्पन्न गर्न विभिन्न खेल संघका प्रतिनिधिहरूसंग छलफल गरी सुझाव संकलन गरेको छ।

युवा तथा खेलकुद मन्त्री जगतबहादुर सुनार (विश्वकर्मा) को उपस्थितिमा त्रिपुरेश्वरस्थित राखेपमा भएको छलफल कार्यक्रममा सांसद एवं नेपाल ओलम्पिक कमिटी (एनओसी) का अध्यक्ष जीवनराम श्रेष्ठ, खेलकुद मन्त्रालयका सचिव मोहनप्रकाश सापकोटा, राखेपका सदस्य-सचिव केशवकुमार विष्ट, तालिम तथा प्रशिक्षण विभागका निर्देशक रिम रानाभाट, नेपाल खेलकुद विज्ञान प्रतिष्ठान (सान) का निर्देशक नवीन उप्रेती, राष्ट्रिय टिम तयारीका निर्देशक अर्जुन विक, सागमा समावेश हुने सम्भावित विभिन्न २५ खेलका राष्ट्रिय संघका प्रतिनिधि र प्रमुख प्रशिक्षकलगायतको उपस्थिति रहेको थियो।

कार्यक्रममा मन्त्री विश्वकर्माले १३औं साग राष्ट्रको प्रतिष्ठासंग जोडिएको विषय भएकाले यसलाई सफल पार्न सम्बन्धित सबै पक्ष गम्भीर हुनुपर्नेमा जोड दिँदै पदकको सम्भावनालाई ध्यान दिएर सोहीअनुसारको तयारी आवश्यक रहेको बताए।

# बजाज खडक वारियर्स विजेता

कृष्णउदास खनाल, वीरगन्ज

प्रथम मेयर कप सप्तरी प्रिमियर लिग प्रतियोगिताको उपाधि बजाज खडक वारियर्सले जितेको छ।

सप्तरी पब्लिक विन्देश्वरी स्कुल क्रिकेट मैदानमा सम्पन्न फाइनलमा ४ विकेटको जित दर्ता गर्दै वारियर्सले उपाधि आफ्नो पक्षमा पारेको हो। उपाधिसहित बजाज खडक वारियर्सले ट्रफीसहित १ लाख ५१ हजार रुपियाँ हात पार्यो भने उपविजेता बोदे बर्साइन थन्डर्सले ट्रफी र ८१ हजार रुपियाँमा चित्त बुझायो।

प्रतियोगिताको उत्कृष्ट खेलाडी बिजेता टिमका कप्तान बिबेक यादव, उत्कृष्ट बलर बोदे बर्साइनका नन्दन यादव, उत्कृष्ट ब्याट्सम्यान तिलाठी कोइलाडीका मेहबुब आलम घोषित भए भने उदयमान खेलाडी तिलाठी कोइलाडीका राहुल मण्डल घोषित भए। उत्कृष्ट खेलाडी यादवले रु. १५ हजार तथा उत्कृष्ट ब्याट्सम्यान र बलरले रु. १० हजार प्राप्त गरे। बिजेता खेलाडीहरूलाई राजविराज नगरपालिकाका मेयर शम्भुप्रसाद यादवले पुरस्कृत गर्नुभयो।

फाइनलमा टस हारेर ब्याटिंग गरेको बोदे बर्साइन थन्डर्सले निर्धारित २० ओभरमा ८ विकेट गुमाएर १ सय २७ रन बनाएको थियो। टिमका लागि कप्तान सिद्धान्त लोहनीले सर्वाधिक ३५ रन बनाए। उनले २९ बलमा ३ चौका र २ छक्का प्रहार गरे। यस्तै रोहित सिंहले २७, श्रवण यादवले १९, सन्दिप ढुंगानाले १६ रन बनाए। खडक वारियर्सका बलर उपेन्द्र रोय, बिबेक यादव र हरिशंकर शाहले समान २/२ विकेट हात पारे। १ सय २८ रनको लक्ष्य खडक वारियर्सले १९.१ ओभरमा ६ विकेट गुमाएर भेटायो।

वारियर्सको जितमा पुष्प थापाले सर्वाधिक ४२ रनको इनिंग खेल्दै जितमा अहज योगदान दिए। म्यान अफ द म्याचसमेत चुनिएका उनले ३२ बलमा ६ चौका र १ छक्का प्रहार गरे। ४८ रनको योगफलमा ४ विकेट गुमाएको अवस्थामा ब्याटिंग गर्न आएका थापाले पाचौं विकेटका लागि आशिष झासंग २२ रन तथा छैठौं विकेटका लागि फिर्दोश अन्सारीसँग ५० रनको साझेदारी गर्दै जितको आधार तयार गरेका थिए।

फिर्दोश अन्सारीले अविजित २५ रन बनाए। यस अघि प्रशान्त राई १६, हरिशंकर शाह, हसिम अन्सारी ७ तथा बिबेक यादव १६ रनमा आउट भएका थिए। बोदे बर्साइनका बलर नन्दन झा र श्रवण यादवले २-२ विकेट हात पारे।




# सद्भावना दूतमा पारस र प्रतिभा

नेपाल समाचारपत्र

काठमाडौं

सेन्चुरी कमर्सियल बैंकले नेपाली राष्ट्रिय क्रिकेट टोलीका कप्तान पारस खड्का र भलिबलकी उत्कृष्ट महिला खेलाडी प्रतिभा मालीलाई सद्भावना दूत घोषणा गरेको छ।

बुधबार भएको एक कार्यक्रममा सेन्चुरी बैंकका प्रमुख कार्यकारी अधिकृत तुलसीराम गौतम, सहायक कार्यकारी अधिकृत जीवन भट्टराई, मार्केटिङ प्रमुख रञ्जन खड्कालगायतको उपस्थिति रहेको कार्यक्रममा पारस खड्कालाई ब्याट र प्रतिभा मालीलाई बल हस्तान्तरण गरेर औपचारिक सद्भावना दूत घोषणा गरियो।

सेन्चुरी बैंकले दुबै खेलाडीलाई एक वर्षको सम्झौता गरेको जनाएको छ। नेपालकै कान्छो बैंक सेन्चुरीले नेपालका दुई सुपर स्टारहरूलाई आबद्ध गराउन पाउँदा लोकप्रियता तथा व्यावसायिक अभिवृद्धिमा मद्दत पुग्ने जनाएको छ।

एक दिवशीय मान्यता पाएपछि पहिलो खेल खेल्न बिहीबार इंग्ल्यान्ड जान लागेका पारस खड्काले सेन्चुरी बैंकले खेल क्षेत्र रोजिएकोमा धन्यवाद प्रकट गरे। 'खेलकुद विकासमा व्यावसायिक प्रतिष्ठानको ठूलो महत्व हुन्छ। सेन्चुरी बैंकको साथ पाएको छु, अब हुने खेलमा सेन्चुरी हान्न सकुँ।' -पारसले भने।

नेपाली भलिबलमा उत्कृष्ट प्रदर्शन गर्दै आएकी प्रतिभा मालीले बैंकको प्रमोसनका लागि सक्दो सहयोग गर्ने प्रतिक्रिया दिइन्। 'सेन्चुरी बैंकको यो कार्यले आउँदो पुस्तालाई समेत प्रेरित गर्छ।' -प्रतिभाले भनिन्।



तस्वीरः मोनिका मल्ल, काठमाडौं

कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ